# परिच्छेदः एक

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **तेजेश्वरबाबु ग्वंगःका नेपाली निबन्धमा सांस्कृतिक पक्षको अध्ययन** रहेको छ ।

## २.१ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पारिएको हो ।

## १.३. विषयपरिचय

तेजेश्वरबाबु ग्वंगः कवि, निबन्धकार, समालोचक, गीतकार, समाजसेवी, धार्मिक, व्यक्तित्वका साथै बहुमुखी व्यक्ति प्रतिभा हुन् । ग्वंगः ले नेपाली साहित्यका विभिन्न क्षेत्रमा अनवरतरूपमा कलम चलाइरहेको पाइन्छ । यिनका निबन्धहरू प्रायः सांस्कृतिक पक्षमा रचना गरिएका छन् । नेपाली सामाजिक परम्परामा प्रचलित विभिन्न धर्मसँग सम्बद्ध सांस्कृतिक पक्षलाई निबन्धात्मक प्रस्तुतिद्वारा तयार पारिएको निबन्धकार ग्वंगः को एकमात्र निबन्धसङ्ग्रह **संस्कृतिका आयाम** का निबन्धहरूलाई संस्कृतिमा प्रचलित देवदेवीलाई चिनाउने प्रयास गरिएको निबन्धसङ्ग्रह **संस्कृतिका आयाम** मा जम्मा ग्वंगः का ३६ वटा निबन्धहरू समावेश गरिएका छन् । नेपालमा प्रचलित हिन्दू र बौद्ध धर्मलाई उजागर गरिएका ती निबन्धहरूको अध्ययन र तत्सम्बन्धी देवीदेवता र सांस्कृतिक परम्पराका स्वरूपलाई यो शोधपत्रमा विश्लेषण गरिएको छ । नेपाली निबन्ध परम्परामा गरिमामय स्थान ओगट्न सफल ती निबन्धहरू अधिकतम नेपाली परिवेशमा लेखिएका छन् । नेपाली सांस्कृतिक परम्परालाई चिनाउने मुख्य उद्देश्य राखेर निर्माण गरिएको यस सङ्ग्रहभित्रका निबन्ध सम्पूर्ण नेपाल र नेपालीहरूका सांस्कृतिक विभिन्नतालाई चिनाउन केही हदसम्म सफल भएका छन् । ग्वंगः का सांस्कृतिक आयामको विभिन्न समस्या त्यसको छनोट, अध्ययन, विश्लेषण र मूल्याङ्कन यस शोधपत्रमा प्रमुख रूपमा उठाइएको छ ।

## १.४ समस्याकथन

वि.सं. १९९२ कार्तिक कृष्ण द्वादशीका दिन भक्तपुर जिल्लाको बज्रखाल खौमामा जन्मी वि.सं. २०१० देखि नेपाली साहित्यमा कलम चलाउन थालेका साहित्यकार तेजेश्वरबाबु ग्वंगः मूलतः नेपाली साहित्यका एक उत्कृष्ट निबन्धकार हुन् । २०१० सालमा **प्रेम** शीर्षकको निबन्ध **परोपकार** पत्रिकामा प्रकाशित गरी साहित्य-यात्रा थालेका तेजेश्वरबाबुको जीवनी, व्यक्तित्वका विषयमा अध्ययन गरिएको पाइए पनि संस्कृतिविद्का रूपमा परिचित ग्वंगःका निबन्धभित्र सांस्कृतिक पक्षको अध्ययन हुन सकेको देखिँदैन । उनले कविता पनि लेखेका छन्, तापनि निबन्धका तुलनामा ती अल्पसङ्ख्यामै रहेका छन् । उनका निबन्धहरू तीन ओटा भाषामा छन्: नेपाली, नेवारी र अङ्ग्रेजी । नेपालीमा उनको एउटा मात्र **संस्कृतिका आयाम** सङ्ग्रह प्रकाशित भएको र अन्य असङ्ख्य फुटकर निबन्धहरू रहेका छन् । यहाँ उनको **संस्कृतिका आयाम** सङ्ग्रहभित्र रहेका निबन्धहरूको सांस्कृतिक पक्षको अध्ययन गरिएको छ । उनका नेवारी र अङ्ग्रेजीका भाषाका निबन्धहरूको अध्ययन गर्ने अभिभारा नेवारी र अङ्ग्रेजीका स्नातकोत्तर तहका विद्यार्थीहरूको हो । यसरी तेजेश्वरबाबु ग्वंगःका नेपाली निबन्धहरूको सांस्कृतिक पक्षको अध्ययनमा केन्द्रित यस शोधपत्रमा निम्नलिखित समस्यामा आबद्ध रहेर शोधकार्य सम्पन्न गरिएको छ :

क) निबन्धको सैद्धान्तिक स्वरूप कस्तो रहेको छ ?

ख) नेपाली निबन्धको विकास-प्रक्रिया के कसरी अगाडि बढेको छ ?

ग) तेजेश्वरबाबु ग्वंगः को जीवनी र व्यक्तित्वका केकस्ता पक्षहरू रहेका छन् ?

घ) तेजेश्वरबाबु ग्वंगः का निबन्धहरूमा संस्कृतिका कुनकुन पक्षहरू समेटिएका छन् ?

## १.५ शोधकार्यको उद्देश्यः

तेजेश्वरबाबु ग्वंगः का नेपाली निबन्धहरूको सांस्कृतिक पक्षको अध्ययन समस्यामा केन्द्रित रहेको यस शोधपत्रमा निम्नलिखित उद्देश्य राखेर शोधकार्य गरिएको छः

क) निबन्धको सैद्धान्तिक स्वरूप देखाउनु,

ख) नेपाली निबन्धको विकासप्रक्रियाको चर्चा गर्नु,

ग) तेजेश्वरबाबु ग्वंगः को जीवनी र व्यक्तित्वलाई देखाउनु,

घ) तेजेश्वरबाबु ग्वंगः का निबन्धहरूमा रहेका संस्कृतिका विभिन्न पक्षहरूको विश्लेषण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

वि.सं. २०१० मा **परोपकार** पत्रिकामा **प्रेम** शीर्षकमा निबन्ध प्रकाशित गरेर साहित्ययात्राको थालनी गर्ने तेजेश्वरबाबु ग्वंगः को हालसम्म **संस्कृतिका आयाम** (२०५२) निबन्धसङ्ग्रह र अनेकौं पत्र-पत्रिकामा फुटकर नेपाली निबन्धहरू प्रकाशनमा आइसकेकाले उनी नेपाली साहित्यका एक मूर्धन्य निबन्धकारका रूपमा सुपरिचित भइसकेका छन्, तापनि उनको ५५ वर्षको यस साहित्ययात्राको र निबन्धभित्र सांस्कृतिक पक्षको अध्ययन र विश्लेषण ठोस रूपमा भएको पाइँदैन । उनका बारेमा त्यति धेरै चर्चा-परिचर्चा र अध्ययन विश्लेषण गरेका सामग्रीहरू पनि पाइँदैनन् । उनका बारेमा केही लेखक, पत्रकार, साहित्येतिहासकार, साहित्यकार परिचय प्रस्तोता सङ्कलक-सम्पादक आदिद्वारा प्रसङ्गवश प्रस्तुत गरेका सामग्रीहरू यहाँ पूर्वकार्यका विवरणका रूपमा कालक्रमिक ढङ्गले निम्नानुसार प्रस्तुत गरिएको छ ।

१ तारानाथ शर्माले **नेपाली साहित्यको इतिहास** (२०२७) मा सरल र आकर्षक शैलीमा निबन्ध लेख्ने निबन्धकारका रूपमा तेजेश्वरबाबु ग्वंगःलाई चिनाएका छन् ।

२. राजेन्द्र सुवेदीले **स्रष्टा-सृष्टिः द्रष्टा-दृष्टि** (२०४३) मा ग्वंगः लाई **संस्कृतिका आयाम** (२०५२) सङ्ग्रहलगायत निबन्धका माध्यमबाट सांस्कृतिक भावना व्यक्त गर्ने र हास्यव्यङ्ग्यमूलक प्रवृत्ति अङ्गालेर निबन्ध सिर्जना गर्ने निबन्धकारका रूपमा चिनाउँदै उनका दुईओटा हास्यव्यङ्ग्यात्मक निबन्धहरूको नाम उल्लेख गरेका छन् ।

३. भैरव अर्याल (सम्पादक) ले **साझा निबन्ध** (२०४३) मा भूमिका लेखनका क्रममा तेजेश्वरबाबु ग्वंगःलाई हास्यव्यङ्ग्यात्मक निबन्धहरू लेखनमा संलग्न रहिरहेका निबन्धकारहरूमध्येका एक प्रतिभा मानेका छन् ।

४ जयदेव भट्टराई (सङ्कलक-सम्पादक) ले **साहित्यकार परिचय र अभिव्यक्ति** (२०५४) मा ग्वंगः को जीवनीका विभिन्न पक्षको चिनारी दिँदै उनले समातेका साहित्यसाधनाको मूल विधा निबन्ध भएकाले विभिन्न पत्रपत्रिकाहरूमा उनका निबन्ध, लेख आदि प्रकाशित भएको कुरा उल्लेख छन् ।

५. देवीप्रसाद गौतम र खगेन्द्रप्रसाद लुइटेलले **नेपाली निबन्ध** (२०५४) आधुनिक नेपाली निबन्धको तेस्रो चरण (२०१७) मा निबन्धलेखनमा क्रियाशील अनेकौं निबन्धकारहरूका लहरमा देखापरेका निबन्धकारका रूपमा तेजेश्वरबाबु ग्वंगः लाई चिनाएका छन् ।

६. घटराज भट्टराई **नेपाली लेखक कोश** (२०५६) मा **सांस्कृतिक आयाम** नामक निबन्धसङ्ग्रह प्रकाशित गर्ने साहित्यकार तेजेश्वरबाबु ग्वंगःलाई निबन्धकारका रूपमा बढी चर्चित भएका प्रतिभा भनेका छन् ।

७. कृष्णविलास पौड्यालले **नेपाली हास्यव्यङ्ग्य र आख्यानकार विश्वेश्वरप्रसाद कोइराला** (२०५८) मा निजात्मक ढङ्गमा कलात्मक व्यङ्ग्य प्रस्तुत गर्ने निबन्धकारका पङ्क्तिमा राखेर तेजेश्वरबाबु ग्वंगःको निबन्धकार व्यक्तित्वको परिचय दिएका छन् ।

८. विष्णु प्रभातले **एघारौँ अवतार (२०५८**) मा नेपाली साहित्यका विविध विधाका सिर्जना र साधनामा हास्यव्यङ्ग्य शैली अँगालेर आफ्नो परिचय दिने लेखकहरूको ताँतीमा उभ्याई तेजेश्वरबाबु ग्वंगःको चिनारी गराएका छन् ।

९. उपेन्द्र के.सी. ले "भाषा साहित्य र संस्कृतिका साधक तेजेश्वर बाबु ग्वंगः "शीर्षकमा **छलफल** साप्ताहिक : २०५९ वैशाख ८ पत्रिकामा अन्य व्यक्तिहरूले गरेका भन्दा बढी मात्रमा विमर्श गरी ग्वंग : का जीवनी, घरपरिवार, दृष्टिकोण , पेसा वा व्यवसाय लेखन - पठन प्रकाशित पुस्तक तथा फुटकर रचनाहरूको नालीबेली विस्तारमा प्रस्तुत गरेका छन् । यस क्रममा भाषा साहित्यसेवी एवम् संस्कृतिविद्का रूपमा उभिएर नेपाली र नेवारी भाषामा हास्यव्यङ्ग्य कविता,निबन्ध लेख आदि र अङ्ग्रेजी भाषामा समेत लेख -निबन्ध समीक्षा आदि लेख्ने एक विशिष्ट प्रतिभाका रूपमा ग्वंगः लाई चिनाइएको छ । उनका रचनाहरू चिन्तन - दर्शन, संस्कृति, समाज, शिक्षण- प्रशिक्षण, प्रशासन-सुशासन र हास्यव्यङ्ग्यमा आधारित विषयसँग सम्बद्ध हुन्छन् अनि तिनले व्यापक मानवीय मूल्य, मान्यता र भाषा-साहित्य संस्कृतिप्रतिका संवेदनशील पक्षलाई छरितो शैलीमा प्रकट गरेका हुन्छन् । ग्वंग : को जीवन उनको व्यक्तित्व र भाषा-साहित्य संस्कृतिको सेवाका मूलभूत पक्षको जानकारी दिन उक्त लेखले ग्वंगः लाई चिनाउन निकै मद्दत गरेको छ ।

माथिका तेजेश्वरबाबु ग्वंगः लाई चिनाउने फाट्टफुट्ट चर्चा, परिचय लेख आदिले उनका बारेमा शोधकार्य उत्प्रेरित गरेका छन्, तापनि ग्वंगः जस्ता राष्ट्रिय स्तरका लेखक, निबन्धकार, साहित्यकार पर्याप्त छैनन् । अतः यस शोधपत्रमा ग्वंगः का नेपाली निबन्धभित्र सांस्कृतिक पक्षको समग्र अध्ययन र विश्लेषण गर्ने लक्ष्य राखिएको छ ।

## १.७ शोधकार्यको औचित्य

नेपाली भाषासाहित्यको सेवामा झन्डै पचपन्न वर्षअगिदेखि निरन्तर साधनमा संलग्न तेजेश्वरबाबु ग्वंगः नेपाली साहित्यका एक राष्ट्रिय प्रतिभा हुन् । आफ्नै विशेषता र मौलिकताकासाथ देखिएर नेपाली साहित्यमा नौलो प्रवृत्तिसमेत अँगाल्ने उनका सांस्कृतिक निबन्धहरू नेपाल राष्ट्रको सेवामा समर्पित छन् । सांस्कृतिक विम्ब र प्रतीकको आकर्षक एवम् रसपूर्ण व्याख्या गर्ने निबन्धकार तेजेश्वरबाबु ग्वंगः का निबन्धभित्रका सांस्कृतिक पक्षको अध्ययन विश्लेषण गर्नु भनेको नेपालका विशिष्ट साहित्यसेवीलाई राष्ट्रिय स्तरमै परिचित गराएर सम्मान गर्ने महत्त्वपूर्ण अवसर पाउनु हो । त्यसैले यस शोधपत्रको औचित्य र महत्त्व स्वतः स्पष्ट छ । ग्वंगःका निबन्धभित्र प्राप्त सांस्कृतिक पक्षको सूक्ष्म एवम् विस्तृत अध्ययन गरेर उनलाई परिचित गराउनु नेपाली साहित्यको अध्ययन परम्पराको एउटा महत्त्वपूर्ण पक्ष हुँदै हो ।

## १.८ शोधकार्यको सीमाङ्कन

निबन्धकार तेजेश्वरबाबु ग्वंगः समसामयिक आधुनिक निबन्धका क्षेत्रमा पूर्ण परिचित नाम हो । वि.सं. २०१० बाटै निबन्धलेखनमा हात हालेका तेजेश्वरबाबु ग्वंगः ले वि.सं. २०३६ पछिको निबन्धयात्रामा आफूलाई सशक्तताका साथ उभ्याएका छन् । संस्कृतिभित्रका अनेकानेक विषयलाई निबन्धमा समाती त्यसको उत्पत्तिको कथा, विकास, परम्परा तथा प्रथालाई पहिल्याउने काम उनले गरेका छन् । हाम्रो सभ्यता र प्राचीन आचारलाई जीवन्त राख्न यसलाई निरन्तरता दिने संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्नुपर्ने विचार उनका निबन्धमा पाइन्छ । संस्कृतिभित्रका मूल्यहरूका अनेकतामा भावनात्मक एकता कायम राखी सहिष्णु जीवनव्यवहार सञ्चालन गर्न उनका निबन्धले सिकाएका छन् । उनी संस्कृतिभित्रका रहस्यहरूलाई तथ्यपरक ढङ्गमा पहिल्याउने प्रयत्न गर्दछन् र यसमा सफलतासमेत प्राप्त गर्दछन् । यसैले सांस्कृतिक निबन्धहरूको सिर्जना गर्ने सर्जकका उनी अब्बल दर्जामा रहन पुगेका छन् ।

तेजेश्रबाबु ग्वंगः ले संस्कृतिदेखि बाहेकका अन्य विषयवस्तुलाई समेत निबन्धमा अटाएका छन् । राजनीतिक, सामाजिक, आर्थिक आदि पक्षमा देखिने विसङ्गतिका धर्सालाई हटाउने प्रयत्नस्वरूप उनले हास्यव्यङ्ग्यात्मक शैली अपनाएर निबन्ध लेखेका छन् तर उनी संस्कृतिविद्कै रूपमा आफ्ना निबन्धमार्फत बढी मात्रामा चिनिएकाले सांस्कृतिक पक्षसँग सम्बन्धित निबन्धहरूको मात्र यहाँ अध्ययन गरिएको छ । यसैले संस्कृतिइतरका विषयवस्तु समेटिएका निबन्धको अध्ययन नगर्नु यस शोधपत्रको सीमा रहेको छ । यसैगरी ग्वंगः ले सांस्कृतिक विषयलाई बढी प्राथमिकता दिई **संस्कृतिका आयाम** (२०५२) नामक कृति प्रकाशित गरिसकेका छन् । यस सङ्ग्रहका निबन्धले संस्कृतिका प्रायः सबै आयामलाई देखाएका छन् । उनलाई संस्कृतिका ज्ञाताका रूपमा सफलता हासिल गराउन यो कृति महत्त्वपूर्ण बनेको छ । यसैले यही कृतिमा मात्र केन्द्रित रही अन्य फुटकर निबन्धहरूलाई विश्लेषणको आधार नबनाउनु पनि यस शोधपत्रको सीमा रहेको छ । ग्वंगः ले नेपालीबाहेक नेवारी र अङ्ग्रेजी भाषामा समेत निबन्ध रचना गरेका छन् । यस्ता निबन्धमा पनि संस्कृतिका आधार खोतल्ने प्रयास गरिएको छ, तर उनका नेपाली निबन्धभित्रका सांस्कृतिक मान्यतालाई मात्र पर्गेल्ने प्रयत्न गरिएकाले अन्य भाषामा रचित निबन्धहरूलाई विश्लेषणको आधार नबनाउनु पनि यस शोधपत्रको सीमा रहेको छ ।

## १.९. शोधविधि

यस शोधकार्यका लागि अँगालिने सामग्री सङ्कलन विधिमा मुख्यतः पुस्तकालयीय र क्षेत्रीय अध्ययनका साथै प्रश्नावली पद्धति  पनि अँगालिएको छ । शोधनायकसँगको अन्तर्वार्ता पद्धतिको पनि प्रयोग गरिएको छ । यसरी नै विभिन्न कृतिहरूमा सांस्कृतिक पक्षको अध्ययन भएका विविध सामग्रीहरूको पनि प्रयोग गरिएको छ । यसका साथै आवश्यकताअनुसार ऐतिहासिक, विवरणात्मक, वर्णनात्मक पद्धतिको पनि प्रयोग गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

यस शोधपत्रलाई निम्नालिखित परिच्छेद र शीर्षकमा विभाजन गरी पूर्णता दिइएको छ ।

परिच्छेद एक : शोधपरिचय
परिच्छेद दुई : निबन्धको सैद्धान्तिक स्वरूप
परिच्छेद तीन : नेपाली निबन्धको विकासक्रम
परिच्छेद चार : तेजेश्वरबाबु ग्वंगः को जीवनी र व्यक्तित्व
परिच्छेद पाँच : तेजेश्वरबाबु ग्वंगः का नेपाली निबन्धभित्र सांस्कृतिक पक्षको अध्ययन
पच्छिेद छ : उपसंहार

# द्वितीय परिच्छेद

# निबन्धको सैद्धान्तिक स्वरूप

## २.१ निबन्धको अवधारणा

साहित्यका श्रव्य र दृश्य गरी दुई भेद छन् । श्रव्यअन्तर्गतका दुई हाँगा पद्य र गद्य हुन् । पद्यमा कविता पर्दछ भने कथा, उपन्यास र निबन्ध गद्यमा पर्दछन् ।

साहित्यका सिर्जनात्मक विधामध्ये लोकप्रिय विधाका रूपमा रहेको निबन्ध निजात्मक र लघु आकृतिको हुन्छ । अन्य साहित्यिक विधाका गुणहरू समाहित हुने निबन्ध साहित्यिक र साहित्येत्तर दुवै हुन्छन् । निबन्ध ललित र सौन्दर्यपरक हुन्छन । यो रागात्मक र अनुभूतिमा, कल्पनाप्रधान निजात्मक र विशिष्ट भाषिक कलामा आधारित हुन्छ । साहित्येत्तर निबन्ध ज्ञान र विज्ञानका क्षेत्रमा अधारित प्रविधिपरक हुन्छ । यो वस्तुगत ज्ञानमा आधारित न्यून कलात्मक, परात्मक, निर्वैयक्तिक र सामान्य भाषिक कलामा आधारित हुन्छ ।[1]

### २.१.१ निबन्धको पूर्वीय दृष्टिकोण

‘निबन्ध’ संस्कृतबाट तत्सम शब्दका रूपमा नेपालीमा आएको शब्द हो । ‘नि’ उपसर्ग रहने ‘बन्ध’ धातुमा ‘घञ’ प्रत्यय लागेर निबन्ध शब्दको निर्माण भएको छ । ‘नि’ उपसर्ग रहने ‘बन्ध’ धातुमा ‘अच्’ प्रत्यय लगाएर पनि निबन्ध शब्दको निर्माण भएको पाइन्छ ।[2] यसको व्युत्पत्तिगत अर्थ 'निबन्धनानीति' निबन्ध भन्ने हुन्छ । यसरी हेर्दा निबन्ध शब्दको अर्थ कुनै वस्तुलाई राम्ररी बाँध्नु भन्ने हुन्छ ।

पूर्वीय साहित्यमा निबन्ध शब्दको प्रयोग निकै पुरानो देखिन्छ । कृष्णले अर्जुनलाई उपदेश दिने क्रममा आत्मालाई सांसारिक मायाजालबाट बाँधेर राख्ने आसुरी सम्पत्तिका रूपमा निबन्ध शब्दको प्रयोग गरेका छन् ।[3] यसको अर्थ बाँध्नु भन्ने बुझिन्छ । त्यसपछि आठौँ शताब्दीमा निबन्ध शब्दको प्रयोग अर्थटीका, व्याख्या, भाष्य आदि अर्थमा गरेको

---

[1] राजेन्द्र सुवेदी, ‘आधुनिक नेपाली निबन्ध शिक्षण’ **वाङ्मय** (वर्ष १० पूर्णाङ्क १० २०५७/२०५८), पृ. ८।

[2] राजेन्द्र सुवेदी, **स्रष्टा-सृष्टि : द्रष्टा-दृष्टि**, प्र.सं. (ललितपुर : साझा प्रकाशन, २०४३), पृ. ६ ।

[3] ऐजन ।

पाइन्छ ।[4] संस्कृतिका कोशकार आप्टेयले बाँध्नु, कस्नु, नियन्त्रण गर्नु आदि निबन्धका एघार अर्थ लगाएका छन् ।[5]

पूर्वीय साहित्यमा निबन्ध शब्दको प्रयोग निकै अगाडिदेखि भएको पाइन्छ, तर यी सबै अर्थले निबन्धलाई पूर्ण रूपमा समेट्न सकेका छैनन् । निबन्ध शब्दको यी विविध प्रयोगलाई हेर्दा शब्दको अर्थमा केही परिवर्तन हुँदै आएको देखिन्छ । निबन्ध शब्दको सम्पूर्ण प्रयोगलाई हेरी व्यापक अर्थमा अर्थ्याउन खोज्दा पूर्वीय सन्दर्भमा निबन्ध शब्दको अर्थ कुनै विषयविशेषलाई कुनै सीमामा बाँध्नु भन्ने हुन्छ । आजको निबन्धको प्रयोग संस्कृत साहित्यकलामा भएको पाइँदैन ।[6] विश्वसाहित्यमा आधुनिक कालको सुरूवात भएपछि मात्र निबन्ध साहित्यिक विधाका रूपमा स्थापित भएको हो । तसर्थ निबन्धको स्वरूपलाई बुझ्न निबन्धसम्बन्धी पाश्चात्य चिन्तन प्रक्रियालाई हेर्नु उपयुक्त हुन्छ ।

### २.१.२ पाश्चात्य दृष्टिकोण

अङ्ग्रेजीमा निबन्धलाई एस्से (Essay) भनिन्छ । यो फ्रान्सेली शब्दको एसाई (Essai) बाट आएको हो । यसको अर्थ प्रयास वा प्रयत्न हुन्छ ।[7] पाश्चात्य साहित्यमा निबन्ध शब्दको प्रयोग गर्ने प्रथम फ्रान्सेली साहित्यकार मोन्तेन हुन् । सोह्रौँ शताब्दीको अन्त्यतिर उनले आफ्ना रचनाहरूलाई इसाइ (Essai) भन्ने नाम दिएका थिए, जसको अर्थ प्रयास हुन्छ ।[8] उनले निबन्धका नाममा छुट्टै टिप्पणी त गरेका छैनन् तापनि निबन्धलाई आत्मा प्रतिपादन र अहम्ताको अभिव्यक्ति भनेका छन् । मोन्तेँनले आफ्ना रचनामा आफूलाई विषयवस्तु बनाएर प्रस्तुत गरेका छन् । म नै मेरो निबन्धको विषयवस्तु हुँ ।[9] त्यसैलाई निबन्धमा प्रकट गरिन्छ भन्ने धारणा प्रकट गरेका छन् ।

फ्रान्सिस बेकन निबन्धलाई वस्तुपरक ढङ्गबाट चिनाउँदै विकीर्ण चिन्तनको समग्र प्रस्तुतीकरण निबन्ध हो,[10] भन्दछन् । यसरी पहिलो पटक तयार भएको परिभाषाबाट के कुरा स्पष्ट हुन्छ भने निबन्ध स्रष्टाका आत्मा प्रष्फुटन त्यसको सिर्जनात्मक प्राप्तिको क्रिया र प्रत्यक्ष हृदयको उद्गार हो ।[11] पश्चिमी साहित्यमा यसका नामहरू विभिन्न रूपमा प्रचलित

---

[4] ऐजन ।
[5] वामन शिवराम आप्टे, **'सांस्कृतिक हिन्दी कोश'**,दो.सं (वनारसः मोतीलाल वनारसीदास, १०६९), पृ. ५२७ ।
[6] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. ७ ।
[7] खगेन्द्रप्रसाद लुइटेल र देवीप्रसाद गौतम, **नेपाली निबन्ध** (काठमाडौँ : नवीन प्रकाशन, २०५५), पृ.१ ।
[8] राजेन्द्र सुवेदी, पूर्ववत् पृ. ७ ।
[9] मोहन हिमांशु थापा, **साहित्य परिचय** दो.सं.(ललितपुर : साझा प्रकाशन २०४२), पृ. १८० ।
[10] राजेन्द्र सुवेदी, पूर्ववत् पृ. १७ ।
[11] ऐजन पृ. ८ ।

छन् । तर परिभाषित अर्थ भने एकै किसिमका छन् । ग्रिसेली भाषामा निबन्धलाई एसेज (Essias) भनिन्थ्यो । यसको अर्थ हुन्छ प्रयास गर्ने यसलाई फ्रान्समा मोन्तेंनले एस्से (Essay) नाम दिएर आफ्ना रचनाहरूको सङ्कलन गरे । यसको अर्थ भावनालाई स्वतन्त्र र निर्वाध रूपमा प्रकट गर्ने प्रयास गर्नु, यसरी हेर्दा आजको निबन्ध पाश्चात्य साहित्यको देन हो भन्न सकिन्छ ।

यसरी यिनीहरूका निबन्धले स्पष्ट रूपमा निबन्धको भेद देखाए र मोन्तेँन आत्मपरक निबन्धकारका रूपमा देखापरे भने बेकन वस्तुपरक निबन्धकारका रूपमा देखापरे । पाश्चात्य साहित्यमा यिनै दुई मान्यतालाई स्वीकार गरी निबन्ध सिर्जना अघि बढेको पाइन्छ ।

पूर्वीय संस्कृत साहित्यमा निबन्ध शब्दको प्रयोग हुँदै आए पनि त्यसले साहित्यका विशिष्ट गद्य विधालाई बुझाउन सकेको देखिँदैन तर पाश्चात्य एस्से (Essay) शब्दले आरम्भकालदेखि साहित्यिक रचनाकै अर्थ बहन गरेर व्यापक अर्थमा गद्य विधाविशेषलाई समेट्दै आएको छ । यसर्थ नेपाली निबन्ध शब्दको अर्थ पूर्वी व्युत्पत्तिमूलक अर्थभन्दा पाश्चात्य एस्से (Essay) सँग निकै निकट रहेको देखिन्छ । एस्सेको समानार्थी शब्दका रूपमा नेपालीमा निबन्ध शब्द प्रचलित भएको छ ।

यसरी फ्रान्सबाट सुरू भएको निबन्धले विस्तारै विश्वमा आफ्नो प्रभाव कायम गरेको छ । यसको विकास तथा विस्तारका क्रममा विभिन्न क्षेत्रमा देखापरेका निबन्धकारहरूका निबन्धात्मक मान्यता र प्रयोगका आधारमा निबन्धको आधुनिक र वास्ताविक स्वरूप ठम्याउन सकिन्छ ।

### २.१.३ निबन्धका विभिन्न परिभाषा

मोन्तेँन र बेकनबाट सोह्रौं शताब्दीको अन्त्यतिर निबन्धका आत्मपरक र वस्तुपरक गरी दुई मान्यता तय भएपछि यिनै मान्यतालाई स्वीकारेर साहित्यका चार मूल विधाहरूमध्ये एउटा विधा निबन्ध हो । निबन्ध हुनका निम्ति के के कुरा आवश्यक पर्दछन् भने निबन्धकारहरूले यसलाई अघि बढाउने क्रममा निबन्धलाई आ-आफ्नो पाराले परिभाषित गरेको पाइन्छ । तीमध्ये केही विद्वान्का मतहरूलाई निम्नानुसार यहाँ चर्चा गरिन्छ ।

मोन्तेँन

निबन्धका प्रथम सर्जक मोन्तैंनको भनाई यस्तो देखिन्छ । मेरो इच्छा हुन्छ निबन्धमा विना आडम्बर सहज र साधरण तरिकाले म स्वयम् रूपायित होउँ । त्यसमा कुनै पनि किसिमको वाक्पटुता वा कलात्मकता सजाउन चाहन्न । मेरो निबन्धको विषय म नै हुँ ।[12] मोन्तेनको यस परिभाषाबाट के स्पष्ट हुन्छ भने सिर्जनात्मक विधा निबन्धमा अतिरञ्जनात्मक वा आडम्बरीपनाको प्रभाव नभएर सहजताको प्रस्तुति रहेको पाइन्छ । निबन्धकारले निबन्धको विषयवस्तु चयन गर्दा नजिकबाट यिनको विषयको मात्र चयन गर्नु पर्दछ । माथिका परिभाषाबाट निबन्धकारले कुनै पनि विषयवस्तुमाथि आएका भावनाहरूको सहज प्रस्तुति नै निबन्ध हुने कुरामा जोड दिएको पाइन्छ । निबन्धलेखन सामान्य र दार्शनिक दुवै व्यक्तिबाट सिर्जना हुन सक्दछ ।

बेकन

अङ्ग्रेजी साहित्यका पहिला निबन्धका र तथा निबन्ध सिद्धान्तबारे चिन्तक बेकनले निबन्ध एउटा छरिएको चिन्तन हो ।[13] यस परिभाषाबाट निबन्धकारले कुनै पनि विषयमा चिन्तन गर्दै चिन्तन गरिएका विषयवस्तु शृङ्खलित रूपमा आएको हुँदैनन् । यी आधारमा बेकनले भन्दा भिन्न पाडित्यपूर्ण विषयकेन्द्री परात्मकताजस्ता कुराले निबन्धमा व्यापक स्थान ओगटेको कुरा देखाएका छन् ।

गुलाव राय

बङ्गाली साहित्यकार गुलाव रायले निबन्धलाई सीमित आयतनभित्र कुनै पनि विषयको सजीव सङ्गति र सम्बद्धतापूर्वक निष्कर्ष दिइएको वैयक्तिक प्रतिपादनका रूपमा लिएका छन् ।[14]

नेपाली बृहत् शब्दकोश

कुनै विषयलाई लिएर कलात्मक वा वस्तुगत पाराले गद्यमा लेखिएको छोटो साहित्यिक रचना साहित्यका एक गद्य विधा नै निबन्ध हो ।[15] यस परिभाषाबाट हेर्दा निबन्धको कुनै निश्चित विषय हुन्छ र स्रष्टाले त्यस विषयमा कलात्मक थपेर गद्यमा छोटो

---

12 गोपीकृष्ण शर्मा, **'नेपाली निबन्ध परिचय'** एघारौं संस्करण (काठमाडौँ : रत्न पुस्तक भण्डार, २०५७), पृ. ७ ।
13 राजेन्द्र सुवेदी, (सम्पा.) **स्नातकोत्तर नेपाली निबन्ध,** ते. सं., (काठमाडौँ : पाठ्यसामग्री पसल, २०५६), पृ. ५ ।
14 राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली सङ्क्षिप्त परिचय**, (काठमाडौँ : पूरक प्रकाशन, २०५१), पृ. ६१ ।
15 बालकृष्ण पोखरेल र अन्य (सम्पा) **नेपाली बृहत् शब्दकोश,**( काठमाडौँः ने.रा.प्र.प्र. २०४०), पृ ७३१।

छरितो ढङ्गबाट प्रस्तुत गरिएको साहित्यिक रचनालाई निबन्ध भन्नुपर्ने हुन्छ । जसमा आत्मा प्रबल हुने भएकाले कलात्मकताको मात्रा केही न्यून हुन्छ ।

भैरब अर्याल

प्रसिद्ध हास्यव्यङ्ग्य निबन्धकार भैरब अर्याल निबन्धका बारेमा आफ्ना विचार यसरी व्यक्त गर्दछन् । कुनै विषयमा आफूले जानेको, सोचेको र लागेको कुरा रसिलो पाराले प्रकट गर्ने छरितो गद्य नै निबन्ध हो ।[16]

रामलाल अधिकारी

निबन्ध त्यो काव्य विधा हो जसमा लेखकको व्यक्तित्व पाठकसमक्ष पूर्णतया प्रकाशमान हुन्छ यसमा लेखकले उपेदश नभई आत्मप्रकाशनकै लक्ष्यमा केन्द्रित हुनुपर्दछ ।[17] यस परिभाषालाई विश्लेषण गरेर हेर्दा लेखकको आत्मप्रकाशनकै पक्षमा अगाडि बढेर निबन्ध उपदेशात्मकता नभई लेखकको विचार पक्षलाई बढी प्रस्तुत गरेको हुन्छ । यस परिभाषाले निजात्मक पक्षमा जोड दिएको छ ।

लक्ष्मीप्रसाद देवकोटा

नेपाली आधुनिक निबन्धका सशक्त प्रतिभा लक्ष्मीप्रसाद देवकोटाले निबन्धलाई कुनै दर्शन नभई टेबिल गफ र फुर्सदको मनोरञ्जनका रूपमा लिएका छन् । उनले एउटा रसिलो हाँसिलो गफाडी, चुट्किलो कुराकानी निबन्ध हो भनेका छन् ।[18]

बालचन्द्र शर्मा

बालचन्द्र शर्माले नेपाली शब्दकोशमा निबन्धलाई कुनै विषयमा लेखकले प्रस्तुत गरेको मत, विचार र सिद्धान्त आदिको तुलनात्मक पाडित्यपूर्ण विवेचना गरिएको भावनात्मक लेखका रूपमा लिएका छन् ।[19]

दयाराम श्रेष्ठ र मोहनराज शर्मा

अन्तरङ्ग विचार वा भावना अभिव्यक्ति भएको अथवा बहिरङ्ग वर्णन र विवरण प्रस्तुत भएको समय र स्थानगत सीमाभित्र बाँधिन बाध्य नभए पनि निश्चित प्रकारको

---

[16] निर्मल सापकोटा, **दाडिमको रूखनेरको कृतिपरक अध्ययन** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. २०५६ पृ. ११ ।
[17] राजेन्द्र सुवेदी, सम्पा. **स्नातकोत्तर नेपाली निबन्ध**, पूर्ववत्, पृ. ९ ।
[18] राजेन्द्र सुवेदी, **आधुनिक नेपाली निबन्ध शिक्षण**, पूर्ववत्, पृ. ९ ।
[19] पूर्ववत् पृ. ८ ।

सिलसिला तथा अनुक्रमयुक्त विषय विशेषमा केन्द्रित गद्यात्मक रचनालाई निबन्ध भनिन्छ ।[20] यस परिभाषाले भने अनुसार निबन्ध कुनै स्थान र सीमामा अनुबन्धित हुँदैन तर निश्चित सिलसिलामा कलात्मक रुपमा लेखिएको गद्य नै निबन्ध हो । यसमा आन्तिरिक बाह्य वर्णनले स्थान ओगटेको पाइन्छ ।

यसरी पूर्वीय तथा पाश्चात्य निबन्धकारहरूका निबन्धात्मक मान्यता र प्रयोगलाई नियाल्दा निबन्धको यस्तो पहिचान तयार हुन्छ ।

- मनको कुरा पोख्ने माध्यम,
- सङ्क्षिप्त आयतन भएको गद्य विधा,
- प्रस्तुतिमा स्रष्टाको संवेदना र अनुभूतिमात्र अन्वितीकरण गर्न सक्ने गद्य रचना,
- परमाणुदेखि बृहत्पिण्डसम्म सबै विषयमा लेखिन सक्ने निजात्मक गद्य,
- निरन्तर साधनाबाट सुन्दर र ललित बन्न सक्ने गद्यात्मक रचना,
- विषयवस्तुको जुनसुकै कोण वा बिन्दुबाट आरम्भ भएर जुनसुकै कोण वा बिन्दुमा पुगेर अन्तहुने आदि, मध्य र अन्त्य सुगठित हुने गद्य रचना ।[21]

प्रस्तुत बुँदागत आधारमा कथनहरूका समग्रताबाट निबन्धको परिचय यसरी खुट्याउन सकिन्छ । सुगठित शैलीमा सुव्यवस्थित ढङ्गले विषयको वितरण गरेर कुनै विषयमा आधारित भई लेखिएको लघु आकृतिको रागात्मक एवम् उद्देश्यपूर्ण गद्य रचना निबन्ध हो ।[22]

यसरी आधुनिक निबन्ध आत्मा वा वस्तु चिन्तन गरेर जुनसुकै विषयमा पनि लेख्न सकिने काव्यात्मक गुणले भरिएको सुगठित तथा शृङ्खलित र सम्यक चिन्तनलाई हृदय वा बुद्धिको सन्तुलन गरेर प्रस्तुत गरिएको लघु गद्य रचना हो ।

## २.२ आधुनिक दृष्टिकोणमा निबन्ध

निबन्ध त्यस्तो साहित्यिक रचना हो, जुन एउटा मात्र विषयमा केन्द्रित भएको हुन्छ । यो न लामो न छोटो संरचनामा संरचित भएर लेखकका व्यक्तिगत अनुभव र अनुभूति

---

[20] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** छैटौँ सं. (ललितपुर : साझाप्रकाशन, २०५९), पृ.११५।

[21] राजेन्द्र सुवेदी, **आधुनिक नेपाली निबन्ध शिक्षण,** पूर्ववत् पृ. ८ ।

[22] ऐजन् ।

दृष्टिकोणहरू सहज र स्वाभाविक रूपमा व्यक्त भएका हुन्छन् । जीवनयात्राका क्रममा लेखकले प्राप्त गरेका अनुभवहरू अत्यन्त वैयक्तिकताका साथ व्यक्त गर्दा निबन्धको सिर्जना हुन्छ । आत्मपरक निबन्धमा निबन्धकारले कुनै पनि वस्तुलाई टिप्नसाथ त्यसलाई आफ्ना आत्मपरकमा मुछेर व्यक्त गर्दछ । तसर्थ वैयक्तिक स्वाधीनता आत्मपरक निबन्धको आत्मा हो र यसमा व्यक्तित्व तथा अहम्को प्रबलता रहेको हुन्छ ।[23]रचना विचारहरूका आत्मपरक निबन्धहरूमा स्वतस्फूर्त रूपमा प्रकट भएका हुन्छन् । निबन्ध लेखकको हृदयको मुक्त सङ्गीत हो ।[24] सङ्गीत तत्त्वका अभावमा निबन्ध त्यति प्रभावकारी हुँदैन ।

वस्तुपरक निबन्धहरू कुनै व्यक्ति वस्तु वा स्थानलाई विषयवस्तुका रूपमा लिएर रचना गर्न सकिन्छ । यस्ता निबन्धमा वस्तुको वस्तुता प्रधान रूपमा आएको हुन्छ । निबन्धमा वस्तुको सम्पूर्णता व्यक्त हुने हुनाले निबन्ध पढ्नासाथ त्यसको प्रतिमूर्ति पाठकका मानसिकतामा उपस्थित हुन्छ तर वस्तुपरक निबन्ध जतिसुकै वस्तुप्रधानता भए पनि व्यक्तित्वको छाप रहनेछ नै ।[25] लेखकको निजी धारणा, विचार, स्वभाव र प्रकृतिहरू त्यहाँ व्यक्त हुने भएकाले तिनले निबन्धको रूप लिन पुग्दछ । निबन्धको शैली अत्यन्त वैयक्तिक हुने हुनाले शैलीले निबन्धकारको व्यक्ति परिचय पनि दिन्छ ।

निबन्धको विषय व्यापक हुन्छ । निबन्धकारले जुनसुकै विषयमा पनि निबन्ध लेख्न सक्ने हुनाले विषयको कुनै सीमा छैन ।[26] तर त्यस विषयलाई अभिव्यक्त गर्ने कलाले निबन्धलाई छुट्याउँछ । निबन्धकारले वस्तुको वस्तुतालाई मात्र प्रस्तुत गर्ने प्रयास गरेमा त्यो वस्तुपरक निबन्ध बन्दछ भने त्यसलाई टिप्दै आफ्ना आत्मपरकमा मुछेर आफ्ना जीवनका सुख-दुःख, हाँसो-आँसु, हर्ष-विस्मात व्याख्या गर्न थाल्दा त्यो आत्मपरक बन्न पुग्दछ । निबन्ध एक प्रकारको टेबिल गफ हो ।[27] यो एक प्रकारको कुरा गराइ हो । यस्ता निबन्धमा निबन्धकारले आफूलाई पाठकसामु स्पष्ट रूपमा उपस्थिति गराउँदछ र आफ्ना आत्मपरिचय दिन्छ । आफ्नो मनमा रहेका अनेकौं भावनाहरूलाई व्यक्त गरी निबन्धकार स्वयम् आनन्द लिन चाहन्छ । निबन्धकार कतै गफ शैलीको प्रयोग गर्दै र कतै साउती गर्दै आफू पाठकसँग नजिक हुन चाहन्छ । तर ऊ, केवल आफ्ना कुराहरू पाठकले भनिदियोस्[28]

---

23 जयनाथ 'नलिन' **हिन्दी निबन्धकार,** दो स. (दिल्ली : आत्माराम एन्ड एस), पृ. १ ।

24 afns[iण पोखरेल **कलेजस्तरका निबन्धै निबन्ध** (काठमाडौंः सहयोगी प्रकाशन, २०२७), पृ. ८ ।

25 मोहन हिमांशु थापा, **साहित्य परिचय**, दो. सं. (काठमाडौं : साझा प्रकाशन, २०४२), पृ. १८६ ।

26 नलिन पूर्ववत्, पृ. १३ ।

27 लक्ष्मीप्रसाद देवकोटा, **लक्ष्मी निबन्ध सङ्ग्रह**, ते.सं. (काठमाडौं : साझा प्रकाशन, २०३२), भूमिका पृ. S .

28 नलिन, पूर्ववत्, पृ. ८ ।

भनेर अनेक प्रसङ्ग र सन्दर्भलाई व्याख्यान विधिको माध्यमबाट प्रस्तुत गर्दछ । यही संवेदना र प्रावहले गर्दा पाठकका हृदयमा निबन्धकारले स्थान पाउँछ ।

यस आधारमा निबन्ध वस्तुपरक र आत्मपरक गरी दुई प्रकारका देखिन्छन् । आत्मपरक निबन्धको रचनाका क्रममा निबन्धकारले मूख्य रूपमा वस्तुप्रधानभन्दा पनि वैयक्तिकतालाई स्थान दिएको हुन्छ । आत्मपरक निबन्धमा निबन्धकार आफूलाई सकेसम्म पाठकसामु प्रस्तुत गर्न खोजिरहेको हुन्छ । वस्तुपरक निबन्ध चाहिँ ठोस विषयवस्तुमा आधारित अनि तथ्यपरक हुन्छ ।  यी दुवैको माध्यम गद्य हुन्छ । निबन्धमा वैयक्तिक विचार र अनुभूतिविशेषको गद्यात्मक अभिव्यक्ति हुन्छ ।[29] गद्यमा रागात्मक र रमणीय अर्थ हुनाले आत्मपरक निबन्ध साहित्यिक गुणले युक्त हुन्छ । वस्तुपरक र आत्मपरक निबन्धका दुई प्रकार भएर पनि आत्मपरक निबन्धमा पाइने आनन्द वस्तुपरक निबन्धमा पाइँदैन । आजका सन्दर्भमा निबन्ध शब्दले यही निजात्मक वर्गका गुणहरूलाई सम्झाउने गर्दछ । निबन्ध गद्यमा लेखिएको त्यस्तो साहित्यिक रचना हो, जसमा वैयक्तिक अनुभूति र भावनाहरूलाई औपचारिक शैलीमा सरल र सरस रूपा व्यक्त गरिएको हुन्छ ।

## २.३ आधुनिक निबन्धका तत्त्वहरू

निबन्धले विधागत पूर्णता प्राप्त गर्नका लागि संरचनाका क्रममा निश्चित तत्त्वहरूको अपेक्षा गरेको हुन्छ । यो गतिशील विधा भएकोले हिजोको निबन्ध र आजको निबन्धमा स्वरूपगत भिन्नता देखिएको छ । अतः तत्त्वका बारेका विद्वान्हरूमा मतभिन्नता पाइन्छ । यद्यपि विषयवस्तु ठम्मिन सक्ने शैली, निजी दृष्टिकोणमा, भाव र विचारको प्रतिपादनमा कला प्रबल भएको स्वतन्त्र लेखन एवम् छोटोछरितो गद्यात्मक संरचनाका[30] आधारमा यसका केही विशेष तत्त्वहरू पहिल्याउन सकिन्छ ।

### २.३.१ विषय

विषय भन्नाले निबन्धको शीर्षक हो, जसको सेरोफेरोमा नै निबन्धकारले आफ्ना विचारहरू व्यक्त गर्दछ । निबन्ध एउटा आधारपीठमा खडा हुन्छ र त्यही आधार पीठा निबन्धको विषय बन्दछ ।[31] मानव हृदय र मस्तिष्कले टिपेको जुनसुकै सन्दर्भ पनि निबन्धको विषय हुन सक्छ । विश्वका सूक्ष्म जीवाणुदेखि बृहत् आकृतिसम्मका

[29] मोहनहिमांशु थापा, पूर्ववत्, पृ. १८५ ।
[30] राजेन्द्र सुवेदी, **आधुनिक नेपाली निबन्ध शिक्षण**, पूर्ववत्, पृ. १० ।
[31] खगेन्द्रप्रसाद लुइटेल र देवीप्रसाद गौतम, पूर्ववत्, पृ. ६ ।

प्राणीहरूसम्म, परमाणुदेखि स्थुल ग्रहसम्म र कल्पनाको तरङ्गदेखि यथार्थ क्रियाकलापसम्म व्यापक क्षेत्रमा निबन्धको विषय फैलिएको हुन्छ ।[32]विषयको प्रजनक स्रष्टाका मनमा त्यो वस्तु सञ्चरण गर्न आइपुग्दा कुनै न कुनै घटनाका माध्यमबाट उपस्थित हुन्छ र एउटै विषयमा मात्र केन्द्रित हुनाले निबन्धमा आख्यानात्मक प्रस्तुतिको न्यूनता र यदाकदा शून्यता पनि रहन्छ तर विषयहीन अवस्थामा लेखिँदैन ।[33] त्यसैले भन्न सकिन्छ विषय निबन्धको पहिलो र अपरिहार्य तत्त्व हो ।

### २.३.२ शैली

निबन्धकारले विषयका रूपमा ग्रहण गरेको वस्तुलाई निबन्धको आरम्भदेखि अन्त्यसम्म समुचित ढङ्गले वितरण गरेर सुगठित रूपमा स्थापित गर्ने कलालाई शैली भनिन्छ ।[34] यो निबन्धमा स्रष्टाको आत्मपरक, निजात्मक वैयक्तिक रागका अनुभूतिको संम्बाहकका रूपमा स्थापित हुन्छ ।[35]

### २.३.३ दृष्टिबिन्दु/दृष्टिकोण

दृष्टिबिन्दु स्रष्टाले आफ्ना कुरालाई पाठकसमक्ष कुन रूपमा प्रस्तुत गर्दछ भन्ने कुराको सङ्केत गर्छ । स्रष्टाले आफैँ भन्छ वा कुनै पात्रको माध्यमद्वारा भन्न लगाउँछ भन्ने कुरालाई दृष्टिबिन्दुमा हेरिन्छ । कुनै पनि रचनाभित्र लेखको उपस्थितिको आधारमा दृष्टिबिन्दुको निर्धारण भएको हुन्छ । यदि लेखकको आफूलाई रचनाभित्र नै उपस्थिति गराई प्रस्तुति दिन्छ भने त्यो प्रथम पुरूष दृष्टिबिन्दु हुन्छ । यसो नगरी तटस्थ रही विषयवस्तुका बारेमा आफ्ना अभिव्यक्तिलाई प्रकट गर्दछ भने त्यसलाई तृतीयपुरूष दृष्टिबिन्दु मानिन्छ । यसका अतिरिक्त प्रथम र तृतीयपुरूष दृष्टिबिन्दुका अतिरिक्त निबन्धमा मिश्रित दृष्टिबिन्दुको प्रयोग पनि पाइन्छ ।

## २.४ आधुनिक निबन्धका प्रकार

निबन्धहरू विषय ग्रहण र प्रस्तुतिका आधारमा तीन प्रकारका हुन्छन् :

### २.४.१ आत्मपरक निबन्ध

---

32 राजेन्द्र सुवेदी, **सिर्जनात्मक लेखन : सिद्धान्त र विश्लेषण**, (काठमाडौं : पाठ्य सामग्रीपसल २०५८), पृ. १० ।

33 पूर्ववत्, पृ. १० ।

34 ऐजन पृ. ११ ।

35 राजेन्द्र सुवेदी, **सिर्जनात्मक लेखन : सिद्धान्त र विश्लेषण**, पूर्ववत्, पृ.१९ ।

आत्मप्रकाशित गरिएका निबन्धलाई आत्मपरक निबन्ध भनिन्छ । आत्मपरक निबन्धलाई निजात्मक निबन्ध पनि भनिन्छ । यस किसिमका निबन्धमा व्यक्तिको मुख्य स्थान रहने गर्दछ । यसरी हेर्दा निजात्मक अभिव्यक्ति दिने क्रममा लेखकले कहिले विषयलाई टिपेर आफ्नो विचार र दृष्टिकोण प्रकट गर्दछ । यसरी निबन्धकारका भावना तथा विचार तथा दृष्टिकोण निजात्मक निबन्धमा प्रकट गरिने हुँदा आत्मपरक निबन्धलाई विचारात्मक भावनात्मक र वैयक्तिक गरी तीन भागमा विभाजन गरेको पाइन्छ ।[36]

### (क) विचारात्मक

विचारको प्राधान्यता र बुद्धि पक्षको सम्बर्द्धन भएका यस खालका निबन्धमा चिन्तनको निजात्मकता हुन्छ र सार्वभौम स्वीकृतिको अवस्था आग्रहमा प्रवाहित हुन्छ ।[37] गृहीत विषयलाई सिङ्ग पुच्छर जाँच्दै त्यसका पक्ष-विपक्ष वा सिद्धान्तको आग्रह जस्तो देखिने यस प्रकारका निबन्धमा भाषा साङ्केतिक श्लेषात्मक र सङ्क्षिप्त हुनका साथै समास शैलीको प्रयोग गरिएको हुन्छ ।[38] कला, काव्य, राजनीति, धर्म, दर्शन, विज्ञान, शिक्षा समाजशास्त्र मनोविज्ञानजस्ता विषयहरूका विचारात्मका निबन्धमा उपस्थापन हुन्छ । थोरैमा धेरै भन्नुपर्ने भएकाले प्रत्येक शब्द र वाक्यले एक न एक विचार दिइरहेको हुन्छ ।

### (ख) भावनात्मक

विचार र वैयक्ति अभिव्यक्तिभन्दा भाव पक्ष प्रबल भएको निबन्ध स्रष्टाका भावात्मक निबन्ध हो । यसमा विशेष गरी हृदयको आग्रह हुन्छ । भावनात्मक निबन्धमा जीवनभोगाइका आशा-निराशा, प्रेम, करूणा परोपकार देशभक्तिजस्ता विषयवस्तुलाई संवेदनात्मक तुल्याई सरल आलङ्कारिक पदावलीमा प्रस्तुत गरिन्छ ।[39] यसमा तर्क र वितर्कको कुनै स्थान हुँदैन, हृदयको उदात्त अनुभूतिहरू तीव्र भावना र चरम भावुकता भावात्मक निबन्धमा पाइन्छ यस खालका निबन्धमा स्रष्टाका भावना प्रबल रहेको हुन्छ । भावनात्मक संम्वेगको गतिमा विषयवस्तु तरङ्गित हुन्छ लेखकको निजात्मक भावनामा प्रवाहित हुन्छ । वस्तुगत यथार्थ विचारात्मक निबन्धमा जस्तो विषयको तहमा नरही भावनाको तहमा पुगेर तरल र संसिक्त बनेको हुन्छ ।[40] स्रष्टाका भावुक र स्वतन्त्र हृदयको आत्म निवेदन प्रकट हुनु यस प्रकारका

---

[36] राजेन्द्र सुवेदी, **आधुनिक नेपाली शिक्षण**, पूर्ववत्, पृ. ११ ।
[37] राजेन्द्र सुवेदी, **सिर्जनात्मक लेखन : सिद्धान्त र विश्लेषण**, पूर्ववत्, पृ. ६३ ।
[38] मोहन हिमांशु, पूर्ववत्, पृ. १९० ।
[39] केशवप्रसाद उपाध्याय, **साहित्यप्रकाश,** पाँ.स. (ललितपुर : साझा प्रकाशन, २०४९), पृ. २०६ ।
[40] राजेन्द्र सुवेदी, **सिर्जनात्मक लेखन : सिद्धान्त र विश्लेषण**, पूर्ववत्, पृ. ६४ ।

निबन्धको निजी धर्म हो । यस्ता निबन्धको सौन्दर्य उसको काव्यात्मक प्रवाहमा रहेको हुन्छ। यही काव्यात्मकताले गर्दा भावनात्मक निबन्ध गद्यात्मक पद्य झैँ लाग्दछ । कल्पना र भावनाका सन्तुलनले यस्ता निबन्धहरू काव्यको नजिक देखिन्छन् । भावनात्मक निबन्धको आन्तरिक सङ्गठन स्वतः स्फूर्त रूपमा सङ्गीतको निर्वाह गर्ने भएको हुन्छ ।[41] यस्ता निबन्धको भाषा शैली सरल, सरस र आलाङ्कारिक हुनका साथै अभिव्यक्तिमा चमत्कार पाइन्छ । यसमा निबन्धकार कल्पनामा डुबेर निजी अनुभूति र कल्पना प्रकट गरिएको हुन्छ ।

(ग) **वैयक्तिक**

वैयक्तिक निबन्ध निजात्मक निबन्धको महत्त्वपूर्ण भेद हो । यसलाई आत्मपरक निबन्ध पनि भनिन्छ । निबन्धकारले आफ्ना भावनाहरूलाई निजी स्वरूप दिएर रचना गर्दा वैयक्तिक निबन्धको सिर्जना हुन्छ । यस खालका निबन्धमा स्रष्टाका व्यक्तिगत चिन्तन र दृष्टि प्रबल रहेको हुन्छ । व्यक्तिगत निर्णयका आधारमा यथार्थलाई आफैं निष्कर्षमा उभ्याएर आफ्नै अभिमत सिद्ध गर्ने प्रयत्न गरेको हुन्छ ।[42] यस्ता निबन्धमा निबन्धकार एउटै कथा वाचक झैँ देखिन्छ । वस्तुलाई ग्रहण गर्दै त्यसलाई आफ्ना आत्मरागमा मुछेर जीवनका सुख, दुःख हाँसो आँसु, हर्ष-विस्मात र भाव व्यक्त गर्नु वैयक्तिक निबन्धको मूल पहिचान हो । यस्ता निबन्धमा कथात्मक शैली अँगालिएको हुन्छ ।

## २.४.२ वस्तुपरक निबन्ध

निजात्मक निबन्धको सम्बन्ध हृदय, बुद्धि र भावपक्षसँग बढी रहेको हुन्छ भने वस्तुपरक निबन्धको सम्बन्ध विषयवस्तुसँग बढी हुन्छ । त्यसैले वस्तुपरक निबन्धलाई परात्मक निबन्ध वस्तुपरक  वा विषयपरक निबन्ध भनिन्छ । परात्मक निबन्ध विषयप्रधान निबन्ध हो । कुनै खास विषयमा केन्द्रित भई त्यसका सम्बन्धमा वस्तुगत तथ्याङ्क, प्रमाण तर्क आदि अघि सारेर ठोस किसिमको बौद्धिक भाषाशैलीको प्रयोग गरेर लेखिएका निबन्धलाई वस्तुपरक निबन्ध भनिन्छ ।[43] यसलाई परात्मक पनि भनिन्छ । लेख, प्रलेख, जीवनी, शोधलेख, शोधप्रबन्ध, भूमिका, सन्धिपत्र, सम्पादकीय, प्रतिवेदन, टिप्पणी, अन्तर्वार्ता र आलेख गरी विभिन्न उपविधामा विभक्त हुन सक्ने यस खालका निबन्ध वस्तु र तथ्यमा

[41] मोहन हिमांशु थापा, पूर्ववत्, पृ. १९१ ।
[42] राजेन्द्र सुवेदी, **सिर्जनात्मक लेखन : सिद्धान्त र विश्लेषण**, पूर्ववत्, पृ. ६५ ।
[43] ऐजन पृ. ६५ ।

आधारित हुन्छन् । वस्तुपरक निबन्ध आत्मपरकता गौण र वस्तुपरकक्ता प्रधान हुन्छ ।[44] वस्तु विश्लेषणका क्रममा कतैकतै भाव र कल्पना तत्त्व समेत प्रयोग हुन सक्ने यस खालका निबन्धहरूमा विषय वा वस्तुका बारेमा प्राप्त ज्ञानलाई सरल सुबोध शैलीमा आदिदेखि अन्त्यसम्म क्रमबद्ध व्यवस्थित सङक्षिप्त एवम् मौलिक पाराले प्रस्तुत गरिएको हुन्छ ।

### २.४.३ मिश्रित निबन्ध

विभिन्न साहित्यका विधाहरूको परस्पर मिश्रण भएर निबन्धात्मक अभिव्यक्तिका रूपमा प्रकट भएका रचनालाई मिश्रित निबन्धका रूपमा लिइन्छ ।[45] यसप्रकारका निबन्धमा दैनिकी, पत्र, संस्मरण आत्मजीवनी र यात्रावर्णन आदि पर्दछन् । यस खालका निबन्धहरूमा वस्तुपरकता र आत्मपरकता मिश्रित हुन्छ । मिश्रित निबन्धमा निजात्मकता, परात्मकता, भावनात्मकता र वस्तुगतता, विचारात्मकता, तथ्यात्मकता तथा वैयक्तिकता र व्यक्ति निरपेक्षता मिश्रित हुन्छ ।[46] विभिन्न विधाका मिश्रित स्वरुप निबन्धात्मक रूपमा प्रकट हुने भएकाले यस प्रकारका निबन्ध सरल, सुबोध र व्यञ्जनापूर्ण शैलीका माध्यमबाट घटना वा वृतान्तको कार्यकरण शृङ्लताको प्रस्तुति हुन्छ ।

## २.५ निष्कर्ष

'नि' उपसर्गमा 'घञ्' प्रत्यय लागेर निर्मित 'निबन्ध' संस्कृत तत्सम शब्द हो । यसको शाब्दिक अर्थ राम्ररी बाँध्ने काम भन्ने हुन्छ । पूर्वीय साहित्यमा निबन्धको विधागत प्रयोग नपाइए पनि यसको स्वरूपलाई विभिन्न ग्रन्थहरूमा प्राप्त गर्न सकिन्छ । अर्जुनलाई श्रीकृष्णले दिएको उपदेशमा अनि दण्डीको 'दशकुमार चरित्रम्'जस्ता ग्रन्थमा निबन्धगत स्वरूपको असचेतगत प्रयोग भेटिन्छ ।

'निबन्ध' विधाको वीजारोपरण गर्ने श्रेय पाश्चात्य साहित्यजगत्लाई छ । निबन्ध अङ्ग्रेजी एस्से को नेपाली नाम हो । फ्रान्सेली र बेलायती निबन्धकार क्रमशः मोन्तैं र बेकनले भिन्नाभिन्नै अवधारणका साथ निबन्धलाई सर्वप्रथम भित्राउने काम गरेका छन् । मोन्तैंन आत्मपरक र बेकन वस्तुपरक निबन्धलेखनका फाँटबाट चिनिएका साहित्यकार हुन् । मूलतः निबन्धमा आत्मगत धारणाले प्रश्रय पाउने र यसको प्रयोग मोन्तैंको निबन्धमा पाइने

---

[44] राजेन्द्र सुवेदी, **आधुनिक नेपाली शिक्षण**, पूर्ववत्, पृ. १३ ।

[45] राजेन्द्र सुवेदी, **सिर्जनात्मक लेखन : सिद्धान्त र विश्लेषण**, पूर्ववत्, पृ. ६७ ।

[46] राजेन्द्र सुवेदी, **आधुनिक नेपाली शिक्षण**, पूर्ववत्, पृ. १३ ।

हुँदा उनी नै निबन्धमा प्रमुख प्रयोगकर्ता हुन् भन्न सकिन्छ । यसरी विकास भएको निबन्धले पछिल्लो समयमा बिस्तारै मौलाउने अवसर पाउँदै गएको देखिन्छ ।

निबन्धको आफ्नै स्वरूपगत संरचना हुन्छन् । विषय, शैली, दृष्टिबिन्दुजस्ता उपकरणका माध्यमबाट निबन्ध प्रष्फुटित भएको हुन्छ । आत्मपरक, भावनात्मक, विचारात्मक, वैयक्तिक, वस्तुपरक, मिश्रितजस्ता वर्गीकरणका आधारमा निबन्धलेखनलाई छुट्याउन सकिन्छ । विशेषतः आत्मालापपूर्ण रागात्मक सौन्दर्यलाई अनौपचारिक ढङ्गबाट अभिव्यक्ति दिइने भएकाले आत्मपरक निबन्धहरूलाई नै निबन्धका सच्चा धर्म निर्वाह गर्ने रचना मान्नुपर्छ । अन्य भेदहरूलाई प्रबन्धमा राखेर अध्ययन गर्नु उपयुक्त देखिन्छ ।

# तृतीय परिच्छेद

# नेपाली निबन्धको पृष्ठभूमि र विकास

## ३.१ निबन्धको पृष्ठभूमि

निबन्ध गद्यमा लेखिने साहित्यिक विधा हो । निबन्धको विकास हुनुलाई भाषाको गद्य रूपको विकास हुन आवश्यक हुन्छ । निबन्ध लेखनको पूर्वाधारलाई गद्य लेखनको विकास मानिन्छ । नेपाली भाषाको उद्भव ११ औं शताब्दीमा भयो र अभिलेख, तमसुक, ताम्रपत्र, स्वर्णपत्र, औषधीमूलोका पाठ्यपुस्तकहरू राजकाजको यात्रासम्बन्धी प्रशासन र लेनदेन व्यवहारका सामग्रीहरू पनि निबन्धका पृष्ठभूमिका रूपमा देखिन्छन् । १८३१ पूर्वसम्म नेपाली भाषा अभ्यासमा लागेको देखिन्छ । आधुनिक प्रचलित निबन्धको सुरूवात पाश्चात्य साहित्यमा फ्रान्सेली साहित्यकार मोन्तैँनले सोह्रौं शताब्दीमा गरे तापनि नेपाली निबन्ध साहित्यमा यसले आफ्नो प्रभाव जमाउनु पूर्व गद्य लेखनको चेष्टा भएको पाइन्छ । पृथ्वीनारायण शाहको **दिव्योपदेश** (१८३१) देखि यसले साहित्यको गद्यतर्फ प्रवेश गरेको देखिन्छ । **राजा गगनीराजको यात्रा** (१५५०), **खण्डखाद्य** (१६४८), **ज्वरोत्पति चिकित्सा** (१७७५) **औषधी रसायन** (१८००) आदिलाई निबन्धको पृष्ठभूमि मान्न सकिन्छ ।

## ३.२ नेपाली निबन्धको विकासप्रक्रिया

नेपाली साहित्यको इतिहासमा आजसम्म प्राप्त हुन सकेका नेपाली गद्यका गहनाहरूमा पृथ्वीनारायण शाहको **दिव्योपदेश** (१८३१) नै साहित्यिक गुणले युक्त कृति मान्न सकिन्छ । यस कृतिले नेपाली साहित्यको इतिहासमा समेत नयाँ आयाम थप्ने काम गरेको छ, तसर्थ **दिव्योपदेश** नेपाली गद्य साहित्यको इतिहासमा अमूल्य उपलब्धि हो ।

### ३.२.१ प्राथमिक काल (१८३१-१९५७)

नेपाल राष्ट्रको एकीकरणसँगै नेपाली भाषाले स्थिरता प्राप्त गर्न थाल्यो र क्रमशः विकसित र विस्तारित हुन थाल्यो । यही समयमा पृथ्वीनारायण शाहको **दिव्योपदेश** (१८३१) देखापऱ्यो ।[47] यसमा निजात्मक र वैचारिक ज्ञान र अनुभवको मिलन तथा आाख्यानेतर गद्यमा सङ्गठित जस्ता निबन्धात्मक अभिलक्षण भएकाले यस कृतिबाट प्राथमिक निबन्धको

[47] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास** चौथो सं. (ललितपुर : साझा प्रकाशन, २०४९), पृ.१२८ ।

अभ्युदय भएको मानिन्छ । [48] यसपछि भानुदत्तको **हितोपदेश** (१८३३), शक्तिबल्लभ अर्यालको **हास्यकदम्ब** (१८५५), सुन्दरनान्द बाँडाको **त्रिरत्न सौन्दर्य गाथा** (१९९०), भवानीदत्त पाण्डेको **तत्त्वबोध** (१९९२) आदि खण्डित आख्यान ज्ञान मुक्त र वैचारिकजस्ता निबन्धात्मक गुणले युक्त उल्लेख्य कृतिहरू प्राप्त भए । यस बीचमा सुन्दरनान्द बाँडाको **आध्यात्म रामायण** (१९९०) भवानीदत्त पाण्डेको **आत्मबोध** (१८९३) जस्ता कृतिहरू आए पनि ज्ञान र अनुभवयुक्त यात्रा र अनुभूतिमा समाहित गरिएको आख्यानेत्तर वा निजात्मक युक्त स्वतन्त्र गद्यात्मक कृति जङ्गबहादुरको बेलायत यात्रा (१९०९) निस्कनु भन्दा अगाडिसम्म पनि निबन्धमा उल्लेखनीय कृतिहरू प्रकाशित हुनसकेका देखिँदैनन् ।

पृथ्वीनारायण शाहको **दिव्योपदेश** देखि आरम्भ भएर जङ्गबहादुरको बेलायत यात्रासम्म आउँदा नेपाली साहित्यले साहित्यका कविता र आख्यान एवम् नाटकका अतिरिक्त एउटा छुट्टै गद्यात्मक प्रस्तुतिमा आधारित हुने निबन्धात्मक विधाका लक्षणहरू प्राप्त गरेको छ । तर पनि विधा विभाजनगत कठिनाई देखापर्छ । यो समयमा नेपाली गद्य साहित्यको उठान हुने आधारहरू पाइए पनि अपरिष्कृत भाषा, संरचनाको शिथिलता र आख्यान तत्त्वको अनियन्त्रित प्रयोगले दुर्बल सावित हुन पुगेकाले नेपाली निबन्धको बीजकालका रूपमा नेपाली साहित्यको प्राथमिक काल रहेको छ । [49] पृष्ठभूमिकालमा नेपाली गद्यको जुन रूप तथा प्रकृति रहेको पाइन्छ, त्यससँग नेपाली निबन्धलाई शृङ्खलाबद्ध गर्नु ऐतिहासिक दृष्टिले औचित्यपूर्ण हुन्छ । यिनले माध्यमिककालीन निबन्धको थालनीलाई पूर्वाधार तयार गरेका छन् । यसकासाथै यिनले गद्यको शृङ्खलालाई क्रमिकता दिने काम पनि गरेको छ ।

### ३.२.२ माध्यमिक काल (१९५८-१९९०)

निबन्धको माध्यमिक कालको अभ्युदयका बारेमा विद्वान्हरूमा विविध मतहरू देखिन्छन् । तापनि मोतीराम भट्टको **भानुभक्तको जीवन चरित्र** (१९४८) बाट टिप्पणी र प्रतिक्रिया तथा अभिमत र वैचारिक निष्कर्ष दिने गद्यात्मक रचनाहरू आरम्भ भएका कारण यसै समयलाई माध्यमिक काल मानिएको छ । काठमाडौँबाट प्रकाशित भएको **गोरखापत्र** (१९५८) यसले साहित्य  विकासका लागि ठूलो भूमिका खेलेको छ । यस्तै देशबाहिर पनि विभिन्न पत्रपत्रिकाहरूले साहित्य विकासका लागि **सुन्दरी** (१९६३) **माधवी** (१९६५), **चन्द्र** (१९७१), **जन्मभूमि** (१९६३), **गोरखासंसार**  (१९८३), **नेपाली साहित्य सम्मेलन पत्रिका**

---

[48] राजेन्द्र सुवेदी, **आधुनिक नेपाली निबन्ध शिक्षण**, पूर्ववत्, पृ. १ ।
[49] ऐजन पृ. १८ ।

(१९८९) आदि नेपाली निबन्धको विकासमा योगदान पुऱ्याउने पत्रिकाहरू हुन् । माध्यमिक कालमा भाषा, संस्कृति, जातिगत अस्तित्वलाई आधार बनाएर निबन्धको रचना गरिएको पाइन्छ । यस अवधिका निबन्धलेखनमा सक्रिय देखिने स्रष्टाहरू र तिनका रचनाहरू हुन् - हरिहर आ. दी को 'गोर्खाभाषा दुर्दशा' वीरेन्द्र केशरी अर्यालको 'बेसरी,' राममणि आ.दी को 'कवितारीति' आदि । आ.दी. को 'कवितारीति' निबन्धले मोतीराम भट्टले आरम्भ गरेको समालोचनात्मक निबन्ध लेखनलाई निरन्तरता प्रदान गरेको छ । राममणि आ.दी को 'मातृभाषाकी आवश्यकता' निबन्धले वस्तुपरकशिल्पमा समस्या राख्ने परम्परा आरम्भ गरेको छ ।

यसै क्रममा 'अघि मूर्ख पछि बुद्धिमान' (१९५९), 'निद्रा' (१९६६), 'दूधको गुण अवगुण' (१९६७) 'सुखदुःख' (१९६७), 'शिशु र शिक्षा' (१९६०) जस्ता लेखहरूले माध्यमिककालीन समयको निबन्धको रेखाकोर्न पुगेको देखिन्छ । यसपछि **चन्द्र** (१९७१) **गोर्खाली** (१९७२) जस्ता पत्रिकाको प्रकाशनले निबन्ध विकासमा महत्त्वपूर्ण आयाम थपेको देखिन्छ । **चन्द्र** पत्रिकामा सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान आदिका निबन्धहरू प्रकाशित भएका छन् भने गोर्खालीमा सूर्यविक्रम ज्ञवालीको 'सोक्रेटसको बहस' छापिएको छ । पद्मनाभ सापकोटाका निबन्धात्मक कृतिहरूमा गद्यात्मक, निजात्मक एवम् वैचारिक आग्रहको प्रस्फुटन माध्यमिक कालका निबन्धमा महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ ।[50]

यस कालका निबन्धमा साहित्यसेवा, चरित्रसुधार, नैतिकता आदिलाई विषयवस्तु बनाएको भेटिन्छ । त्यस्ता निबन्धका संरचनाहरूमा शिथिलता, भाषिक स्थिरताको अभाव र प्रायः वर्णन र विवरणप्रधान रहेको देखिन्छ । यस कालका निबन्धहरूमा वर्णनात्मकताको प्रधानता रहेको पाइन्छ भने शैलीगत परिमार्जन तथा अनुभूतिको अभाव पनि रहेको देखिन्छ । यिनमा व्यक्तिको वैयक्तिक अभिव्यञ्जना र दार्शनिक उच्चता पनि न्यून रहेको पाइन्छ । यति हुँदाहुँदै पनि नेपालीपनको उत्थानका लागि जागृतिको सन्देश दिने प्रयत्न ती निबन्धकारले गरेका छन् । तिनीहरू १९९० पछि थालनी भएको आधुनिक निबन्धको आधारशीलाका रूपमा देखिन्छन् ।

[50] ऐजन पृ. १८ ।

## ३.२.३ आधुनिक काल (१९९१)

नेपालको मध्यमवर्गीय चेतना बौद्धिकतातिर अग्रसर भई राजनीतिक वातावरण जटिल हुँदै गइरहेको अवस्थामा वि.सं. १९९१ मा **शारदा** पत्रिका प्रकाशित भयो । यसको प्रकाशनलाई नेपाली साहित्यको इतिहासमा महत्त्वपूर्ण उपलब्धि मानिन्छ । **शारदा** पत्रिकाको प्रकाशनपछि नेपाली साहित्यका प्रायः सबै विधाहरूसँगै निबन्ध विधा पनि आधुनिक कालमा प्रवेश गर्नपुग्छ । यसरी नेपाली निबन्धले आधुनिक युगको सूत्रपात गर्नमा **शारदा** पत्रिकाको उल्लेखनीय भूमिका रहेको स्पष्ट हुन आउँछ । निबन्धका वैशिष्ट्यका आधारमा आधुनिक नेपाली निबन्धको विकासक्रमलाई चार चरणमा विभाजन गरी हेर्न सकिन्छ ।

### ३.२.३.१ पहिलो चरण (१९९१-२००३)

वि.सं. १९९१ मा **शारदा** पत्रिकाको प्रकाशनले नेपाली साहित्यका क्षेत्रमा नयाँ मोड ल्याउन सफल भयो तसर्थः भन्न सकिन्छ नेपाली निबन्धमा आधुनिक युगको सुरूवात गर्ने श्रेय **शारदा** पत्रिकालाई जान्छ । बालकृष्ण समको 'वर्दाहमा शिकार' लाई आधार मानेर उनलाई प्रथम निबन्धकार मानेका छन्, तर त्यो रचना निबन्ध मानिए पनि पूर्णतः निबन्ध होइन कथा हो । [51] समकै 'वर्दाहामा शिकार' पछि 'आत्माविश्वास', 'पानी' जस्ता निबन्धहरू आए पनि दार्शनिक दृष्टि र बौद्धिकताका कारण आजको निबन्धले प्रतिस्थापन गरेको मूल्यलाई नेतृत्वदिन नसकेका हुनाले नै लक्ष्मीप्रसाद देवकोटाको **शारदा** पत्रिकामा प्रकाशित 'आषाढको पन्ध्र' निबन्धले उनमा रहेको सौन्दर्यचेतलाई पहिलो पल्ट समुद्घाटन गऱ्यो । यस निबन्धले कला र सौन्दर्यको नयाँ मूल्यलाई प्रतिस्थापित गर्न गहन भूमिका खेलेको कुरा प्रष्ट हुन्छ । आधुनिक निबन्धको प्रथम चरणको नेतृत्व देवकोटाले गरेका हुन् । यस चरणमा स्वच्छन्दतावादी धाराको प्रभुत्व रहेको छ । यस चरणका निबन्धहरूमा विचार भन्दा बढी भाव र अन्तर्मुखी चिन्तन प्रस्तुत भएका छन् । **पहाडी जीवन**, **भलाद्मी, निद्रा, हाइहाइ अङ्ग्रेजी** एवम् अन्य प्रसिद्ध प्रबन्धसङ्ग्रह अनुदित हुँदै देवकोटाको निबन्धकार व्यक्तित्व वि.सं. २००२ मा **लक्ष्मी निबन्ध सङ्ग्रह** जस्ता महत्त्वपूर्ण सङ्ग्रह निर्माण गर्न पुग्दछन् । यस्तै बोधविक्रम अधिकारीको 'कविता मातासँग 'मेरो गन्थन', प्रेमराज शर्माको पत्रात्मक शैलीको हास्यव्यङ्ग्यात्मक 'पण्डितजिको चिठी' आदि पनि देवाकोटाको भावनात्मक निबन्धको गोरेटो पछ्याएर प्रकाशित भए । यस चरणमा सूर्यविक्रम

[51] ऐजन ।

ज्ञवालीले ऐतिहासिक अनुसन्धानमूलक निबन्ध लेखेका छन् भने रूपनारायण सिंहले तार्किक शैली एवम् अनुप्रासमय सुललित भाषा प्रयोगका निबन्ध लेखेका छन् । पारसमणि प्रधानले संस्मरणमा आधारित आत्मपरक निबन्ध लेखेका छन् साथै बदरीनाथ भट्टराई र भीमनिधि तिवारीले वस्तुपरक निबन्ध लेखेका छन् भने यदुनाथ खनाल र रामकृष्ण शर्माले आलोचनात्मक एवम् विचारात्मक निबन्धहरू लेखेका छन् । यी विभिन्न निबन्धकारहरूका विभिन्न किसिमका निबन्धहरू रचना गर्नुका साथै यस अविधिको निबन्ध विधाको विकासमा **शारदा,** त्यसपछि, **उदय, नेबुला', परिवर्तन, खोजी** पत्रिकाहरूले महत्त्वपूर्ण योगदान दिएको पाइन्छ ।[52] नेपाली निबन्धको विकासक्रम अध्ययन गर्दा उपर्युक्त निबन्धकारहरूमध्ये देवकोटा यस प्रहरका र नेपाली निबन्धका केन्द्रीय प्रतिभा हुन भन्न सकिन्छ । जसमा बाबुराम आचार्य, महेशचन्द्र रेग्मी, रूद्रराज पाण्डे, अच्छा राई 'रसिक' आदि निबन्धकारहरूले यस चरणलाई संवृद्ध पार्न ठूलो भूमिका खेलेका छन् । यस चरणमा देवकोटाले स्वच्छन्दतावादी प्रवृत्ति, बालकृष्ण समको शास्त्रीयतावादी प्रवृत्ति र हृदयचन्द्र सिंहले आलोचनात्मक याथर्थवादी प्रवृत्तिको पनि वीजारोपण गर्ने काम गरेको पाइन्छ ।

### ३.३.२ **दोस्रो चरण** (२००४-२०१६)

आधुनिक नेपाली निबन्धको दोस्रो चरणको प्रारम्भ देवकोटाको सम्पादकत्वमा बनारसबाट प्रकाशित **युगवाणी** (२००४) साहित्यिक पत्रिकासँगै भएको हो । यस पत्रिकाको साथसाथै **साहित्यस्रोत** (२००४) **जनसाहित्य** (२०११), **दियालो**'(२०१३), **नौलो पाइला** (२०१३) आदि पत्रिकाहरुले निबन्धको विकासमा ठूलो योगदान पुऱ्याएका छन् । **युगवाणी** (२००४) पत्रिकामा देवकोटाको 'समाजवादको धुनमा' नारायणप्रसाद भट्टराईको 'हावावाजी' अच्छा राई 'रसिक' को ‍ ̆नारी समस्याको हल' रूद्रराज पाण्डेको 'गुन्द्रुकको पुकार' आदि जस्ता निबन्धहरू यस पत्रिकामा प्रकाशित भएका छन् । यी निबन्धहरूले तत्कालीन राजनीतिक अवस्थाले जन्माएका विसङ्गति र विकृतिहरूको अन्त्य गरी स्वस्थ र सुन्दर समतामूलक समाजको स्थापना गर्ने लक्ष्यमा जोड दिएका छन् । देवकोटाले प्रकृतवादी स्वच्छन्दतवादतर्फ उत्साहित हुँदै सौन्दर्य चेतनाबाट आफ्नो लेखनलाई अगाडि बढाउनु यस चरणका प्रमुख प्रवृत्ति मान्न सकिन्छ । यसैगरी (२००४) सालमा नै हृदयचन्द्रसिंह प्रधानको सम्पादकत्वमा **साहित्यस्रोत** पत्रिकामा निजात्मक निबन्धहरू प्रकाशित भएका छन् । यस चरणमा पहिलो निबन्धकारका अतिरिक्त रामकृष्ण शर्मा कमलमणि दीक्षित, तारानाथ शर्मा,

[52] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास,** पूर्ववत्, पृ. १४१-१४२ ।

ईश्वर बल्लभ श्यामप्रसाद शर्मा, बासुदेव शर्मा, केशवराज पिंडाली आदि निबन्धकारहरू देखापर्दछन ।

दोस्रो चरणमा पत्र-पत्रिकाको प्रभाव देखापर्नुका साथै निबन्ध सङ्ग्रहहरू पनि प्रशस्त पाउन सकिन्छ । सङ्ग्रहका रूपमा हृदयचन्द्रसिंहको **तीस रूपियाँको नोट** (२००४), **जुँघा** ( २००९) **कुरा साँचो हो** (२०११), बदरीनाथ भट्टराईको **पच्चिस प्रबन्ध**' भीमनिधि तिवारीको **प्रन्ध प्रबन्ध** (२००८) अच्छा राई 'रसिक' **सप्तकोशी** (२०११), श्यामप्रसाद शर्मा, (२०१४), केशवराज पिंडाली **खै खै** (२०१६) यी निबन्धकार र निबन्धसङ्ग्रहहरूले यस चरणलाई उर्वर पारेका छन् । यस चरणमा आत्मपरक र वस्तुपरक हास्यव्यङ्ग्यात्मक निजात्मक, आलोचनात्मक, यथार्थवादी, क्रान्तिकारी स्वच्छन्दतावाद आदिमा केन्द्रित रहेर समाजका ठूला बडाहरूका षड्यन्त्रबाट सर्वसाधारण मानिसहरूले कसरी जेलिएका हुन्छन् भन्ने तथ्य स्पष्ट पार्दै अन्याय र अत्यचार शोषणको विरोध गरी क्रान्ति भावनाको वीजारोपण गरेको पाइन्छ ।

### ३.३.३ तेस्रो चरण (२०१७-२०३५)

वि.सं. २०१७ मा प्रकाशित **रूपरेखा** पत्रिकाबाट आधुनिक नेपाली निबन्धको तेस्रो चरण प्रारम्भ हुन्छ । **रूपरेखा** पत्रिकाको प्रकाशनसँगै देशभित्र र देशबाहिरबाट अनेकौँ समाचारमूलक र साहित्यिक पत्रिकाको बाढी आएको पाइन्छ । विभिन्न संङ्घसंस्थाको मुखपत्रबाट निबन्ध प्रकाशनमा तीब्रता र पञ्चायती शासनको आर्विभावबाट समाजमा वाक् तथा प्रकाशनको स्वतन्त्रता सुरू भएको र विश्वजगत्मा खुलेको चिन्तन र ज्ञानको प्रकाशनको निरन्तरता दिने क्रममा दुरूहता र तीब्र व्यङ्ग्यात्मकता दिशाको चयन गर्ने अवस्थाको जन्म हुँदै गएको देखिन्छ । यस्ता दुरूहता र बौद्धिकताको अगुवाई गर्ने निबन्धकारहरूमध्ये शङ्कर लामिछानेलाई प्रयोगशील निबन्धका श्रेष्ठ प्रतिभा मान्न सकिन्छ । उनका **एब्स्ट्रयाक्ट चिन्तन प्याज** (२०२४), **गोधुली संसार** (२०२६), **बिम्ब प्रतिबिम्ब** (२०२८), **शङ्कर लामिछाने** जस्ता लयात्मक, चित्रात्मक र काव्यात्मक भाषामा बौद्धिकता र चिन्तनशीलता तथा प्रयोगधर्मिताको सफल प्रयोग भएका निबन्धहरू पृथक् किसिमको मोड भित्र्याउन सफल भएका छन् ।

त्यस्तै प्रयोगधर्मी निबन्धकार शङ्कर लामिछानेका उत्तरवर्ती भएर प्रस्तुत भएका कृष्णचन्द्रसिंह प्रधानका निबन्धमा शैलीगत नवीनता, प्रयोगधर्मिता, वैचारिक स्पर्श, प्रगतिवादी स्वर आदि प्रवृत्तिहरू पाइन्छन् । यसैगरी तेस्रो चरणमा हास्यव्यङ्ग्यात्मक चेतको

अगुवाई गर्ने निबन्धकारहरू भैरव अर्याल, श्रीधर खनाल, बालमुकुन्ददेव पाण्डे, रामकुमार पाण्डे आदि पर्दछन् । [53] नियात्रात्मक निबन्ध लेखनमा लैनसिंह वाङ्देल, तारानाथ शर्मा, जनकलाल शर्मा आदि उल्लेखनीय छन् भने संस्मरणात्मक निबन्ध लेखनमा विश्वेश्वरप्रसाद, पारिजात, श्यामप्रसाद शर्मा आदि पर्दछन् ।

यस अवधिमा अन्य व्यापक चर्चित निबन्धकारहरू रमेश विकल, गोविन्द भट्ट, चूडामणि रेग्मी, मदनमणि दीक्षित, बालकृष्ण पोखरले, बल्लभमणि दाहाल, धनुषचन्द्र गौतम, कमल दीक्षित, कृष्णप्रसाद पराजुली, बासुदेव त्रिपाठी, मोहनराज शर्मा, रामलाल अधिकारी, कृष्णचन्द्रसिंह प्रधान आदिले निबन्धलाई एकातिर जटिल र बौद्धिक दुरूहताको धरातलमा पुऱ्याएका छन् भने अर्कातिर हार्दिक तहसम्म पुऱ्याएका छन् ।

### ३.३.४ चौथो चरण (२०३६-हालसम्म)

यस चरणलाई समसामयिक चरणसमेत भन्ने गरिएको छ । यस समसामयिक चरणमा पनि विभिन्न पत्र-पत्रिकाहरू **मधुपर्क**, **नेपाली रचना, प्रज्ञा, गरिमा** आदि थुप्रै पत्रिकाहरूले निबन्ध लेखनमा उल्लेखनीय भूमिका पुऱ्याएका छन् । यस कालमा लेखिएका निबन्धहरू क्षणिकमात्र नभए चीर कालसम्म प्रभाव राख्ने किसिमका छन् । २०३६ सालको राजनीतिक परिवर्तनले केही हदसम्म प्राप्त लेखन स्वतन्त्रता सार्वजनिक स्थलमा गोष्ठी, सम्मेलन आदिको आरम्भ भएपछि पञ्चायतको निर्विकल्पमा बहुदलको रेखाङ्कनसम्मको प्रयास हुन थालेको देखिन्छ । यसैक्रममा चिन्तनमा बहुआयामिकताको प्रस्तुति नव चिन्तन र बहुल संस्कृतिको ग्रहण गर्ने परम्पराको अभ्यास भएको पाइन्छ । विभिन्न राजनीतिक उत्तारचढाव समसामयिक मूल्य र मान्यतामा देखापरेका अनेक अन्तर्राष्ट्रिय परिवर्तन आदिले निबन्धका विषय वा स्वरमा परिवर्तन आउने क्रममा निबन्धमा तत्कालीन व्यवस्थाप्रतिको बिद्रोह, तत्कालीन राजनीतिक पक्षको यथार्थ वातावरण र विसङ्गतिलाई केही परोक्ष रूपमा त त्यसपछि खुल्ला रूपमा व्यङ्ग्य प्रहार गर्न थालेको निबन्धात्मक प्रवृत्तिहरू देखापर्दछन् । [54]

२०४६ सालको राजनीतिक परिवर्तनपछि अराजकतामूलक स्वच्छन्दतावादको विकास हुँदै गएको छ । यसरी समाजमा देखिएका विकृति, विसङ्गति, भौतिक स्रोत र साधनको विनासहरू, देशमा बढ्दो बेरोजगारी समस्या, युवा युवतीहरूमा बढ्दैगएको

---

[53] राजेन्द्र सुवेदी, **आधुनिक नेपाली निबन्ध शिक्षण**, पूर्ववत्, पृ. १८ ।
[54] ऐजन।

अनुशासनहीनता, राजनीतिक, आर्थिक थिचोमिचो, बलात्कार हत्या, आतङ्क गुण्डागर्दीका साथसाथै राष्ट्रिय अन्तर्राष्ट्रिय जगत्मा फैलिएको रक्तपात आदि समाजका विद्यमान विसङ्गतिले जन्माएको विकृतिमाथि तीव्र प्रहार गर्ने निबन्धकारहरू हुन्: रमेश विकल, गोविन्द भट्ट, चूडामणि रेग्मी, मदनमणि दीक्षित, माधवप्रसाद पोखरेल, निर्मोही व्यास, यादव खरेल, गोपीकृष्ण शर्मा, राममणि रिसाल, मोहनराज शर्मा, घनश्याम कँडेल, राजेन्द्र सुवेदी, मनोजबाबु मिश्र, मेघराज मञ्जुल, भीष्म उप्रेती, सुधा त्रिपाठी, नरेन्द्रराज प्रसाई, युवराज नयाँघरे, कृष्ण धरावासी, मुकुन्द आचार्य, जगदीशचन्द्र भण्डारीलगायतका निबन्धकारहरूबाट देश र जनतालाई बाधा पुऱ्याई नैसर्गिक अधिकारमाथि भइरहेको अतिक्रमणलाई हटाउनका लागि निबन्धात्मक सृजना मार्फत गरिएका प्रयासहरू साथै जीवनजगत्मा देखिने विकृति र विसङ्गतिलाई परम्परागत ढाँचाका अतिरिक्त नवीन शिल्प र शैलीको प्रयोग गरेर निराकरणका लागि गरिने प्रयत्नहरू यस अवधिका उपलब्धि मान्नु बाञ्छनीय ठहर्छ ।

वि.स.. २०३६ देखि यताको चरणमा सांस्कृतिक पक्षहरूको विश्लेषणमा केन्द्रित निबन्धकारहरू महत्त्वपूर्ण छन् । सत्यमोहन जोशी, तेजेश्वरबाबु ग्वंगः जस्ता निबन्धकार यस क्षेत्रमा उल्लेखनीय छन् । २०३६ अघि नै फाटफुट निबन्ध प्रकाशित गरेका ग्वंगः यस चरणमा सशक्त देखिएका छन् । संस्कृतिका विभिन्न पक्षहरूमाथि प्रकाश पार्ने निबन्धकारहरूले उनलाई उल्लेखनीय निबन्धकारका रूपमा उभ्याएका छन् । धार्मिक, राजनीतिक, भौगोलिक, जातीय, वर्गीय आदि क्षेत्रभित्र अन्तर्निहित सांस्कृतिक मूल्य मान्यताहरूको विवेचनामा केन्द्रित ग्वंगः का निबन्धले यस चरणलाई सशक्त बनाएका छन् । संस्कृति परम्परागत मूल्यहरूको निरन्तरतालाई कायम राख्न, राष्ट्रको पहिचानलाई समुन्नत बनाउँछन्, देशको सार्वभौमिकता, अखण्डता तथा गौरवलाई माथि उठाउन ग्वंगःका निबन्ध सफल बनेका छन् । यसैले यस चरणमा ग्वंगःको उपल्लो स्थान कायम रहेको देखिन्छ ।

### ३.४ निष्कर्षः

साहित्यका विभिन्न विधाहरूमध्ये निबन्ध पनि एक साहित्यिक विधा हो । निबन्ध साहित्यको गद्य विधा हो । नेपाली निबन्धको सुरूवात् पृथ्वीनारायण शाहको **दिव्योपदेश** (१८३१) बाट भएको मानिन्छ । नेपाली निबन्धको विकासलाई प्राथमिक, माध्यमिक र आधुनिक गरी तीन चरणमा विभाजन गरिएको छ । यीमध्ये प्राथमिककाल (१८३१-१८५७), माध्यमिक

काल (१८५८-१९९०) र आधुनिककाल (१९९१-देखि हालसम्म रहेको छ । नेपाली निबन्धको आधुनिक काललाई चार उपचरणमा विभाजन गरिएको छ । तीमध्ये पहिलो उपचरण (१९९१-२००३) दोस्रो उपचरण (२००४-२०१६), तेस्रो उपचरण (२०१७-२०३५) र चौथो उपचरण ( २०३६ देखि हालसम्म रहेको छ ।

तेजेश्वरबाबु ग्वंगःको २०१० साल देखिको औपचारिक साहित्यिक यात्रा २०३६ सालसम्म आभ्यासिक तथा सुस्त देखिन्छ । २०३६ सालदेखि वि.स.. २०५२ सम्ममा उनका निबन्धले सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले उत्कृष्टता प्राप्त गरे । ग्वंगः नेपाली निबन्ध विकासको आधुनिक कालको चौथो चरणका निबन्धकार हुन् । यिनले नेपाली निबन्धमा संस्कृतिपक्षलाई विशेष जोड दिएका छन् ।

# परिच्छेद चार

## तेजेश्वरबाबु ग्वंगः को जीवनी र व्यक्तित्व

### ४.१ तेजेश्वरबाबु ग्वंग : को जीवनी

#### ४.१.१ जन्म र पुर्ख्यौली

वि.सं. १९९२ कार्तिक कृष्ण द्वादशीका दिन बाग्मती अञ्चलअन्तर्गत भक्तपुर जिल्लाको बज्रखाल खौमा टोलमा तजेश्वरबाबुको जन्म भएको हो ।[55] पिता निरन्जनलाल ग्वंगः र माता शारदादेवी मल्ल ग्वंग :का तीन सन्तानमध्ये जेष्ठ सुपुत्रका रूपमा जन्मिएका तेजेश्वरबाबुका एक भाइ र एक बहिनी रहेका छन् ।[56] तेजेश्वरबाबुको पुर्ख्यौली थर राठौर थियो ।[57] उनका पूर्खाहरू मल्लकालसम्म यही थरले परिचित थिए तर तत्कालीन मल्ल राजाहरू विहान जतिखेर पनि कुखुराको भाले झैँ चाँडै उठेर भक्तपुर मल्ल राजदरवारमा हाजिरी हुने परम्परा भएकाले 'ग्वंगः' बन पुगेका रहेछन् ।[58] नेवारी भाषामा 'ग्वंग :' शब्दको अर्थ 'कुखुराको भाले' हुन्छ ।[59] वास्तवमा कुखुराको भालेको डाकसँगै भक्तपुरको मल्ल राजदरबारमा सेवामा हाजिर हुन पुग्ने जाँगरिलो परिवार भएकैले 'राठौर' थरको परिचय दिन थालेको बुझिन्छ । यस थरलाई अँगाल्नुभन्दा पहिले उनीहरू 'राठौर' तथा 'राइठोर' नामले चिनिने गर्दथे ।[60] राणाालीन समयमा अहिलेको अन्तः शुल्क विभागजस्तै एउटा अड्डा थियो । त्यही अड्डामा ग्वंगःका पिता जागिरे भएकाले उनको बाल्यकाल दुःखद् नभई सुखद् किसिमले बित्यो ।

#### ४.१.२ शिक्षादीक्षा

तेजेश्वरबाबुको शिक्षादीक्षाको क्रमलाई हेर्दा उनले ५ वर्षको उमेरदेखि अक्षरारम्भ गर्दै अघि बढेको देखिन्छ । भक्तपुरमा अवस्थित श्री पद्म स्कुलबाट उनले अध्ययनको सुरूवात गरेका हुन् । एक कक्षादेखि चार कक्षासम्म यस स्कुलमा पढेपछि उनी वि.सं. २००५ देखि काठमाडौँको जेपी स्कुलमा भर्ना भए । जेपी स्कुलमा पाँच कक्षादेखि नौ कक्षासम्म पढेर दस कक्षा पढ्दापढदै आमा बिरामी भएकाले एस्.एल्.सी.को जाँचमा बस्न

---

55 शोधनायकबाट प्राप्त जानकारीअनुसार ।
56 ऐजन ।
57 ऐजन ।
58 ऐजन ।
59 कृष्णचन्द्रसिंह प्रधान र अरू (सम्पा.), **नेवारी, नेपाली, अङ्ग्रेजी शब्दकोष**, (काठमाडौँ: ने.रा.प्र.प्र., २०५४), पृ. ६४ ।
60 शोधनायकबाट प्राप्त जानकारी ।

पाएनन् । यो घटना २००९ को हो । यसपछि वि.सं. २०१० मा उनले भक्तपुरकै शारदा रात्री विद्यालयमा भर्ना भई रातिराति पढेर एस्.एल्.सी. परीक्षामा सामेल भए जुन परीक्षामा परीक्षार्थीका रूपमा ग्वंगः मात्र थिए । यही सालमा नै तेस्रो श्रेणीमा एस्.एल्.सी. परीक्षा पास गरे । यसरी अक्षरारम्भदेखि माध्यमिक तहसम्को शिक्षाको अध्ययन पूरा गरेको देखिन्छ ।

उनको उच्चशिक्षाको अध्ययन लगत्तै सुरू भएन । उनले शिक्षण पेसा गर्न थाले । फुर्सदको समयको सदुपयोग गर्दै काम पनि गर्दै अध्ययनलाई पनि अघि बढाउँदै लगे । उनले आइ.ए. तहको अध्ययन पहिले त्रिचन्द्र कलेजबाट सुरू गरी भक्तपुरको कलेजमा २०१७ सालमा इतिहास, नेपाली र अङ्ग्रेजी विषय लिई आइ.ए. उत्तीर्ण गरेका हुन् । उनी स्नातक तह प्राइभेट विद्यार्थीका रूपमा सम्मिलित भई बी.ए. दोस्रो श्रेणीमा उत्तीर्ण गरे । उनको बी.ए.मा मूल विषय नेपाली र अङ्ग्रेजी साहित्य थियो । यस प्रकारले विभिन्न बाधा र समस्याहरू झेल्दै उनका उच्च शिक्षायात्रा सुस्तरी अगि बढेको पाइन्छ । अझ उनको एम्.ए. अध्ययनले निकै लामो अन्तराल पार गर्नुपरेको देखिन्छ । उनी राप्ती एकीकृत ग्रामीण विकास परियोजनामा सरकारी नोकरी खाइरहेका थिए । त्यसबेला उनले एम्.ए. अध्ययन गर्नका लागि अमेरिका जाने अवसर पाए । उनले यसै क्रममा अमेरिकाको मेसिगन स्टेट युनिभर्सिटीबाट प्रौढ तथा निरन्तर (Adult and Continuing Education) र सांस्कृतिक नृतत्त्वशास्त्र (Cultural Anthropolgy) विषयमा प्रथम श्रेणीमा सन् १९८० (वि.सं. २०३७) मा एम्.ए. उत्तीर्ण गरेका थिए । यसरी प्रौढ तथा निरन्तर शिक्षाजस्तो अनौपचारिक शिक्षामा र सांस्कृति मानवशास्त्रमा अध्ययन गरेकाले नै उनको लेखनमा सांस्कृतिक विषयवस्तुले प्रभाव पारेको देखिन्छ । पाँच वर्षको उमेरदेखि प्रारम्भ भएको उनको औपचारिक शिक्षाको क्रम ४५ वर्षमा आइपुगेर टुङ्गिएको देखिन्छ । वि.सं. १९९७ देखि सुरूभई अघि बढेको उनको जीवनको औपचारिक शिक्षायात्राले एस्.एल्.सी. २०१०, आइ.ए. २०१७ मा बी.ए. २०२२ मा र एम.ए. २०३७ मा पूरा गरेको तथ्य पाइन्छ ।

### ४.१.३ आजीविका

ग्वंगः को जागिरतर्फको कुरा गर्दा सर्वप्रथम उनले शिक्षण पेसा अँगाली शिक्षकका रूपमा काम गरेको पाइन्छ । २०१० सालमा एस्.एल्.सी. पूरा गर्ने वित्तिकै शारदा रात्री मा.वि. भक्तपुरमा शिक्षक भएर काम गर्न थाले । उनले ऐँसेलुखर्क नि.मा.वि.मा २०१३ सालदेखि २०१६ सालसम्म अध्यपान गरे । यस्तै गरी २०१६ सालपछि सरस्वती विद्यायमा शिक्षण कार्य गरे भने २०१९ सालदेखि २०२१ सालसम्म नेपाल शिक्षा परिषद्सँग संलग्न

रही शिक्षण पेसामा सहभागी रहे । उनले दरबार हाइस्कुलमा आंशिक शिक्षकका रूपमा पनि कार्य गरे । उनले शिक्षण पेसामा शिक्षक र प्रधानाध्यापकका रूपमा रही काम गरेको देखिन्छ । हालसम्म पनि उनी भक्तपुर जेसिस स्कुलमा शिक्षण पेसामा कार्यरत रहेका छन् ।

उनी सरकारी जागिरमा २०१७ सालदेखि प्रवेश गरेका हुन् । उनी पहिले जिल्ला विकास समितिअन्तर्गतको लेखापाल वा क्यासियर भएर सरकारी जागिर खान थालेका हुन् । २०१८ सालमा उनले त्रिभुवन ग्राम तथा जिल्ला विकास विभागमा रहेर जागिरे जीवन बिताए भने २०१८ सालमा उनी गृहपञ्चायत तथा स्थानीय विकास मन्त्रालयमा जागिरे हुन पुगे । उनी त्यस बखत सुब्बा थिए पछि शाखा अधिकृत भए र यसरी उनले झण्डै ३४ वर्षसम्म श्री ५ को सरकारका विभिन्न प्रशासनिक पदमा रहेर कार्य गरेको देखिन्छ । उनले खासगरी ग्रामीण विकास योजना, अनुगमन तथा मूल्याङ्कन ग्रामीण विकास प्रशिक्षण, शैक्षिक तथा अनौपचारिक शिक्षामूलक अध्ययन प्रशिक्षण कार्यमा विशेषज्ञका रूपमा कार्य गरेको पाइन्छ । उनी १५ वर्षसम्म ग्रामीण विकास प्रशिक्षण कार्यमा प्रशिक्षक रहे भने कर्णाली भेरी एकीकृत ग्रामीण विकास परियोजनाका कोअर्डिनेटर बनेर पनि सरकारी सेवा गरे । श्री ५ को सकारका प्रथम श्रेणीको कोअर्डिनेटर भएर कार्य गर्न सफल भएका ग्वंगः २०४९ सालमा सेवा अवधि पूरा गरी सरकारी सेवाबाट निवृत्त भए । उनको अहिलेको सेवा निवृत्त जीवन पुनः शिक्षण पेसाबाटै गुज्रिरहेको छ । हाल उनी भक्तपुरको जेसिस स्कुलमा प्रधानाध्यापकका रूपमा कार्य गरिरहेका छन् ।

उनको आर्थिक र पारिवारिक स्थिति हेर्दा उनी निम्न मध्यमवर्गीय जीवन बिताइरहेका छन् । उनको पैतृक तथा आफूले आर्जन गरेको सम्पत्तिबाट व्यक्तिगत र पारिवारिक जीवन सञ्चालन भइरहेको छ । वि.सं. २०२४ सालमा ध्रुवेश्वरी कायस्थसँग विवाह गरी दाम्पत्य जीवनको सुरूवात गरेका ग्वंगः का परिवारमा जम्मा पाँचजना सदस्यहरु रहेका छन् । उनका तीनजना छोराछोरी छन् । उनको जेठा सन्तानका रूपमा २०२६ सालमा जन्मेका छोरा सञ्जीवबाबु ग्वंगः हुन् । त्यस्तैगरी उनका २०३२ सालमा जन्मेकी छोरी मन्तला ग्वंगः र २०३४ सालमा जन्मेकी छोरी भिन्तुना ग्वंगः गरी दुई छोरी छन् । घरका सबै सदस्यहरू अर्थोपार्जन गर्ने कुनै न कुनै पेसामा संलग्न भएकाले उनको परिवार राम्रोसँग सञ्चालन भइरहेको छ । छोराले भक्तपुर चेम्बर अफ कमर्सका अधिकृतको काम सम्हालेका छन् । जेठी छोरीको विवाह भइसकेको र कान्छी छोरी भिन्तुना फर्ममा काम गर्छिन् साथै ग्वंगःको श्रीमती पनि पसल चलाएर बसेकी छन् । हाल छोराको विवाह

भइसकेको र बुहारी पनि अर्थोपार्जन कार्य गरिरहेकी छन् । त्यसैले ग्वंगःले पारिवारिक सन्तुष्टि प्राप्त गरेका छन् ।

### ४.१.४ साहित्यिक लेखन र प्रेरणा

ग्वंगः को साहित्यिक जीवनको औपचारिक प्रारम्भ २०१० सालदेखि भएको हो । यसभन्दा पहिले २००९ सालमा लक्ष्मीप्रसाद देवकोटासित भेट गरी उनलाई **सपना** शीर्षकको निबन्ध सुनाएका थिए रे **!** त्यो निबन्ध सुनेर देवकोटा निकै प्रसन्न भएका थिए, तर त्यो निबन्ध हराइसकेको कुरा ग्वंगः बताउँछन् ।[61] उनले सर्वप्रथम कथा लेख्ने अभ्यास गरेको भए पनि पछि निबन्धलेखनतर्फ नै सक्रिय देखिए । उनको पहिलो प्रकाशित साहित्यिक रचना २०१० सालमा **परोपकार** पत्रिकामा प्रकाशित **प्रेम** निबन्ध हो । उनको हालसम्म नेपालीमा एउटा मात्र निबन्धसङ्ग्रह **संस्कृतिका आयाम** २०५२ सालमा प्रकाशित भएको छ भने असङ्ख्य फुटकर निबन्धहरू विभिन्न पत्रपत्रिका तथा सामयिक प्रकाशनमा छरिएर रहेका छन् । उनले नेपाली, अङ्ग्रेजी , नेवारी गरी तीनओटा भाषामा प्रशस्तै निबन्धहरू लेखेका छन् । उनको नेवारी भाषामा एउटा **संस्कृतिया पलँ** (ने.सं. ११११९) भन्ने निबन्धसङ्ग्रह प्रकाशित छ भने अरू असङ्ख्य निबन्धहरू पत्रपत्रिकामा छरिएका अवस्थामा पाइन्छन् । उनका अङ्ग्रेजी भाषा पनि धेरै निबन्धहरू भए तापनि सङ्ग्रहहरू प्रकाशित नभएकोले ती निबन्धहर अनेकौ पत्रपत्रिकामा छरिएर रहेका देखिन्छन् । साहित्यकार ग्वंगः निबन्धका अतिरिक्त कविता लेख्छन् । उनको कविता झापाबाट प्रकाशित हुने **युगवाणी** पत्रिकामा **जिन्दगी पसिना पसिना** ! २०३०-३१ मा पहिलो पटक प्रकाशित भएको देखिन्छ । उनका हालसम्म दुई दर्जनभन्दा बढी कविताहरू नेपाली र नेवारीमा भाषामा प्रकाशित भइसकेका छन् । उनका निबन्धका तुलनामा कविताहरू कम भएकाले उनको प्रमुख साहित्यिक व्यक्तित्वमा निबन्धकार व्यक्तित्व नै प्रबल रहेको स्पष्ट हुन्छ ।

ग्वंगः लाई साहित्यलेखनमा प्रेरणा दिने नेपाली साहित्यकारहरू लक्ष्मीप्रसाद देवकोटा, हृदयचन्द्रसिह प्रधान, शङ्कर लामिछाने, कृष्णचन्द्रसिंह प्रधान हुन भने पाश्चात्य साहित्यकारहरूमा फ्रन्सिस बेकन, रवर्ट लिण्ड, स्टेफन लिकक, हेनरी भाइक्स, जीके चेस्टरटर आदिका कृतिहरूबाट पनि उनी प्रभावित रहेका छन् । यी व्यक्ति तथा कृतिबाहेक संस्कृतिको अध्ययन गर्ने सांस्कृतिक नृतत्त्वशास्त्र, अनौपचारिक शिक्षा, हिन्दू धर्म

[61] उपेन्द्र के.सी.द्वारा **छलफल** साप्ताहिक (२०५९ साल बैशाख ८ आइतबार) को पृ. ५ मा प्रकाशित तेजेश्वरबाबु ग्वंगः को अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

र दर्शन र नेपाली राष्ट्रिय सु-संस्कृति र संस्कार आदिले उनको साहित्य सिर्जनामा प्रशस्तै प्रभाव पारेको स्पष्ट दखिन्छ । यिनै पक्षले उनका निबन्ध रचनामा सांस्कृतिक चिन्तन दर्शन आदि सरल मार्मिक रूपमा प्रस्तुत भएका छन् । उनको साहित्य लेखनमा प्रभाव पार्ने अन्य तत्त्वहरूमा नेपाली प्रकृति, नेपाली समाज र जीवन, नेपाली कला तथा विविध व्यक्ति, व्यक्तित्वहरू पनि रहेका छन् ।

### ४.१.५ यात्रा

साहित्यकार ग्वंगः भ्रमणमा रूचि लिने व्यक्ति हुन् । यस क्रममा उनले नेपालका ६६ ओटा जिल्लाहरू विभिन्न अवसरमा भ्रमण गरेका छन् भने विदेश भ्रमणमा उनले भारत, पाकिस्तान, थाइल्याण्ड, हङकङ, कोरिया, जापान, फिलिपिन्स, अमेरिका, बेलायत, जर्मन आदि देशहरूको भ्रमण गरेका छन् ।[62]

### ४.१.६ संलग्नता

ग्वंगः आफ्ना जीवनमा अनेकौं सङ्घसंस्थाहरूसँग संलग्न रहेका देखिन्छन् । उनी नेपाली साहित्य मन्दिर भक्तपुरका संस्थापक सदस्य तथा कार्यकारी सदस्य सचिवका रूपमा अटुट रूपमा आफ्नो जिम्मेवारी पूरा गरिएका छन् । उनी सिद्धिचरण प्रतिष्ठानका सदस्यसचिव, नेपाली शिक्षा परिषद्का कार्यकारी सदस्य, हेमराज पाण्डे गुठीका सदस्य, नेपाली भाषा परिषद (चित्तधर हृदयवाला) का कार्यकारी सदस्य, रेडक्रम भक्तपुरका सदस्य, नेवा गुठी भक्तपुरका सल्लाहकार, रेयुकाई भक्तपुरका सल्लाहकारका रूपमा संलग्न भएका देखिन्छन् । यसरी ग्वंगः साहित्यिक र सामाजिक सेवामा सक्रिय रूपमा लागेर साहित्यसेवा र समाजसेवाका क्षेत्रमा उल्लेखनीय योगदान दिइरहेका छन् ।

### ४.१.७ पुरस्कार,प्रशंसा र सम्मान

साहित्यकार तेजेश्वरबाबु ग्वंगः लाई उनले गरेका उल्लेखनीय देशसेवाका कार्यहरूलाई सम्मान गर्दै विभिन्न पदक, पुरस्कार तथा सम्मानद्वारा विभूषित गरिएको छ । उनले हालसम्म गो.द.वा., चतुर्थ पदक, ठाकुरलाल सिरपा राष्ट्रिय प्रतिभा पुरस्कार (२०५८) आदिद्वारा सम्मानित हुने अवसर पाएका छन् ।

[62] शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

## ४.२ तेजेश्वरबाबु ग्वंगः को व्यक्तित्व

साहित्यकार तेजेश्वरबाबुको जीवनयात्रालाई हेर्दा उनका विविध व्यक्तित्वका पाटाहरू देखिन्छन् । उनले जीवनमा अनेकौं कार्यहरू गरेका छन् । तिनै कार्यहरूबाट उनका विविध व्यक्तित्वका पाटाहरू देखापरेका छन् । मोटामोटीमा उनका व्यक्तत्वका पाटा निम्नलिखित छन् :

- शिक्षक-प्रशिक्षक व्यक्तित्व
- समाजसेवी व्यक्तित्व
- सांस्कृतिक व्यक्तित्व
- साहित्यकार व्यक्तित्व
- जागिरे व्यक्तित्व
- सङ्गठक/संस्थापक व्यक्तित्व
- धार्मिक व्यक्तित्व
- अनुवादक व्यक्तित्व

### ४.२.१ शिक्षक-प्रशिक्षक व्यक्तित्व

तेजेश्वरबाबु ग्वंगः लामो समयदेखि शिक्षण पेसामा संलग्न रहँदै आएका छन् । उनले साधारण शिक्षक र प्रधानाध्यापक भई विभिन्न विद्यालयमा शिक्षणकार्य गरेका छन् । त्यस्तै गरेर सरकारी जागिर खाँदा विभिन्न समयमा प्रशिक्षक भएर प्रशिक्षण दिएका छन् । यिनै आधारमा उनको शिक्षक-प्रशिक्षक व्यक्तित्वलाई देखाउन सकिन्छ ।

### ४.२.२ समाजसेवी व्यक्तित्व

ग्वंगः एक समाजसेवी व्यक्ति हुन् । उनले समाजसेवा रेयुकाई, जेसिस गुठी आदिमा रहेर अनेकौं सामाजिक हित र कल्याणका कार्य गरेका छन् । उनी यस्ता संस्थाहरूमा अझै पनि संलग्न भई काम गरिरहेका छन् । यी उनका समाजसेवी व्यक्तित्वलाई चिनाउने प्रसङ्ग बनेका छन् । उनले समाज सुधारका लागि गरेका कामहरूले पनि उनलाई सच्चा समाजसेवीका रूपमा चिनाएको छ ।

### ४.२.३ सांस्कृतिक व्यक्तित्व

ग्वंगः सांस्कृति मानवशास्त्रको उच्च अध्ययन गर्ने व्यक्ति हुन् । उनले नेपाली संस्कृतिका बारेमा सांस्कृतिक विम्ब र प्रतीकहरूको व्याख्या गरेर तिनमा पाइने जीवनदर्शन र समाजबोधलाई स्पष्ट रूपमा आफ्ना निबन्धहरूमा व्यक्त गरेका छन् । उनी नेपाली संस्कृतिको जीवनमूलक व्याख्या गर्ने एक ठूला विद्वान् हुन । हाम्रा धर्म, संस्कार, चाडपर्व, जात्रा, कला रीतिरिवाज, चालचलन आदिलाई सांस्कृतिक मूल्यका दृष्टिले र मानवीय सृष्टिका दृष्टिले व्याख्या गर्ने एक विशिष्ट सांस्कृतिक निबन्धकार पनि हुन् । यी प्रसङ्गले संस्कृतिकविद्का रूपमा र सांस्कृतिक व्यक्तित्वका रूपमा उनलाई चिनाउन सकिन्छ ।

### ४.२.४ बौद्धिक व्यक्तित्व

ग्वंगः तीक्ष्ण बुद्धिका शिक्षक प्रशिक्षक, व्याख्याता, चिन्तक पनि हुन् । त्यसैले उनका साहित्यिक कृतिहरू उच्च बौद्धिकता, ज्ञान, दर्शन, विचारधारा र दृष्टिकोणले भरिएका हुन्छन् । उनी जहिले पनि विविध विषयका गम्भीर प्रवचन दिने गर्छन् भने कतिपय संस्थाका सल्लाहकार भएर कार्य पनि गरिरहेका छन् । अनौपचारिक शिक्षा र सांस्कृतिक मानवशास्त्रजस्ता विषयमा एम्.ए. अध्ययन गरिसकेको उनको व्यक्तित्व स्वतः बौद्धिक देखिन्छ भने उनका लेखनसिर्जना र बौद्धिक कार्यहरूले उनलाई एक गम्भीर अध्येता तथा बुद्धिजीविका रूपमा चिनाएकै देखिन्छ ।

### ४.२.५ साहित्यकार व्यक्तित्व

तेजेश्वरबाबु ग्वंगः को सबैभन्दा प्रभावशाली राष्ट्रिय व्यक्तित्व साहित्यकार व्यक्तित्व नै हो । उनी नेपाली साहित्यकार विशिष्ट निबन्धकार हुन् । यस्तै गरी उनी नेवारी, अङ्ग्रेजी भाषाका उत्कृष्ट साहित्यकार पनि हुन् । उनले नेपाली भाषा, नेवारी र अङ्ग्रेजी तीन भाषा मा सिर्जनात्मक योगदान दिएका छन । उनको साहित्यकार व्यक्तित्वका दुई पाटा छन् । स्रष्टा व्यक्तित्व र द्रष्टा व्यक्तित्व उनले निबन्ध र कविताहरू सिर्जना गरेर स्रष्टा व्यक्तित्वको परिचय दिएका छन् भने अनेकौं व्यक्ति व्यक्तित्वका र कृति कृतित्वका बारेमा समीक्षात्मक टिप्पणी लेखेर द्रष्टा व्यक्तित्वको पनि परिचय दिएका छन् । यस्तै गरी उनले नेपाली र नेवारी भाषामा विभिन्न हास्यव्यङ्ग्यात्मक निबन्धहरूको सिर्जना गरेर हास्यव्यङग्यकार व्यक्तित्वको परिचय दिएका छन् । समीक्षा लेख्ने भएकाले उनलाई एक समलोचकका रूपमा पनि चिनाउन सकिन्छ भने अनेकौं नेपाली, नेवारी र अङ्ग्रेजीमा

लेखिएका उनका लेख निबन्धहरू र कविताहरूले उनलाई लेखक व्यक्तित्वका स्वरूप बोकेको व्यक्तित्वका रूपमा प्रस्तुत गर्न सकिन्छ ।

### ४.२.६ जागिरे व्यक्तित्व

ग्वंगः ले ३४ वर्षसम्म सरकारी सेवामा संलग्न रहेका छन् । उनले लेखापालको जागिरदेखि लिएर सुब्बा, शाखा अधिकृत, कोअर्डिनेटर वा कार्यक्रम संयोजकजस्ता पदमा रही आफ्नो कुशल कार्यक्षमता देखाएका हुनाले उनलाई एक सफल जागिरे व्यक्तित्वका रूपमा चिनाउन सकिन्छ ।

### ४.२.७ सङ्गठक/संस्थापक व्यक्तित्व

ग्वंगःले आफ्नो जीवनलाई विभिन्न सङ्घसङ्गठन एवम् संस्थाहरू खोल्ने र तिनमा रहेर नेतृत्व दिने कार्य पनि गरेका छन् । उनले खास गरी नेपाल साहित्य मन्दिर, सिद्धिचरण प्रतिष्ठान, नेपाली शिक्षा परिषद्, नेपाली भाषा परिषद्, रेयुकाइ जेसिस, गुठी आदि साहित्यिक तथा सामाजिक सङ्घसंस्थालाई हुर्काउने,बढाउने, अगुवाइ गर्नेजस्ता सङ्गठक संस्थापकको भूमिका निर्वाह गरेका छन् । त्यसैले उनी लगनशील र कुशल सङ्गठक/संस्थापक व्यक्तित्वका रूपमा देखिन्छन् ।

### ४.२.८ धार्मिक व्यक्तित्व

तेजेश्वरबाबु कतिपय धार्मिक संस्था र धार्मिक क्षेत्रका संरक्षण गर्ने कार्यमा लागेर अनि धर्मकर्ममा विश्वास राखी भक्ति भावना प्रकट गर्नेकार्य गरेर आफूलाई धार्मिक व्यक्तित्वका रूपमा चिनाएका छन् ।

### ४.२.९ अनुवादक व्यक्तित्व

ग्वंगः बहुभाषाका ज्ञाता हुन् । मातृभाषा नेवारीका अतिरिक्त नेपाली तथा अङ्ग्रेजीमा समेत उत्तिकै बोल्न र लेख्न सक्ने तथा संस्कृतको पनि ज्ञान भएकाले उनलाई बहुभाषा ज्ञाता भन्न सकिन्छ । उनी आफ्ना नेपालीमा लेखिएका कृतिहरूलाई नेवारीमा र नेवारीमा लेखिएकालाई नेपालीमा अनुवाद गर्ने एवम् प्रकाशन गर्ने काम पनि उनले गरेका छन् ।

यसरी तेजेश्वरबाबु ग्वंगः अनेकौं व्यक्तित्वका एक पुञ्ज हुन् र यस्ता विविध व्यक्तित्वले गर्दा उनको जीवन उज्ज्वल भई सम्मानित र प्रतिष्ठित हुन पुगेको छ र सदैव

नेपाली टोपी लगाएर हिँडने प्रवृत्तिले ग्वंगः लाई एक सच्चा नेपाली राष्ट्रभक्तका रूपमा परिचित गराएको छ ।

## ४.३ निष्कर्ष

तेजेश्वरबाबु ग्वंगः (१९९२) विभिन्न व्यक्तित्वका धनी प्रतिभा देखिन्छन् । विभिन्न सङ्घ संस्थाको संलग्नता र विभिन्न विषयको रूचिले उनको व्यक्तित्वलाई माथि उठाएका छन् । कहिले शैक्षिक सामग्रीमा केन्द्रित रही, कहिले समाजसेवामा आवद्ध रही, कहिले धर्ममा संलग्न रही, कहिले संस्कृति र साहित्यका विभिन्न पक्षमा रूचि लिँदै त्यसको विकास, विस्तार, संरक्षण र सम्बर्द्धनमा आवद्ध रही आफूलाई क्रियाशील बनाएकाले उनी बहुआयामिक व्यक्तित्वका रूपमा चिनिएका छन् ।

# परिच्छेद पाँच

# सांस्कृतिक पक्षको अध्ययन

## ५.१ संस्कृतिको परिचय

'सम्' उपसर्ग र कृति शब्दले संयोजनबाट 'संस्कृति' शब्द व्युत्पादित हुन्छ । 'सम्' उपसर्गले असल अर्थ दिने शब्दहरूको निर्माण गर्दछ । यसकारण संस्कृति भनेको समाजलाई सुसम्य, परिष्कृत तथा सन्तुलित बनाउने नाम हो । अङ्ग्रेजीमा संस्कृतिलाई Culture शब्दले जनाइन्छ । यसको अर्थ To coltivate अर्थात् बीजारोपण गर्नु हो ।[63] यसबाट दुष्चरित्रको अन्त्य गरी परम्परागत मूल्य मान्यताहरूको संरक्षण तथा मानवीय दुष्प्रवृत्तिको अन्त्य गरी समुन्नत समाजको निर्माण गर्ने औजार संस्कृति हो भन्ने बुझिन्छ ।

संस्कृति शब्दको प्रयोगलाई साधारण र व्यापक अर्थ गरी दुई किसिमले अर्थ्याइएको पाइन्छ ।[64] साधारण अर्थले कुनै वस्तुलाई परिमार्जन गरी चम्किलो उज्यालो र निखर बनाउने कामलाई जनाउँछ । मानिसमा राम्रा गुणको विकास हुन सक्यो भने उसको जीवन उज्यालो र चम्किलो बन्न पुग्दछ । मानिसमा सम्यक् गुणको विकास गर्न संस्कृति उपयोगी देखिन्छ । संस्कृतिको व्यापक अर्थलाई व्यक्तिले आफ्नो वंश-परम्परा तथा सामाजिक परम्पराबाट प्राप्त गर्दछ । मानिस सामाजिक प्राणी हो, समाजकै सदस्य भएर हुर्केपछि उसले सामाजिक मान्यतालाई अपनाएको हुन्छ । एक आपसमा सहयोगी तथा विश्वासिलो बन्ने परम्परागत सामाजिक मूल्यमान्यतालाई अपनाउँदै अघि बढ्ने आस्था, निष्ठालाई ग्रहण गर्नेजस्ता सद्व्यवहारलाई शिल्प, कला, सङ्गीत, नृत्य आदिमा अडिएका आस्थाहरूले मानिसको दैनिक जीवनचर्यालाई प्रभावित पारेका हुन्छन् ।

हरेक राष्ट्रका आ-आफ्नै सभ्यता, संस्कृति हुन्छन् । देशलाई अन्तर्राष्ट्रिय परिवेशसम्म चिनाउने आधार संस्कृति हो । युगौँयुगदेखि विकसित बन्दै गएका हाम्रा सभ्यताहरूभित्र हाम्रो आस्था गौरव लुकेको हुन्छ । यस्ता मूल्यहरूमा गौरवशाली भई शिर उच्च राख्न संस्कृतिका विविध पक्षहरूका भूमिका रहन्छन् । प्राचीनताका नमुनास्वरूप खडा भएका मठमन्दिर, चैत्य, गुम्बा, पुरातात्त्विक वस्तुहरू आचरण रहनसहन आदि संस्कृतिमा प्रतिविम्बित भएर उपस्थित भएका हुन्छन् । संस्कृतिबाट समाज गतिशील बनेको हुन्छ । असल कार्यको

---

63 पेशल दाहाल, **नेपालको इतिहास र संस्कृति** , दो. सं. (एम्.के. पब्लिसर्स एन्ड डिस्ट्रीब्युटर्स, भोटाहिटी, २०४८), पृ. १०९ ।
64 ऐजन पृ. १०९-११० ।

अनुसरण र खराब कार्यको परित्यागलाई अपनाउन संस्कृति मार्गदर्शक बन्दछ । संस्कृति कहिल्यै सीमाबद्ध हुँदैन ।[65] हाम्रा संस्कारहरूले संस्कृतिको निर्माण गरिरहेको हुन्छ । संस्कृति सार्वभौम र जीवन्त वस्तु हो । संस्कृति युगसापेक्ष बन्दै गइरहेको हुन्छ । युगको विकाससँगै विकसित बन्दै गएको समाजले समय सुहाउँदो संस्कार पहिल्याउन कतिपय संस्कृतिका आधारलाई त्याग्न पुग्छ भने कतिपयलाई अपनाउँदै निरन्तरता दिइरहेको हुन्छ ।

नेपाली संस्कृतिको मूल आधार वैदिक संस्कार हो । यसको लक्ष्य पुरुषार्थ चतुष्टयलाई अपनाउनमा अडेको हुन्छ । धर्म, अर्थ, काम, मोक्ष अध्यात्मका साक्षी हुन् । यसको प्राप्तिमा नेपालीहरू आध्यात्मिक बन्दै चित्तलाई सुधार्न पुग्दछन् । हाम्रो धार्मिक इतिहासको साक्षी वेद हो । वेदपछिका पुराण, उपपुराण, उपनिषद् ब्राह्मण ग्रन्थहरूले अनुशासन र मर्यादाका पाठहरू दिएका छन् । यसको अनुकरण गरी सहीमार्ग पक्रन संस्कृतिले सहयोगी भूमिका निर्वाह गर्दछ । जीवनको सर्वाङ्गीण परम्पराका पक्षहरू जाति, उपजातिभित्र संस्कार, चाडपर्व ललितकलाजस्ता आधारलाई जीवन्त बनाउन संस्कृति उपयोगी हुन्छ ।[66]

जीवनलाई सर्वाङ्गीण विकासका पक्षमा लैजान संस्कृतिको संरक्षण गर्नु आवश्यक छ । संस्कृतिका नाममा उब्जेका विकृतिलाई तिलाञ्जली दिई सुकृतिपूर्ण संस्कृति अपनाउनु हाम्रो धर्म हो ।[67] हामीबाटै हाम्रो संस्कृति उब्जन्छ, हुर्कन्छ । त्यसैले संस्कृतिको सम्बर्द्धनमा हामी मानवकै भूमिका छ । यसबाट मात्र हाम्रो पहिचान राष्ट्र तथा अन्तर्राष्ट्रिय क्षेत्रसम्म विस्तारित बन्दछ ।

संस्कृति समाजद्धारा सिर्जित व्यवहृत विचार वा मान्यता हो, जसमा विभिन्न रीतिरिवाज, संस्कारपरम्परा, प्रथा, कलाकौशल आदि समायोजित भएका हुन्छन् ।

## ५.२ सङ्ग्रहभित्रका निबन्धहरूको विवेचना

निबन्धकार तेजेश्वरबाबुको हालसम्म एउटा मात्र निबन्धसङ्ग्रह प्रकाशित छ र त्यस सङ्ग्रहको नाम **संस्कृतिका आयाम** (२०५२) हो । यस सङ्ग्रहभित्र उनका उत्कृष्ट निबन्धहरू सङ्कलित रहेका छन् । **संस्कृतिका आयाम** भित्र जम्मा ३६ वटा निबन्धहरू समेटिएका छन् ो निबन्धहरू कालक्रमिक ढङ्गले छनौट गरिएका छैनन् । सङ्ग्रहका निबन्धहरू २०१७ देखि

---

[65] रेवतीरमण खनाल, 'हाम्रो संस्कृतिको विवेचना' **हाम्रो संस्कृति** (वर्ष २, अङ्क ३, २०२४), पृ. २६ ।
[66] तेजेश्वरबाबु ग्वंगः 'राष्ट्रिय सांस्कृतिक परम्पराको खाँचो', **हाम्रो संस्कृति**, (वर्ष २, अङ्क ३, २०२४), पृ. २६-२७।
[67] बालकृष्ण सम, 'हाम्रो संस्कृति', **हाम्रो संस्कृति**, (वर्ष ३, अङ्क ३, २०२६), पृ. १-२ ।

२०५२ सम्मका निबन्धहको प्रतिनिधित्व गरेका छन् । यहाँ समाविष्ट निबन्धहरूमध्ये ३१ वटा विभिन्न पत्रपपत्रिकाहरूमा प्रकाशित भइसकेका छन् भने थप ५ वटा यसै सङ्ग्रहभित्र सर्वप्रथम समावेश गरेर प्रकाशित हुन पुगेका ती ५ निबन्धहरू हुन् : 'स्वाद संस्कार', 'धनधान्यपूर्ण योमरी पूर्णे', 'प्रतीकात्मकताभित्र लक्ष्मीका दुई बाहन', 'उपासनाका त्रिमाग','जाग्रम शिवरात्री' ।

प्रस्तुत सङ्ग्रहभित्रका निबन्धहरूको विवेचनाका लागि सम्पूर्ण निबन्धहरूलाई विषयका आधारमा खासखास शीर्षकमा बाँड्न सकिन्छ । यस आधारमा यस सङ्ग्रहभित्रका निबन्धहरू निम्न प्रकारका देखिन्छन् :

- संस्कारविषयक निबन्धहरू
- देवदेवीविषयक निबन्धहरू
- कलाविषयक निबन्धहरू
- धार्मिक स्थल र पर्यावरणीयविषयक निबन्धहरू
- पहिरनविषयक निबन्धहरू
- चाडपर्वविषयक निबन्धहरू
- जात्रा तथा प्रथाविषयक निबन्धहरू
- अन्य विषयक निबन्धहरू

## ५.२.१ संस्कारविषयक

मानिसका जन्मपछि मृत्युपर्यान्तका विभिन्न क्रियाकलापहरू संस्कारभित्र पर्दछन् । जन्मदेखि मृत्युसम्मका सोह्र संस्कारहरूले मानवसंस्कृतिको चिनारी दिएका हुन्छन् । मानिसको नश्वर शरीर उसको समग्र अस्तित्वलाई आआफ्नै धर्म, मूल्य र मान्यताअनुरूप मानसिक शुद्धता तथा सन्तुष्टि प्राप्तिका लागि हेरिने दर्शन संस्कार हो ।[68] संस्कार संस्कृत शब्दसँग सम्बन्धित छ जसको वास्तविक अर्थ शुद्धता हुन्छ । चित्तलाई शुद्ध राखी सत्कर्मको बाटो समाउन हाम्रा विभिन्न संस्कारहरू उपयोगी र सहयोगी हुन्छन् ।

[68] पुष्पराज चालिसे, **नेपालको पुरानो इतिहास र सभ्यता,** (काठमाडौँ : रत्न पुस्तक भण्डार, २०४८), पृ. ४७९ ।

नेपालका विभिन्न जातिका आ-आफ्नै जातीय संस्कारहरू रहेका हुन्छन् । यसैगरी सम्पूर्ण नेपालीहरूलाई एकै भावना र सूत्रमा आबद्ध गराउने सार्वभौम संस्कारहरू पनि देखिन्छन् । पवित्रता, मर्यादा, सत्कार, आशीर्वाद, प्रेरणा, सहयोगी चरित्र, माया, सद्भावजस्ता मानवका लागि अत्युपयोगी प्रवृत्तिको संरक्षण गर्न संस्कार प्रथा सदैब उपयोगीसिद्ध हुन्छ ।[69] संस्कारजन्य क्रियाकलापहबाट नै मानवजीवन सफल बनेको हुन्छ । मानव-मानवमा हुने असहिष्णु स्वभावको अन्त्य गरी मातृत्व र भगिनीत्वको सम्बन्ध कायम राख्न संस्कार प्रथाले भूमिका खेलेको हुन्छ ।

निबन्धकार तेजेश्वरबाबु ग्वंगः का संस्कार विषयक निबन्धहरूले समयको महत्त्व, ढोगभेट, प्रार्थना, परम्परागत मूल्यहरूको जगेर्ना, चाडपर्वको भूमिका, विविध जातीय रहनसहन आदिलाई विषय बनाएका छन् । उनका यस्ता निबन्धहरूले संस्कृतिका विभिन्न पक्षहरूलाई चिनाएका छन् र संस्कृतिका सकारात्मक प्रभावलाई पुष्ट्याएका छन् । ग्वंगः का संस्कारविषयक निबन्धहरू यसप्रकार छन् :

- ‘स्वर-संस्कार’ निबन्ध
- ‘स्वाद-संस्कार’ निबन्ध
- ‘समय-संस्कार’ निबन्ध
- ‘सन्दर्भ ढोगभेटको’ निबन्ध
- ‘राष्ट्रिय सांस्कृतिक परम्पराको खाँचो’ निबन्ध
- ‘उपासनाका त्रिमार्ग’ निबन्ध
- ‘जयन्ती मङ्गलकारी संस्कार’ निबन्ध
- ‘कौमार्य, सौर्य र वीर्य सञ्चय संस्कार’ निबन्ध

### ५.२.१.१ स्वर-संस्कार निबन्ध

प्रस्तुत ‘स्वर-संस्कार’ निबन्ध पहिलो पटक **मधुपर्क** पत्रिकाको वर्ष २६, अङ्क ४, पूर्णाङ्क २९० मा २०५० भाद्रमा प्रकाशित भएको छ । यसलाई २०५२ सालमा पुनः **संस्कृतिका आयाम** सङ्ग्रहभित्र समावेश गरी प्रकाशित गरिएको छ । यसको विस्तार पृष्ठ ३४ देखि ३८ सम्म रहेको छ । यस निबन्धको संरचना केही लामा र छोटा आकारका १७

---

[69] पेशल दाहाल, पूर्ववत्, पृ. १२७ ।

ओटा अनुच्छेदहरूबाट तयार गरिएको छ । यो स्वर संस्कारकै बारेमा सुरूदेखि अन्त्यसम्म वर्णन गर्ने निबन्ध भएकाले यसको प्रस्तुति तृतीयपुरुष दृष्टिबिन्दुमा भएको स्पष्ट छ ।

यस 'स्वर-संस्कार' निबन्धलाई विषयवस्तुको आधारमा वर्गीकरण गरी संस्कारविषयक निबन्धमा राखिएको छ । यस निबन्धमा निबन्धकार ग्वंगः ले मानवीय जीवनका क्रियाकलापहरूको समुच्चा रूपलाई संस्कृति मानेका छन् । मानवीय क्रियाकलापहरू उसका बोलीले निर्धारण हुन्छन् त्यसकारण संस्कृतिका यावत् पक्षहरूमा बोलीको प्रत्यक्ष प्रभाव पर्दछ भन्ने धारणा यस निबन्धमार्फत प्रस्तुत गरेका छन् ।

ग्वंगःले मानवीय जीवनको जन्मावस्थामा सुरू भएको स्वाईलाई पनि मानवीय क्रियाकलाप अभिन्न अङ्ग मानेका छन् । त्यसपछि सामाजिक तथा सांस्कृतिक प्रभाव अनुकूल बोलिने भाषा सीपले संस्कृतिको निर्माणमा महत्त्वपूर्ण भूमिका खल्ने धारणा राखेका छन् । निबन्धभित्र प्रयुक्त 'उनी भइनन्' तिमी भएनौ', 'उहाँ हुनुभएन' र हजुर होइसेन भन्ने पदावलीको प्रयुक्तिले पनि मानवीय स्वर संस्कृतिको एउटा पक्षलाई केलाउनु खोजेको छ । वातावरणीय परिवेशअनुसार 'भएनौ', 'हुनुभएन' र होइसेन भन्ने क्रियापदावलीले समाजका विविध संस्कृतिलाई प्रतिविम्बन गर्दछन् ।

यसरी के भन्न सकिन्छ भने मानिसको स्वर र बोली र त्यसले निर्धारण गर्ने मानवीय क्रियकलापले संस्कृतिको निर्माण गर्छ भन्ने निबन्धकारले मान्न खोजेको पुष्टि हुन्छ ।

### ५.२.१.२ 'स्वाद-संस्कार' निबन्ध

प्रस्तुत 'स्वर-संस्कार' निबन्ध **संस्कृतिका आयाम** सङ्ग्रहभित्रको पहिलो निबन्ध हो । यसको प्रकाशन **संस्कृतिका आयाम** सङ्ग्रहभित्र समाविष्ट भएर २०५२ सालमा भएको हो । यसको विस्तार पृष्ठ १ देखि ९ सम्म फैलिएको र २० ओटा अनुच्छेदबाट तयार भएको मझौला आकारको निबन्ध हो । यस निबन्धमा निबन्धकार ग्वंगःले 'म' तथा हामी सर्वनामको प्रयोग गरेर प्रस्तुत गरेकाले प्रथमपुरूष दृष्टिबिन्दुमा अभिव्यक्त हुन पुगेको साथै आत्मपरक शैलीमा व्यक्त गरिएको छ ।

यस निबन्धमा निबन्धकारले 'स्वर-संस्कार' विषयवस्तुलाई निबन्धको रूप दिएका छन् । यसमा निबन्धकारले 'स्वर-संस्कार' मानिसको भोजनसँग सम्बन्धित रहेको कुरा बताएका छन् । निबन्धकारका अनुसार कतिपय समाजका परिकारका ढाँचा एकै रहेर पनि स्वाद अनेक हुने र परिकारको ढाँचा र स्वाद संरचनामा समाजको स्वरूप निर्धारण हुन्छ ।

यसैगरी निबन्धकारले आहाराले धर्म संस्कृतिमा समेत भूमिका खेल्ने तथा सभ्यतालाई सङ्केत गर्ने कुरा झल्काएका छन् साथै मानव विकासको क्रमका साथमा स्वाद संस्कारमा विकास हुने बताएका छन् । निबन्धकारले संस्कारको सम्बन्ध जीवन र इतिहाससँग पनि सम्बन्धित हुने कुरातर्फ सङ्केत गर्दै मान्छेको भोजनको संस्कारअनुसार उसको आचरण हुने कुरा बताउँछन् । यसै सन्दर्भमा निबन्धकार भन्दछन् ऋषिमुनिहरू साकाहारी हुनु संस्कारगत सत्य रहेको छ । जस्तो भोजन उस्तै आचरण । सात्त्विक भोजन सात्त्विक आचरण । तापसी भोजन तामसी आचरण । यसरी मान्छेको भोजनले उसका स्वभाव आचरण आदिलाई प्रभाव पार्ने प्राकृतिक दर्शनको अभिव्यक्ति आत्मपरकशैलीमा प्रस्तुत गरेका छन् ।

### ५.२.१.३ 'समय-संस्कार' निबन्ध

प्रस्तुत 'स्वर-संस्कार' शीर्षकको निबन्ध सर्वप्रथम **सौदामिनी** भन्ने पत्रिकाको वर्ष १, अङ्क १ मा २०४८ असोजमा प्रकाशित भएको हो र यो **संस्कृतिका आयाम** सङ्ग्रहभित्र समेटिएर पुनः २०५२ सालमा प्रकाशित हुन पुगेको छ । यस निबन्धको विस्तार पृष्ठ ९ देखि १५ सम्म भएको छ । त्यसैले यसलाई मझौला आकारको रचना मानिन्छ । यसको संरचनालाई  निबन्धकारले लामाछोटा आकारका २१ ओटा अनुच्छेदमा आवद्ध गरेका छन् । यस निबन्धको प्रस्तुति ठाउँ ठाउँमा 'म' 'हामी' सर्वनाम प्रयोग गरिएका वाक्यहरू मिश्रण गरेर अभिव्यक्त विषयको तृतीयपुरूषबीच वर्णनद्वारा भएको छ । यो तृतीयपुरूषप्रधान दृष्टिबिन्दुको प्रयोग गरी रचना गरिएको संस्कृतिमूलक निबन्ध हो ।

यस निबन्धमा निबन्धकारले समय संस्कारसँग सम्बन्धित विषयहरूको व्यापक चर्चा गरेका छन् । यसमा मानिसले समयलाई आधार बनाएर जीवनपद्धति संचालन गर्ने र त्यसलाई नियमित तथा विकास गराउने कुरा उल्लेख गरेका छन् । साथै नेपालीहरूको समयलाई वास्ता नगर्ने प्रवृत्तिलाई सङ्केत गर्दै नेपाली समय भनेर टिप्पणी गरिने कुरालाई व्याङ्ग्यसहित प्रस्तुत गरेका छन् । समय-संस्कार प्रकृतिपरक, पर्यायवरणपरक भौगोलिक स्थितिअनुरूपको, सामाजिक रीतिअनुरूपको, मानवीय प्रवृत्तिअनुरूपको हुन्छ । नेपाली समाजमा चलेको साइत, लगन, मुहूर्त, शुभबेला आदिले नेपाली साहित छोप्ने संस्कारलाई चाड दसैंको टीका थाप्ने शुभ साइतलाई मान्ने प्रवृत्ति नेपालीहरूको संस्कृति नै बनेको छ । यस्तो समय संस्कारको वेदकालीन अवस्थादेखि आएको तर हाम्रो अध्ययन त्यसतर्फ गहिरिन नसकेकाले यसले निरन्तर आफ्नो मौलिक स्वरूपलाई कायम राख्न नसकेकोमा निबन्धकारले

निबन्धमा असन्तोष पनि पोखेका छन् । उनी भन्दछन्, "नेपाली समय-संस्कारको वर्तमान परिप्रेक्ष प्रपञ्चको बाहुल्यभित्र कहलिरहेछ । नेपाली अस्तित्वको जगेर्ना प्रपञ्चबाट भन्दा परिशीलनबाट हुन सक्छ"। निबन्धकारले नेपाली अस्तित्वको संरक्षणमा नेपाली समय-संकारको ठूलो भूमिका रहने कुरा गर्दै यसको संरक्षणमा जोड दिन्छन् ।

समय-संस्कार सन्दर्भबाट नेपाली जीवनका महत्त्वपूर्ण सोह्र संस्कारलाई आफ्ना मूल्यवान सांस्कृतिक सम्पदाका रूपमा अँगाल्नु नेपाली जाति, समाज र राष्ट्रको अस्तित्वलाई बचाउनु हो भन्ने सांस्कृतिक चिन्तन प्रकट गर्ने यो निबन्ध पनि सहज, सरल, प्रवाहमय र कवितात्मक भाषामा अभिव्यक्त भएको छ ।

### ५.२.१.४ 'सन्दर्भ ढोगभेटको' निबन्ध

प्रस्तुत 'सन्दर्भ ढोगभेटको' निबन्ध पहिलो प्रकाशन **गरिमा** पत्रिकाको वर्ष ५, अङ्क ९, पूर्णाङ्क ५७ मा २०४४ भदौमा भएको थियो भने यसको पुनः प्रकाशन २०५२ मा **संस्कृतिका आयाम** सङ्ग्रहभित्र समावेश गरेर गरिएको छ । यो पृष्ठ १४१ देखि १४६ सम्म विस्तारित भएको र लामाछोटा गरी १५ ओटा अनुच्छेदमा पूर्ण गरी लेखिएको मझौला आकारको निबन्ध हो । यसले ढोगभेटको नेपाली संस्कारलाई नै वर्णनको मूल विषय बनाएकाले यो तृतीयपुरूष दृष्टिबिन्दुबाट कथन गरिएको गद्यरचना बन्न पुगेको छ ।

'सन्दर्भ ढोगभेटको' निबन्धमा ढोगभेट प्रथाको सटीक विश्लेषण पाइन्छ । ढोगभेटका विभिन्न पूर्वीय संस्कृतिको उपज हो । यसमा आदिम बीज पाइन्छ । ढोगभेट पूर्वीय संस्कृतिको उपज हो । यसमा सामाजिक आस्था र विश्वास अडेको छ । ढोगभेटले मानवजीवनलाई नियमबद्ध बनाउँछ । यसले आदर सत्कारपूर्ण जीवनको बाटो देखाउँछ । हार्दिक भावनाले ओतप्रोत जीवनलाई चिनाउन ढोगभेट सहयोगी हुन्छ । समाज, पुराण, धर्म, राजनीतिमा आ-आफ्नै सम्मानसूचक ढोगभेटमा अडेका छन् । यसले आत्मीयता बढाउँछ । ढोगभेट विश्वासिलो जीवनको प्रस्तुति हो । यो संस्कृतिको मानिसको बानीव्यहारमा सुधार ल्याउँछ । पूजनीयहरूको पुजनगर्नु मानवीय धर्म हो । यही संस्कारमा ढोगभेट उपस्थिति बनेको पाइन्छ ।

ढोगभेट हामी नेपालीहरूका संस्कार हो, जसलाई बचाउँदा नेपालीपन जीवितरहने भएकाले संस्कारहरूको जगेर्नाका निम्ति ढोगभेट आवश्यक पर्दछ भन्दै निबन्धकारले यस निबन्धमा व्यक्त गरेका छन् ।

### ५.२.१.५ 'राष्ट्रिय सांस्कृतिक परम्पराको खाँचो' निबन्ध

प्रस्तुत 'राष्ट्रिय सांस्कृतिक परम्पराको खाँचो' निबन्धको पहिलो प्रकाशन वि.सं. २०२५ जेठको **हाम्रो संस्कृति** पत्रिकाको वर्ष २, अङ्क ३ मा भएको हो र यसलाई **संस्कृतिका आयाम** सङ्ग्रहभित्र समेटेर २०५२ सालमा पुनः प्रकाशित गरिएको छ । यस निबन्धको विस्तार पृष्ठ १९९ देखि २०२ सम्म भएको छ भने यसको संरचना ९ ओटा अनुच्छेदबाट पूर्ण गरिएको छ । यसलाई मझौला आकारको निबन्धका रूपमा लिन सकिन्छ । निबन्धको प्रस्तुतिका ढाँचा तृतीयपुरूष दृष्टिबिन्दुमा अडिएको छ भने नेपाली राष्ट्रिय सांस्कृतिक परम्परालाई कायम गर्नुपर्ने विषयलाई यस निबन्धमा प्रस्तुत गरिएको छ ।

निबन्धकार ग्वंगः ले यस निबन्धमा सांस्कृतिक एकता राष्ट्रको परम्परा भन्ने सङ्केत गर्दै राष्ट्रिय मर्यादा र इतिहासलाई संरक्षण गर्न राष्ट्रिय सांस्कृतिक परम्परा कायम गर्नु आवश्य रहेको बताएका छन् । उनले संस्कृति र मानव समाजको एउटा व्यापक र कलात्मक जीवनमूलक सिर्जना हो भन्दै नेपाली संस्कृति महत्त्वपूर्ण पक्ष बनेर रहेको दै तिहारदेखि गाईजात्रासम्मका परम्परागत संस्कृतिलाई गतिशील र सिर्जनात्मक बल पुऱ्याएर जीवनमूलक बनाउनु पर्ने कुरा अत्यावश्यक भएको बताएका छन् । हाम्रो संस्कृतिलाई जीवनमूल बनाउन अन्धविश्वास र कोरा आदर्श हटाएर समाजको यथार्थलाई आत्मसात गरी नवीनतम व्यवस्थाअनुरूपको संस्कार बसाल्न प्रयत्न गरी भविष्य उज्ज्वल बनाउनेतर्फ लाग्नुपरेको वास्तविकतामथि प्रकाश पारेका छन् । पृथ्वीनारायण शाहले नेपालराष्ट्रको निर्माण गरिसकेपछि राजनीतिक, भौगोलिक एकीकरण बलियो बनाएजस्तै सांस्कृतिक पक्ष बलियो बन्न नसकेकाले नेपालको सांस्कृतिक परम्परालाई सुसम्बद्ध पारी राष्ट्रिय स्तरमा एकताबद्ध तुल्याउनु पर्ने बताउँछन् । यसो भएमा जातीय भेदभाव र सङ्कीर्णता निवारण हुन गई राष्ट्रिय एकतामा अझ बढी बल पुग्न जानेछ र सांस्कृतिक एकरूपता कायम भएर देशमा जातिभेदविहीन स्वस्थ सिर्जनामूलक एक राष्ट्रिय संस्कार फस्टाउने छ ।

यसरी खण्डित होइन राष्ट्रिय सांस्कृतिक परम्पराको विकास सुदृढ रूपमा गरी नेपाली जाति र नेपाल राष्ट्रको भविष्यलाई उज्ज्वल विचारहरू व्यक्त गर्दै सरल भाषा र वर्णनात्मक शैलीलाई अँगालेका छन् ।

### ५.२.१.६ 'उपासनाका त्रिमार्ग' निबन्ध

प्रस्तुत 'उपासनाका त्रिमार्ग' निबन्ध सर्वप्रथम **संस्कृतिका आयाम** सङ्ग्रहभित्र समावेश भई प्रकाशित भएकाले यसको प्रकाशिन साल वि.सं. २०५२ नै हो । यसको विस्तार पृष्ठ १२५ देखि १३० भएको छ । यसभित्र ५ ओटा उपशीर्षकहरू (सन्दर्भ, त्रिमार्ग, मानसा-वाचा-कर्मण, उपासनाको प्रतीक, सापेक्षा उपासना) ले यसको संरचनालाई पूर्णता दिएको छ । यसको संरचना छोटा ३६ ओटा अनुच्छेद मिलेर बनेको छ । यो उपासनालाई नै मूल विषयवस्तु बनाई वर्णन गरिएको निबन्ध भएकाले यसको कथनढाँचा तृतीयपुरुष दृष्टिबिन्दु रहेको छ ।

यस निबन्धमा निबन्धकारले उपासना त्रिमार्गका बारेमा विस्तृत चर्चा गरेका छन् । प्रस्तत् निबन्धमा तीन रूप मनसा, वाचा, कर्मणाको उल्लेख गरिएका छन् । ज्ञान, बृद्धि र विवेकद्वारा गरिने उपासना मानस बोली वचनद्वारा गरिने बाचा र क्रिया वा कर्मका माध्यमबाट गरिने उपासना कर्मणा भएको कुरा निबन्धकारले यसमा उल्लेख गरेका छन् । उपासनाका यी स्वरुपले हिन्दू संस्कृतिका तीन मार्गमा भक्ति, ज्ञान र कर्म पर्ने तथा यी उपासनाका गर्ने कुरा निबन्धकारले उल्लेख गरेका छन् । यसमा निबन्धकारले भक्ति बिनाको ज्ञान निरर्थक र ज्ञान बिनाको भक्ति अन्धपरम्परामा परिणत हुने तथा भक्तिबिनाको कर्म तामसी हुने बताएका छन् । निबन्धकारले उपासनाका जुनसुकै मार्ग अँगाले पनि ती सबैबाट आनन्द प्राप्त हुने बताएका छन् । निबन्धकार भन्दछन् ," वास्तवमा भक्तिमार्ग, कर्ममार्ग, ज्ञानमार्गका माध्यमबाट उपासना गरिन्छ ।" यसरी उपसनाका त्रिमार्ग हिन्दू संस्कारसँग सम्बन्धित रहेको कुरा प्रस्तुत निबन्धको अध्ययनबाट स्पष्ट हुन्छ ।

यसरी ईश्वरभक्तिका लागि अँगालिने उपासनाका भक्ति ज्ञान र कर्म गरी त्रिमार्गको जानकारी दिने उद्देश्यले लेखिएको यो निबन्ध हिन्दू धर्म संस्कृतिकै सरल, सहज प्रवाहमय भाषामा वर्णन गरिएको छ ।

### ५.२.१.७ 'जयन्ती मङ्गलकारी संस्कार' निबन्ध

प्रस्तुत 'जयन्ती मङ्गलकारी संस्कार' निबन्ध पहिलो पटक वि.सं. २०५० कार्तिकको **गोरखापत्र** पत्रिकामा प्रकाशित भएको हो र २०५२ सालमा **संस्कृतिका आयाम** सङ्ग्रहभित्र समावेश गरेर पुनःप्रकाशन गरिएको छ । पृष्ठ १५५ देखि १५६ विस्तार गरिएको यो निबन्धले आफ्नो संरचनालाई जम्मा ७ ओटा अनुच्छेदमा पूर्ण गरेको छ र सङ्ग्रहभित्रका निबन्धहरूमा

सबैभन्दा छोटो आकारको निबन्धका रूपमा यो निबन्ध रहेको छ । यस निबन्धमा जयन्ती मङ्गलकारी संस्कारका अधिष्ठात्री भवानी दुर्गाको महिमा गरिने विजादशमीको प्रसङ्गलाई प्रस्तुत गरेकाले यसको कथनढाँचा तृतीयपुरुष दृष्टिबिन्दुमै संरचित रहेको देखिन्छ ।

स्वाद-संस्कार, समय-संस्कार, स्वर-संस्कार, कौमार्य सौर्य र वीर्य सञ्चय-संस्कार, नारी स्वतन्त्रता शुद्धीकरण संस्कारजस्तै संस्कार पुच्छर बनाई आएको अर्को निबन्ध **जयन्ती मङ्गलकारी संस्कार** निबन्ध पनि हो । यो निबन्ध हिन्दू संस्कृतिको महान् चाड दसैंसँग सम्बद्ध रहेको छ । संस्कृति र मानिस, मानिस र संस्कृति एक अर्काको परिपोशक हुन् भनी संस्कृति मानवसँग सम्बन्धित हुन्छ भन्ने लेखकीय दृष्टि यस निबन्धमा रहेको छ । मानवजीवन सञ्चालनका विधि पक्ष, धर्म, कर्म, परम्परा रीतिरिवाज सबै संस्कार नै हुन् । धर्म, जात, वर्ण, देशअनुसार संस्कार पनि पृथक् हुन्छन् । त्यसैले संस्कारलाई जीवनशैली पनि भन्न सकिन्छ । यस निबन्धमा नेपाली समाजको हिन्दू परम्परा र हिन्दू दर्शनलाई जोडेर दसैं पर्व विशेषको सम्बन्धमा विकीर्ण चिन्तन प्रस्तुत गरिएको छ।

मानिसमा हुने सत्-वृत्ति र असत्वृत्ति तुलना गरी निबन्धकारले भवानी मङ्गलादेवी (महाकली) लाई सत्वृत्तिका रूपमा उभ्याएका छन् । यस सन्दर्भमा हिन्दू संस्कृति र हिन्दू समाजको चित्रण गरिएको छ। हिन्दू दर्शनमा आश्रित महाकालीले सुर असुरको अन्त्य गरेको प्रसङ्ग पनि यसमा छ । यही असत्यमाथि सत्यको विजयलाई नेपाली संस्कृतिले बडादसैं भनी मनाउँने उत्सवचाड संस्कार परम्पराका रूपमा चलेको छ । परापूर्वकालदेखि मानिदै आएको यस्तो प्रचलन मानव संस्कार बन्न पुग्दछन् । निबन्धकारले संस्कार, जीवनपद्धति बन्छ भनी निबन्धमा गरेको चर्चाबाट यस कुराको पुष्टि भएको छ ।

यस निबन्धको भाषा सरल, सहज, प्रवाहमय, तार्किक तथा भावुकतापूर्ण रहेको छ भने शैली वर्णानात्मक र विश्लेषणात्मक रहेको छ । यो निबन्ध नेपाली संस्कृतिकै चिन्तनमा आवद्ध भएकोले चिन्तनपरक बन्न पुगेको छ ।

### ५.२.१.८ 'कौमार्य सौर्य र वीर्य सञ्चय संस्कार' निबन्ध

प्रस्तुत **कौमार्य सौर्य र वीर्य सञ्चय संस्कार** निबन्धको प्रथम प्रकाशन वि.सं. २०४५ वैशाखमा **मधुपर्क** पत्रिकाको वर्ष २१, अङ्क १२, पूर्णाङ्क २३९ मा भएको छ । यो पृष्ठ ६२ देखि ६९ सम्म विस्तारले भएको मझौला आकारको निबन्ध हो । यस निबन्धको बाह्य

संरचना लामाछोटा आकारका २२ वटा अनुच्छेदहरूबाट तयार भएको पाइन्छ । यो तृतीयपुरुष दृष्टिबिन्दुबाट प्रस्तुत गरिएको एक संस्कारविषयक निबन्ध हो ।

निबन्धकार ग्वंगः को गृहस्थी जीवनको निजी अनुभवलाई आधार बनाई सुरू गरिएको यस निबन्धले उनकी छोरी भिन्तुनाको गुफा बस्ने संस्कारको प्रसङ्गलाई अघि सारेको छ । नेवारी समाजमा छोरी पहिलो पटक रजस्वाला हुँदा गुफा बस्ने प्रचलन छ । गुफा बस्नु शारीरिक गुण र स्वभावजन्य प्रक्रिया तथा मानव शरीर र स्वास्थ्यको प्रकृतिको अनुकूलचल्ने शास्वत् नियम हो । यो नेपाली संस्कृतिकै एक विधान हो र गर्भ तथा प्रजनन क्रियासित आवद्ध देखिन्छ । कर्मकाण्ड तथा धार्मिक संस्कारसँग पनि यसको सम्बन्ध गाँसिएको छ ।

गुफा बस्नु वा रजस्वला हुनु प्राकृतिक नियम हो । तर गुफा बसाल्नु चाहिँ कृत्रिम र अस्वस्थ प्रथा देखिन्छ भन्ने दृष्टि निबन्धकारको छ । तापनि नेवारी समाजमा यसले एक सांस्कृतिक रीतिरिवाजको रूप लिइसकेको छ र यो नेवारी विवाह पद्धतिकै एक प्रमुख (मध्य) धारणाको स्वरूपमा स्वीकार्य भएको छ ।

यस निबन्धमा निबन्धकारले नेपाली समाजको एक नेवारी समुदायभित्र रहेको संस्कारको चर्चा गर्दै नेवारी समुदायकी एक कन्याले किशोरावस्थामा गर्ने संस्कारको उल्लेख गरेका छन् । नेवारी समुदायमा गरिने कर्ममध्ये एउटी कुमारीलाई सर्वप्रथम बेलविवाह गरिन्छ । बेलविवाहले कौमार्य रक्षा गर्ने कुरा प्रतीकात्मक रूपमा यस निबन्धमा प्रस्तुत गरिएको छ । जसरी बेल कडा हुन्छ त्यसरी नै शारीरिक अङ्ग र इन्द्रियलाई बेलजस्तै कडा राखी शारीरिक अन्तर्सौन्दर्यलाई जगेर्ना गर्ने भन्ने प्रतीकात्मक अर्थ बेलविवाह संस्कारसँग सम्बन्धित रहेको कुरा प्रस्तुत निबन्धमा देखिन्छ ।

नेवारी समाजका नारीहरूलाई रजस्वला हुँदा गुफामा लगेर राखिन्छ । यस प्रकारको संस्कारले कुमारीलाई पुरुष योग तथा सूर्यकिरणादर्शनबाट वञ्चित गराउँदछ । गुफामा जाने संस्कार सूर्यासित आबद्ध रहेकाले कुमारीत्व जर्गेना गर्न सौर्य साँच्नसक्ने प्रतीकात्मक अर्थबोध गराउने दोस्रो किसिमको संस्कार रहेको कुरा निबन्धकारले उल्लेख गरेका छन् ।

नेवारी समाजको संस्कारको तेस्रो चरण बरियातका साथ विवाह गर्ने प्रणाली रहेको छ । यस प्रणालीले वीर्य सञ्चय संस्कारको रूप लिएको छ । असभ्यअंशिष्ट, असस्कृत बलात्कारद्वारा कुमारीलाई आफ्नो बनाउने प्राचीन विवाहको प्रचलनलाई बरियातका साथ

मर्यादित रूपमा विवाहित गरेर सुसंस्कृत जीवनबिताउने प्रवृत्ति मानवसंस्कृतिको उच्च प्रदर्शन माानिन्छ ।

यसरी नेवारी समाजमा प्रचलित विवाह संस्कारका तीन चरणहरूलाई देखाउने मूल उद्देश्यले लेखिएको यस निबन्धले नेपाली विवाहलाई विषय बनाएको छ । यस्तो विवाह संस्कारका बारे सांस्कृतिक र नृतत्वशास्त्रीय विवेचना यस निबन्धमा प्रस्तुत भएकाले यहाँ विवाह, दर्शन र चिन्तनको अभिव्यक्त भएको छ । निबन्धको भाषा सरल, सहज, प्रवाहमय, विश्लेषणात्मक र गम्भीर बनेको छ । यो निबन्ध चिन्तनपरक हुनुका साथै प्रतीकात्मक पनि रहेको छ ।

**निष्कर्ष**

निबन्धकार तेजेश्वरबाबु ग्वंगः का संस्कारविषयक निबन्धले सांस्कृतिक पद्धतिको चिनारी दिएका छन् । सांस्कृतिक क्षेत्रका उपलब्धिलाई देखाउन कुशल निबन्धकार ग्वंगः संस्कारजन्य संस्कृतिलाई चिनाउन पनि उत्तिकै सफल बनेका छन् । निबन्धहरूले धर्तीमा रहेर धर्तीकै संस्कारजन्य मानवीय प्रवृत्तिलाई देखाएका छन् । विश्वासको आडमा नै समाज चलेको हुन्छ र विश्वासिलो कर्मबाट नै स्वर्गको ढोका खुल्छ भन्ने नैतिक दर्शन प्रस्तुत गर्न उनका संस्कारविषयक निबन्ध मार्गदर्शक बनेका छन् ।

## ५.२.२ देवदेवीविषयक

देवदेवीहरू आध्यात्मिक शक्तिका रूपमा स्थापित अलौकि संसारका प्रतिमूर्ति हुन् । असत्यमाथि सत्यको विजय गर्न देवदेवीको सामार्थ्य र सफलतालाई हाम्रा धार्मिक ग्रन्थहरूले प्रशंसा गरेका छन् । यिनै देवदेवीको प्रेरणाबाट हामी सत्यताका पक्षमा उभिन पुगेका छौं र समाजलाई नैतिकताको सीमामा उभ्याउन सक्षम बनेका छौं । भगवानप्रतिको आस्थाको कारणले हाम्रो समाज नियमबद्ध र अनुशासित बन्न पुगेको हो । देवताहरूका अर्चनाले हामीलाई हाम्रो संस्कृतिको संरक्षण गर्नुपर्छ भन्ने सचेतता प्रदान गरेको छ । धार्मिक व्यक्तित्वको उच्च सत्कार गर्न हामी मन्दिर जान्छौं, तपस्या गर्छौं , व्रत बस्छौं अनि भजन कीर्तनमा आफूलाई तल्लीन बनाउन चाहान्छौँ । देवदेवीका यिनै निष्ठापूर्ण सत्कारमा संस्कृतिको छाप छ । यही संस्कृतिले हामीलाई कर्तव्यबोधी बनाउन सिकाएको छ । नवरथामा नवदुर्गाको पूजा गर्नुले, शिवरात्रीमा शिवजीलाई सम्झदै व्रत बस्नुले कृष्णअष्टमीमा कृष्णको भजन कीर्तनमा मनलाई केन्द्रित गर्नुले, सरस्वती पूजामा विद्याकी

अधिष्ठात्री शारदालाई सम्झनुले अनि लक्ष्मीपूजामा लक्ष्मीको बास होस् भनी दीपावली गरिनुले तथा नागपञ्चमीमा नागको पूजा गरिनुले हामी देवदेवीप्रति कति नतमस्तक छौँ भन्ने कुराको पुष्टि गर्दछ । कुनै पनि समय हामी देवदेवीको सङ्कीर्तनमा आफूलाई भुलाउँछौं । यसले हाम्रो संस्कृतिको जगेर्ना गरेको छ हामी संस्कृतिको संरक्षण गर्न सक्षम बनेका छौँ ।[70]

निबन्धकार तेजेश्वरबाबु ग्वंगःले आफ्ना निबन्धमा विभिन्न देवदेवीहरूलाई विषय बनाएका छन् । आस्थाका प्रतीक नवदुर्गा विष्णु, शिव, सरस्वती, लक्ष्मी आदि विभिन्न देवदेवीहरूको उत्पत्तिदेखि उनीहरूले धर्मका पक्षमा उभिएर अधर्मीहरूलाई परास्त गरेको घटनालाई निबन्धमा उठाएका छन् । हाम्रो संस्कृति सम्बर्द्धन गर्न यस्ता देवदेवीसँग सम्बन्धित ग्वंगः का निबन्धहरू यस प्रकार छन् :

- नवरथा -नवरस - नवदुर्गा
- भुजंगशयनम्
- ब्रह्मरूपा सरस्वती
- जटामा अल्झेको वर्षा
- नौ अङकभित्र नवरस
- रासलीला
- नृसिंह अवतार
- प्रतीकात्मकताभित्र लक्ष्मीका दुई वहान

### ५.२.२.१ 'नवरथा-नवरस-नवदुर्गा' निबन्ध

प्रस्तुत 'नवरथा-नवरस-नवदुर्गा' निबन्ध सव्रप्रथम वि.सं. २०५० माघको **मधुपर्क** वर्ष २६, अङ्क ९, पूर्णाङ्क १९६ मा प्रकाशित भएको र यसलाई पछि २०५२ सालमा प्रकाशित **संस्कृतिका आयाम** सङ्ग्रहभित्र समावेश गरिएको छ । यसको विस्तार पृष्ठ २२ देखि २७ सम्म भएको र संरचनाको निर्माणमा छोटाछोटा ४२ ओटा अनुच्छेदहरूले भूमिका खेलेको मझौला आकारको निबन्ध हो । यो निबन्ध वस्तुपरक वर्णनमा केन्द्रित भएकाले यसको प्रस्तुतीकरण तृतीयपुरुष दृष्टिबिन्दुमा भएको देखिन्छ ।

[70] पुष्पराज चालिसे, पूर्ववत् ,पृ. ५२३ ।

ग्वंगःको 'नवरथा-नवरस-नवदुर्गा' शीर्षकको निबन्ध संस्कृतिसँग प्रत्यक्ष जोडिएको निबन्ध हो । प्रस्तुत निबन्धमा निबन्धकारले हिन्दू संस्कारसित सम्बन्धित नवदुर्गाका प्रसङ्गलाई नवरथा र नवरससँग जोडेर हेरेका छन् । निबन्धकारले यसमा नवदुर्गा कर्मको प्रतीक मानेका छन् । निबन्धकारले नवरथाका नवरसपूर्ण, नवदुर्गा शिवासना देवी भगवती भएको बताएका छन् । शिवका रूपमा रहेकी देवी सौम्य स्थितिमा कल्याणकारी हुने र रोद्रावस्थामाभैरव रूपकी हुने कुरा निबन्धकारले बताएका छन् । यसैगरी नवदुर्गका रूपरङ्गले नवरसलाई सङ्केत गर्ने कुरा निबन्धकारले उल्लेख गरेका छन् । नवदुर्गाले आफ्नो प्रकृतिअनुसार नवरसको प्रतिनिधित्व गर्ने कुरा निबन्धकारले बताएका छन् ।

यो निबन्ध सरल, सह, प्रवाहमय विश्लेषणात्मक तथा वर्णनात्मक भाषाशैलीमा प्रस्तुत छ ।

## ५.२.२.२ 'भुजंगशयनम्' निबन्ध

प्रस्तुत 'भुजंगशयनम्' निबन्ध प्रथम पटक वि.सं. २०५४ असारको **कलाकृति** पत्रिकाको वर्ष २३, पूर्णाङ्क ११ मा प्रकाशति भएको र २०५२ सालमा **संस्कृतिका आयाम** सङ्ग्रहभित्र समावेश गरिएको छ । यसको विस्तार पृष्ठ ५४ देखि ६१ सम्म फैलिएको छ भने संरचना २८ ओटा अनुच्छेदबाट तयार भएको छ । यो एकशब्दे शीर्षकको र मझौला आकारको वस्तुपरक निबन्ध हो । यसको प्रस्तुति तृतीयपुरुष दृष्टिबिन्दुमा भएकाले विषयवस्तु वर्णनात्मक रूपमा प्रकट भएको पाइन्छ ।

यस निबन्धमा निबन्धकारले भगवान् विष्णुको भुजङ्ग अर्थात् नागको आशनमाथि शयन गरेको विष्णुको रूपको वर्णन गर्न खोजेका छन् । निबन्धकारले विष्णुको त्यस विराटरूपको धार्मिक अर्थ आउने किसिमले सङ्केत गर्न खोजेका छन् । यसमा एकातिर धार्मिक अवस्थालाई देखाउन खोजिएको छ भने अर्कातिर त्यस विराटमूर्ति बनाउने कलाकारको कलाचातुरीसमेतलाई देखाउन सफल भएका छन् । धार्मिक तथा सांस्कृतिक विषयवस्तुलाई समेटेर कलाकारको कलाचतुरीलाई समेत समेट्न सक्नु निबन्धकारको सफलता मान्न सकिन्छ ।

यस निबन्धमा सरल, प्रवाहमय र विश्लेषणात्मक भाषाका साथै वर्णनात्मक शैलीको प्रयोग गरिएको छ ।

### ५.२.२.३ 'ब्रह्मरूपा सरस्वती' निबन्ध

प्रस्तुत 'ब्रह्मरूपा सरस्वती' निबन्ध पहिलो पटक २०४८ सालमा **रेडियो नेपाल** बाट प्रशारण भई सार्वजनिक हुन पुगको थियो भने यसलाई २०५२ सालमा **संस्कृतिका आयाम** सङ्ग्रहभित्र समावेश गरी मुद्रित स्तरमा प्रकाशनमा ल्याइएको छ । यसको विस्तार पृष्ठ १०४ देखि १०८ सम्म भएको छ भने यसमा रहेका १२ ओटा अनुच्छेदहरूले यसको संरचनालाई पूर्ण आकार दिएका छन् । यो दुई शब्दे शीर्षकको मझौला आकृतिमा प्रस्तुत यस निबन्धले सरस्वतीको वस्तुपरक वर्णन गरेकाले यसको कथन ढाँचा तृतीयपुरुष दृष्टिबिन्दु रहेको स्पष्ट हुन्छ ।

निबन्धकार ग्वंगः ले 'ब्रह्मरूपा सरस्वती' मा हिन्दू एवम् बौद्धिक परम्परामा आबद्ध सांस्कृतिक पक्षमाथि चर्चा गरेका छन् । ब्रहमरूपा भनेर यस निबन्धमा ब्रहम एवम् ज्ञान रूपी सरस्वतीलाई सांस्कृतिक सन्दर्भबाट चिनाउने प्रयास गरिएको छ । आफूभन्दा अग्रज वा अदृश्य अलौकिक शक्तिसामु केही याचना गर्नु हिन्दू परम्पराको परापूर्वकालदेखिको संस्कार हो । हिन्दूका साथ बौद्ध परम्परामा यी दुवै पक्ष मिल्न जान्छन् । विनापूर्वाग्रह शिक्षा आर्जन गर्नु अहिंसावादी अवधारणामा आबद्ध बौद्धिक संस्कार हो । शिक्षा आर्जन गर्ने हेतुले संस्कृतमा वर्णित श्लोकहरूको उच्चारण र पूजाबाट राम्रो ज्ञान हासिल गर्न सकिन्छ भन्ने अवधारणा हिन्दू संस्करमा रहेको यस निबन्धले प्रष्ट्याएको छ । विभिन्न संस्कृतका श्लोकहरू महादेवले भिक्षा मागेको उदाहरण, अहिंसावादी बुद्ध, भिक्षाटन, ब्रह्मरूपा जस्ता शब्दावली र सन्दर्भ देखाएर विशेषतः हिन्दू र बौद्ध संस्कृतिको उजागर गर्नु यस निबन्धको मुख्य उद्देश्य रहेको छ । भण्डारे शिक्षा पद्धति घोकन्ते शिक्षा, कण्ठस्थ शिक्षा, कुशाग्रह शिक्षा आदिका उदाहरणद्वारा पनि नेपाली शिक्षाग्रहण संस्कारमा परिवर्तन हुँदै गएको देखाइएको छ । सरस्वतीलाई सरस्+वती जस्तो सन्धि विच्छेद गराई निरन्तर बग्ने नदीको प्रतीकका रूपमा देखाएर हिन्दू परम्परामा अविच्छिन्न अध्ययनद्वारा शिक्षामा सफलता प्राप्त गर्न सकिन्छ भन्ने संस्कृतिको विकास यो निबन्धले गरेको छ । रूद्राक्षमालालाई चिन्तन साधनाको रूवरूप, सरस्वतीलाई शिक्षाको प्रतिमूर्ति, फक्रदो कमललाई जीवनका प्रतीकका रूपमा उभ्याएर हिन्दूवादी अवधारणा वा संस्कृतिलाई प्रस्ट्याइएको छ ।

समग्रमा निबन्धकार ग्वंगः ले यो निबन्धमा नेपालमा प्रचलित हिन्दू र बौद्धिक संस्कृतिलाई सरस्वतीका उदाहरण दिएर उजागर गर्ने प्रयास गरेका छन् । नेपालमा प्रचलित जातीय, धार्मिक, संस्कृति बारेमा प्रस्ट्याउनु यस निबन्धको मुख्य उद्देश्य रहेको छ ।

सरस्वतीलाई साधनाकी प्रतीकका रूपमा हेरी अविच्छिन्न साधनाद्वारा नै मानवतावादी संस्कृतिको विकास हुन्छ भन्नु यस निबन्धको मूल मर्म रहेको देखिन्छ ।

### ५.२.२.४ 'जटामा अल्भ्केको वर्षा' निबन्ध

प्रस्तुत 'जटामा अल्भ्केको वर्षा' निबन्ध २०४६ साल कार्तिकको **गरिमा** पत्रिका वर्ष ७, अङ्क ११, पूर्णाङ्क ८३, मा प्रकाशित भएको छ । यो पृष्ठ ७४ देखि ७८ सम्म विस्तार भएको र १२ ओटा अनुच्छेदमा पूर्ण भएको मझौला आकारको निबन्ध हो । यस निबन्धमा जटामा अल्भ्केको वर्षाको सन्दर्भबाट भगवान् शिवको चर्चा गरिएको हुनाले वस्तुपरक ढङ्गमा लेखिएको तीनशब्दे शीर्षकको निबन्ध हो । यो निबन्धको प्रस्तुतीकरण तृतीयपुरुष दृष्टिबिन्दुमा भएको छ ।

यस निबन्धमा निबन्धकारले आफ्नो जटामा भागीरथी गङ्गा अल्भ्काएर आफ्नो अद्‌भूत सामर्थ्य गर्ने शिवकाबारेमा चर्चा गरेका छन् । जटामा अल्भ्केको वर्षा स्वयम् प्रतीकात्मकताबारे निबन्धकार भन्दछन् "जटामा अल्भ्केको वर्ष स्वयम् प्रतीकात्मक अभिव्यक्ति हो । धार्मिक दृष्टिकोणमा जटा महादेवको कपाल वा रौंहरूको समग्रता हो । अल्भ्कनु एक प्रतीकात्मक क्रिया हो । वर्षा एक प्राकृतिक क्रिया हो । महादेव स्वयम् एक प्रतीकात्मक आत्मा हो । सबै दैवी लीला प्रकृतिले नै बनेका पदार्थलाई प्रतीकात्मक रूपमा अभिव्यक्त गर्नु शैलीगत मान्यता हो । शैली प्रतीकात्मकताभित्र निर्माण हुन्छ । प्रतीकात्मक तवरले महादेवलाई हेर्दा यससित आबद्ध समग्रता पनि प्रतीकात्मक नै देखिन्छ । महादेवको स्वरूप, आँखाहरू, आवरणहरू, आभूषणलगायत भोजन र सेवन तत्त्वहरू प्रतीकात्मक भएकाले महादेव स्वयम् प्रतीकात्मक छन् । हिमाल उस्तै प्रतीकात्मक छ । एउटै मात्र रौं चुडिएर बगेको हिमनदी र सागर पनि प्रतीकात्मकै प्रतीकात्मक ।

यसरी प्रकृतिका उच्च हिमशिखरहरूमा परेको वर्षालाई महादेवको जटामा अल्भ्केको वर्षाको प्रतीकात्मक अभिव्यक्ति यहाँ निबन्धकारले गरेका छन् । यसलाई लेखकले दैवीलीला भनेर विश्वास गरेकाले यस कथनमा धर्म घुसेको देखिन्छ । यसमा सगर राजवंशले अनावृष्टिबाट लोकलाई रक्षा गर्ने वर्षाको आमन्त्रण गरेको पौराणिक सन्दर्भ पनि गाँसिएको छ ।

यसरी प्रस्तुत निबन्धले आफ्नो जटामा वर्षा अल्भ्काउने महादेव वा शिवको प्रसङ्ग प्रस्तुत गरेर हिमवर्षा हुने पर्वत शृङ्खलाहरूको प्राकृतिकता तथा प्रतीकात्मकतालाई व्याख्या गर्ने प्रयास गरेको छ । यो सरल, स्पष्ट विश्लेषणात्मक भाषाशैलीमा अभिव्यक्त भएको छ ।

### ५.२.२.५'नौ अङ्कभित्र नवरस' निबन्ध

प्रस्तुत 'नौ अङ्कभित्र नवरस' निबन्ध पहिलोपटक २०४६ साल असोजको **मधुपर्क** पत्रिकाको वर्ष २२, अङ्क ५, पूर्णाङ्क २४४ मा प्रकाशित भएको छ र यसलाई २०५२ सालको **संस्कृतिका आयाम** सङ्ग्रहमा समावेश गरी पुनः प्रस्तुत गरिएको छ । यसको विस्तार पृष्ठ ९८ देखि १०३ सम्ममा भएको छ भने यसको संरचनाभित्र २८ ओटा अनुच्छेदहरू अटाएका छन् । तीनशब्दे शीर्षकको मझौला आकारमा प्रस्तुत यो निबन्ध नवरसकी प्रतीक देवी नवदुर्गाको वस्तुपरक वर्णन गर्नमा केन्द्रित भएकाले तृतीयपुरुष दृष्टिबिन्दुमा प्रस्तुत छ ।

निबन्धकारले यस निबन्धमा नेपालीहरूको महान् चाड विजया दशमीका अवसरमा पुजिने देवी दुर्गाको नवरस रूपी स्वरूपको व्याख्या गरेका छन् । दसैमा आरधना गरिने नवदुर्गा नवरात नवरस जीवनका नौ रथसरह नै छन् । नवदुर्गा यी सबका प्रतीकात्मक साधना हुन् । त्यसैले दसैं नौ रात नौ दिनपर्यन्त चल्छ । नेपालीहरूको संस्कृतिमा नौ अङ्कको विशेष महत्त्व रहेको छ कि भन्ने जापानी निम्तारूको दसैको देवी नवदुर्गाको प्रतीकात्मक अर्थ खोज्न निबन्धकारलाई उत्साहित तुल्याएको देखिन्छ । नवग्रहका बासिन्दा हामी नेपालीहरूलाई नौ अङ्क शुभ छ भन्ने सकरात्मक अर्थ खोज्ने क्रम सुरू हुन्छ । नौ रङ्गको स्रोत इन्द्रेणी र नौ महिना मातृकोषमा बसेर जन्मलिने मानवबाट नौको महत्त्व सृजना प्रक्रियाबाट रहेको स्पष्ट हुन्छ । यस्तै गरी यस्तै सृजना प्रक्रियाको प्रतीक बनेर नवरात्रिकी नवदुर्गामा नवरस पल्लवित हुने गर्छ । नवरात्रीका हरेक रातका दुर्गाका एकएक रूपले नवरसको सृजना गर्ने कुरा यिनका वैष्णवीदेखि कुमारीसम्मका स्वरूपले प्रस्तुत गर्दछन् । त्यसैले हाम्रो समाजमा नवदुर्गाको पूजन गर्ने सांस्कृतिक पर्वको विशेष महत्त्व रहेको पाइन्छ ।

### ५.२.२.६ 'रासलीला' निबन्ध

प्रस्तुत 'रासलीला' निबन्ध पहिलो पटक वि.सं. २०४५ को बैशाख जेठ महिनाको **रचना** पत्रिकाको वर्ष २४, अङ्क ६, मा प्रकाशित भएको र यसलाई २०५२ सालमा **संस्कृतिका आयाम** सङ्ग्रहभित्र समावेश गरी प्रस्तुत गरिएको छ । यसको विस्तार पृष्ठ १८७ देखि १९२ सम्म भएको छ अनि १३ ओटा अनुच्छेदहरूमा यसको संरचनालाई पूर्णता दिएको छ । यो मझौला आकारको एकशब्दे शीर्षकमा रहेको तथा वस्तुपरक ढङ्गमा रासलीलाबारे वर्णन गरिएको तृतीयपुरुषात्मक कथनको निबन्ध हो ।

निबन्धकारले कवितात्मक शैलीमा विष्णुको एक अवतार मानिने कृष्णद्वारा गरिएको रासलीला कृष्णको प्रेमक्रीडा हो । यसमा धार्मिक आस्था छ । धार्मिक आचरणभित्र रहने हुनाले यसलाई कृष्ण भगवान्प्रतिको आस्था विश्वास वा भक्तिको भावसँग गासिएको छ । यसले व्यावहारिक जीवन भक्तिरसका साथै प्रेम, स्नेह, ममता, आकर्षण, आलिङ्गन, संभोग आदिलाई लीलाका रूपमा अभिव्यक्त गर्छ, जो मानवजीवनसञ्चालनका क्रममा सामाजिक मर्यादाभित्र रहेर पूरा गरिन्छ । त्यसैले रासलीलाको शब्दार्थमा सूक्ष्म, गूढ तथा प्रतीकात्मक स्तरमा रहेको व्यापक अर्थ ग्रहण गरी धार्मिक तथा भक्तिभावनाका स्तरमा रहेको त्यस लीलालाई मानवजीवनले आ-आफ्नो समय परिस्थिति एवम् सामाजिक संरचनाअनुरूप अँगाल्दै जीवनलाई सार्थक तुल्याउनु पर्ने विचार निबन्धकारले यस निबन्धभित्र प्रस्तुत गरेका छन् ।

### ५.२.२.७ 'नृसिंह अवतार' निबन्ध

प्रस्तुत 'नृसिंह अवतार' निबन्ध पहिलो पटक २०५० साल बैशाख-जेठमा निस्केको **रचना** पत्रिकाको वर्ष ३०, अङ्क २ मा प्रकाशित भएको र पुनः **संस्कृतिका आयाम** सङ्ग्रहभित्र समावेश गरी यसै साल प्रकाशित भएको छ । यो पृष्ठ ८८ देखि ९२ सम्म विस्तार पाएको र १२ ओटा अनुच्छेदहरूबाट संरचनागत पूर्णता पाएको निबन्ध हो । यो मझौला आकार दुईशब्दे शीर्षक भएको वर्णनात्मक तथा वस्तुपरक ढाँचाको तृतीयपुरुषात्मक दृष्टिबिन्दुको निबन्धात्मक अभिव्यक्ति हो ।

यस निबन्धमा निबन्धकारले भगवान् विष्णुको नृसिंह अवतारलाई कलाकारको शैली कल्पना वैचारिक परिपाटी मनोवैज्ञानिक आदिको युगसापेक्ष दृष्टिबाट विश्लेषण गर्ने प्रयास गरेका छन् । नृसिंह अवतार विष्णुको त्यो अवतार हो जसले अत्याचारी हिरण्यकशिपुको बध गरी मानवकल्याणको महत्तम कार्य सम्पन्न गरेको थियो । सर्वसाधरण जीवनमा नृसिंह अवतार हुनु असम्भव कुरा हो । त्यसैले यस कलाकारको कल्पनामा प्रतीकात्मकता घुसेको छ । नृसिंह अवतार रहस्यात्मक शैलीको अभिव्यञ्जना हो । यसले मानिसभित्रको सिंहजस्तो हिंस्रक प्रवृत्तिलाई प्रतिनिधित्व गर्दछ । मानिस विशुद्ध मानिस भएर हिंसा गर्न सक्दैन । मानिसमा उत्कृष्ट मानवतामात्र अन्तरनिहित रहँदा मानिस ईश्वरमा परिणत हुन सक्छ । ईश्वर उत्कृष्ट मानिसको मानवताको प्रतीक हुन् । परन्तु उत्कृष्ट मानव स्वभावलाई पनि वातावरणले हिंस्रक स्वभावमा परिणत गरिदिन सक्छ । यसको प्रतीकात्मक स्वरूप नृसिंह अवतार हो ।

यो निबन्धमा नृसिंह अवतारको नृतत्वशास्त्रीय सांस्कृतिक व्याख्या गर्ने जमर्को गरी यसको प्रतीकात्मक अर्थ केलाउन खोज्ने विश्लेषणात्मक शैलीका सरल एवम् प्रवाहमय भाषामा प्रस्तुत गद्य रचना हो ।

### ५.२.२.८ 'प्रतीकात्मकताभित्र लक्ष्मीका दुई वाहन' निबन्ध

प्रस्तुत 'प्रतीकात्मकताभित्र लक्ष्मीका दुई वाहन' निबन्ध **संस्कृतिक आयाम** सङ्ग्रहभित्र समावेश भई २०५२ सालमा प्रकाशित भएको देखिन्छ । यो पृष्ठ ११६ देखि ११९ सम्म विस्तारित भई १५ ओटा अनुच्छेदहरूमा संरचना पूर्ण गरिएको मझौला आकारको वस्तुपरक एवम् तृतीयपुरुष दृष्टिबिन्दु अँगाली लेखिएको निबन्ध हो ।

लक्ष्मीलाई हिन्दू धर्म संस्कारमा ऐश्वर्य श्री मानिएको छ । लक्ष्मीका लाटकोसेरो र कछुवा वाहन बनेका छन्, तर वाहन बन्नु र बनाउनुमा फरक छ । ऐश्वर्य कमाउनु सबैको चाहनाको विषय हो । त्यसलाई आर्जन गर्न कुनै पनि एउटा माध्यम अपनाउनु पर्छ । राजनीतिज्ञदेखि अर्थविद्सम्म सबै लक्ष्मीका उपासक हुन्छन् । सम्पत्ति प्राप्त गर्न कुनै साधन चाहिन्छ । त्यही साधनलाई धर्म संस्कृतिका प्रतिपादक कलाविद्हरूले लाटकोसेरो र कछुवालाई वाहनका रूपमा प्रस्तुत गरे । वाहनयात्रा गर्न चाहिने साधन हो ।

लाटोकोसेरो र कछुवा अलग-अलग स्वभाव, गुण र प्रकृतिका प्रतीक हुन् । कछुवा जल, थर चर हो । यसको गति अत्यन्तै मन्द हुन्छ । बाह्रै महिना यो क्रियाशील हुँदैन । मन्द तर गतिशीलता यसको आफ्नोपन हो । लाटोकोसेरो दिउँसो अन्धो रहन्छ । रातमा नै यसको जीवनसार्थक हुन्छ । यसले अँध्यारो मन पराउँछ । गुँडमा बसेका चराहरूलाई लुछेर आफ्नो-आफ्नो आहारा बनाउँछ ।

मन्द गतिको कछुवालाई वाहन बनाउनु धैर्यशाली बनेर काम गर्दै रहनुको मर्म खुल्दछ । सदाचार यसको प्रवृत्ति हुन्छ । यसले चित्कार लुछाचुँडी मन पराउँदैन । यसको जीवन जमिन र पानी दुवैमा समानरूपले चल्छ । पानीभित्र रहनुले पृथ्वीको गर्भमा रहेको श्री सम्पदाको उत्खनन् गर्नु भन्ने अर्थ हुन्छ । मन्द गतिले सोचविचार गरेर काम गर्ने यसको तात्पर्य हुन्छ । हल्ला नगर्ने स्वभावकालाई कछुवाले प्रतिनिधित्व गर्छ ।

लाटोकोसेरो उज्यालोमा आँखा चिम्लन्छ । यो अँध्यारोलाई मन पराउँछ । यो हिड्दैन पखेटाले उड्छ । यसले हल्ला गर्न मन पराउँछ अरूको गुँडमाथि आक्रमण गर्छ । यसका लुछाचुँडी गर्नु, चिथर्नुजस्ता हिंसात्मक प्रवृत्ति हुन्छन् । यस्तो प्रवृत्ति भएको लाटोकोसेरोलाई

हिन्दूहरू अलक्षणा प्राणी मान्थे तर अहिले त लाटोकोसेरो तृप्ति कै बोलाबोल रहेको छ । लक्ष्मीका यी दुई वाहनमध्ये कसको उपासना गर्ने आफ्नो हातमा हुन्छ ।

लक्ष्मीलाई औंसीको रात मनपर्छ । औंसीको रातलाई झलमल्ल पारी लाटोकोसेरो घरभित्र प्रवेश गर्न नसक्ने स्थितिलाई हामी आराधना गरौं । ऐश्वर्यका लागि लाटोकोसेरो प्रवृत्तिको कुमार्ग त्याज्य छ । कछुवाको प्रवृत्ति अँगाली लक्ष्मीको साधना गरेमा जीवन वैभवशाली बन्न सक्छ ।

**निष्कर्ष:**

देवदेवीहरू आस्थाका प्रतीक भएकाले तथा मस्तिष्क तथा चित्तलाई शुद्ध राख्न देवदेवीको आराधन सहायक हुने विश्वासले अनुशासित तथा मर्यादित नैतिक जीवन व्यतित गर्दै परत्र सुधार्न देवदेवीका मठमन्दिरमा पुग्ने चलन छ । देवदेवीका भजनकीर्तनहरूबाट धार्मिक संस्कृतिको सम्बर्द्धन भएको हुन्छ । तेजेश्वरबाबु ग्वंगः का रासलीला, नृसिंह अवतार, ब्रह्मरूपा सरस्वती, भुजंगशयनम्, प्रतीकात्मकताभित्र लक्ष्मीका दुई वाहन आदि निबन्धहरूमा देवदेवीलाई विषय बनाइएको छ र उनीहरूको आदर्श जीवनबाट मर्यादित बन्ने प्रेरणा दिएको छ । यसरी उनका निबन्धले आध्यात्मिक संस्कृतिको संरक्षण गरेको देखिन्छ ।

## ५.२.३ कलाविषयक

कला संस्कृतिको समृद्धिको परिचायक हो । परम्परागत चालचलन, रहनसहन र आचरणदेखि अधुनातन आधुनिक समयको वैज्ञानिकतालाई पनि यसले प्रष्ट्याइरहेको हुन्छ ।

ललितकलाका परिचायक चित्रकला, मूर्तिकला, काष्ठाकला तथा साहित्यिक कलाले हरेक देशको सौन्दर्यलाई माथि उठाएका हुन्छन् । कपडामा बनाइने थाङ्का होस् या ग्यालरीमा निर्मित तस्बिरहरू सबैले चित्रकलाको नमुना प्रस्तुत गरेका हुन्छन् । यस्तै ढङ्गमा कपिने विभिन्न देवदेवीहरू र विशिष्ट व्यक्तिहरूका मूर्तिहरूले मूर्तिकलाको स्वरूपलाई देखाएका हुन्छन् । प्राचीनदेखि अस्तित्वमा रहेका देवल तथा टुँडालहरूमा कलात्मक आकारमा कपिएका मूर्तिहरूले तत्जनित संस्कृतिलाई देखाइरहेका हुन्छन् । ७४ काठहरूबाट निर्मित काष्ठकलाले कलाकारको कलाकारितालाई माथि उठाएका हुन्छन् र संस्कृतिको सम्बर्द्धनमा टेवा पुऱ्याइरहेका हुन्छन् । यता साहित्यिक कलाले देशको संस्कृतिको विभिन्न पाटाहरूलाई कलात्मक भाषामा प्रस्तुत गरिरहेका हुन्छन् ।

कला देशलाई अन्तर्राष्ट्रिय परिवेशसम्म चिनाउने सहायक हतियार हो । देशको सङ्ग्राहलयमा सङ्ग्रहित विभिन्न वस्तुहरूदेखि मठमन्दिरमा निर्मित कलाका विभिन्न स्वरूपको अवलोकनार्थ विदेशी पर्यटकहरूको आगमनले यसको आवश्यकताको जानकारी दिन्छ । आफ्नो देशको संस्कृतिको एउटा आधार कलात्मक वस्तुहरूको जानकारी अन्य क्षेत्रसम्म पुऱ्याउन पर्यटकहरू महत्त्वपूर्ण भएका हुन्छन् । यसकारण पनि कलात्मकताको परिचयाक वस्तुहरू संरक्षण र सम्बर्द्धन गर्नु राष्ट्रको दायित्व हो ।

निबन्धकार तेजेश्वरबाबु ग्वंग: का निबन्धहरूमा चित्रकला, काष्ठकला, मूर्तिकला जस्ता विषयहरूलाई उठाइएको छ र यसको प्रभाव र उपदेयताको चर्चा गरिएको छ । संस्कतविद् ग्वंग: संस्कृतिको पहिचानमा आफ्नो लेखनी दौडाउँछन् र साहित्यका मार्फत यसको महत्त्व दर्शाउँदै संरक्षण, सम्बर्द्धन र सम्बरणका लागि आह्वान् गर्दछन् । उनका कलाविषयक निबन्ध यस प्रकार छन् :

- 'हाम्रो प्राचीन कालमा जीवनको अभिव्यक्ति' निबन्ध
- 'आँखाका ढोकाहरू' निबन्ध
- 'अमूर्तताभित्रका मूर्तिहरू' निबन्ध

### ५.२.३.१ 'हाम्रो प्राचीन कालमा जीवनको अभिव्यक्ति' निबन्ध

प्रस्तुत 'हाम्रो प्राचीनकालमा जीवनको अभिव्यक्ति' निबन्ध सर्वप्रथकम २०१७ सालको **शारदा** मासिक पत्रिकामा प्रकाशित भएको थियो भने पछि २०५२ सालमा यसलाई **संस्कृतिका आयाम** सङ्ग्रहभित्र समावेश गरी पुनः प्रकाशन गरेको देखिन्छ । यसको विस्तार जम्मा पृष्ठ १६७ देखि १७६ सम्म भएको छ र यो २० अनुच्छेदहरूमा संरचित अपेक्षाकृत लामो आकारको संरचना भएको निबन्ध हो । यो प्राचीन कालमा जीवनको अभिव्यक्तिलाई वस्तुपरक ढङ्गले वर्णन गर्ने पाँचशब्दे पदावलीगत शीर्षक भएको तृतीयपुरुष दृष्टिबिन्दुमा प्रस्तुत निबन्ध हो ।

प्रस्तुत 'हाम्रो प्राचीनकालमा जीवनको अभिव्यक्ति' निबन्धमा कला र जीवन बीचको सहसम्बन्ध प्राचीन कला परम्पराका आधारमा खोज्ने प्रयास गरिएको छ । पुराना-पुराना कलाकृतिहरूमा जीवनको सशक्त प्रभावकारी चिन्त्रण गरिएको छ भन्दै निबन्धकारले त्यसप्रति सचेत रहन आग्रह गरेका छन् । प्राचीन कला संस्कृति र परम्परालाई नियाल्ने हाम्रो आँखाहरूमा बादल लागेको छ र त्यस्तो बादल कलाको सच्चा अनुभूति गरेर सुन्दर कलाको सिर्जनाबाट मात्र च्यातिन सक्छ भन्ने निबन्धकारको धारणा रहेको छ ।

प्राचीनकालका कलालाई धर्मको संस्कारले नराम्ररी गाँजेको थियो । कलाकारहरू त्यस्तै रूढि र धार्मिक प्रकारका कला सिर्जनामा रूचि दिन्थे । त्यसो भन्दैमा वर्तमान आधुनिक समयमा ती पुराना कला परम्पराको महत्त्व घटेर गएको छैन । त्यस्ता कला संस्कृतिको महत्त्व बुझ्न र जीवनको साँचो र सुन्दर अभिव्यक्ति भेट्टाउन त ती पुराना सम्पदाको पुर्नसृजना र संरक्षण गर्नुपर्ने निबन्धकारको आग्रह रहेको छ । प्राचीन कलाको आवरणभित्र जीवनको यथार्थता र मूर्तता भेटेपछि निबन्धकार 'कला कलाकै लागि' नभएर कला जीवनका लागि हुनुपर्ने कुरामा सङ्केत गर्दछन् । कलाकारको मनोभाव र जीवनदर्शनको छाप कलामा परेकै हुन्छ । नेपाली प्राचीन कलाहरू काल्पनिक ईश्वरवादमा ढालिएका आजीव प्रकारका छन् । यसको अर्थ यी कलाहरू जीवनबाट टाढा छन भन्ने ठान्नु हुन्न । पुराना कलाकृतिमा देखिने दसटाउके रावण, सोह्रहाते भगवती र हात्तीसुँडे गणेश आदि धर्म ग्रन्थका आडमा तयार पारिएका मूर्तिकला हुन् । यिनै दसटाउके रावणको सोझो अर्थ नभएर अन्यन्तै चलाख र बुद्धिमान् भन्ने जीवनसन्दर्भ अर्थ निकाल्ने कुरालाई विचार पुऱ्याउनुपर्छ । यस्तो सोह्र हाते भगवतीको रहस्य हो । आठ जना आइमाईले गर्ने कार्यहरू एक्लै गर्न सक्ने अत्यन्तै सिपालु तथा कार्यकुशल नारी भन्ने बुझ्नुपर्छ । प्राचीन कालका कला आध्यात्मिक र रहस्यावदी शैलीमा प्रस्तुत भएका थिए । तापनि तिनमा जीवन समाजसित मेल नखाने कुरा मात्र छन् भन्न सकिन्न । भक्तपुरको राष्ट्रिय चित्र सङ्ग्रहालयका लाल वैठकमा रहेका चित्रहरू अनि कुमारी चोकका नवरससम्बन्धी पाषाण मूर्तिहरु आदिको कलालाई हेरेर कला कलाका लागि वा जीवनका लागि वा परिवर्तनका लागि भन्ने छुट्याउन सकिन्छ । अनि कलाको याथर्थवादी तथा रहस्यवादी शैलीलाई पर्गेल्न सकिन्छ । ती कलाहरू तीव्र कल्पना शक्तिको प्रयोग गरेर तयार पारिएका हुनाले सोझै जीवनसित नगाँसिए पनि तिनका प्रतीकात्मक अर्थ केलाउँदा जीवनसँग जोडिन जीवनका मूलभूत अर्थ प्रस्तुत गर्न सक्षम देखिन्छन् ।

### ५.२.३.२ आँखाका ढोकाहरू' निबन्ध

प्रस्तुत 'आँखाका ढोकाहरू' निबन्ध सर्वप्रथक २०४४ साल असारको **कलाकृति** पत्रिका वर्ष २१, पूर्णाङ्क ९ मा प्रकाशित भएको हो र २०५२ सालमा **संस्कृतिका आयाम** सङ्ग्रहभित्र समावेश भएको छ । यसका विस्तार पृष्ठ १९३ देखि १९८ सम्म भएको र संरचना २२ ओटा अनुच्छेदमा पूर्ण भएको छ । दुईशब्दे पदावलीगत शीर्षकको यो निबन्ध मझौला आकार र तृतीयपुरुष दृष्टिबिन्दुमा लेखिएको वस्तुपरक अभिव्यक्ति हो ।

प्रस्तुत निबन्धमा निबन्धकारले आँखाको महत्त्वलाई कलात्मक रूपमा व्याख्या गरेका छन् । यसमा निबन्धकारले वस्तुकलाका रूपमा प्रयोग गरिने झ्याल ढोकामा राखिने आँखाको प्रतीकात्मक अर्थ रहने बताएका छन् । उनले आँखालाई बाहिरी सतही आँखाका रूपमा मात्र नलिएर भित्री आँखा अर्थात् विवेक ज्ञानका प्रतीकात्मक अर्थका रूपमा लिएका छन् । यसै सन्दर्भमा निबनधकारले स्वयम्भूका दुई आँखा तथा महादेवको तेस्रो आँखाका चर्चा गरेका छन् । निबन्धकारका अनुसार यी आँखाका प्रतीकात्मक अर्थ रहेको छ र यिनले भित्री ज्ञानलाई बुझाएका छन् ।

आँखाका ढोकाहरू युगअनुसार खुल्दछन् । तिनमा युगसापेक्ष मूल्य र युगीन भाका वा अर्थ लुकेका हुन्छन् । आँखाका ढोकाहरू बुझ्न नसक्नु विवेकशूल्य हुनु वा अन्धो हुनु हो । त्यसैले ढोकामा आँखाहरू जड्नु वा कुद्नु युगसापेक्ष कुरा हो । यी युगका शैली र सीपहरू हुन् । कलाकारले समय र परिस्थितिलाई आँखाका ढोकाहरूद्वारा अभिव्यत्ति दिएका हुन्छन् । समाज र जीवनका मूल्य र मान्यतालाई अभिव्यक्त गर्नु कलाकारका पारखी कला हुन् । हामीले पनि आँखाका ढोकाहरू बुझ्न हाम्रा चेतना, विवेक र मनका ढोकाहरू उघार्न सक्नुपर्छ ।

यो निबन्ध सरल, सहज, प्रवाहमय विश्लेषणात्मक, भावुक वर्णनात्मक र कल्पनाशील भाषाशैलीको देखिन्छ अनि कलाजगत्को व्याख्यामा केन्द्रित चिन्तनपरक अभिव्यक्तिमा भेटिन्छ ।

### ५.२.३.३ 'अमूर्तताभित्रका मूर्तिहरू' निबन्ध

प्रस्तुत 'अमूर्तताभित्रका मूर्तिहरू' निबन्ध प्रथम पटक २०४७ साल पौषको **अभिव्यक्ति** वर्ष २१, पूर्णाङ्क ६३ हेमन्तऋतु अङ्कमा प्रकाशन भएको थियो र यो पुनः **संस्कृतिका आयाम** सङ्ग्रहभित्र समावेशगरी २०५२ सालमा प्रकाशन भएको देखिन्छ । यसको विस्तार पृष्ठ १७७ देखि १८३ सम्म भएको छ । र यसको संरचना २० ओटा अनुच्छेदबाट तयार पारिएको छ । दुईशब्दे पदावलीगत शीर्षकको यो निबन्ध वस्तुपरक ढङ्गले मूर्तिहरूभित्र लुकेको अमूर्त पक्षहरूको वर्णनमा केन्द्रित भएकाले तृतीयपुरुष दृष्टिबिन्दुमा प्रस्तुत भएको देखिन्छ ।

निबन्धकारले अमूर्त भनेर अस्वीकार गरेका कतिपय पुरातात्त्विक सिर्जना र कलाकृतिभित्र मूर्तताको आकृति खोज्ने काम गरेका छन् । काट्छाट्युक्त परम्पराको विश्लेषण गर्ने विषयवस्तुहरू सजिलै चिन्न बुझ्न र पहिचान गर्न सकिने तथा स्वतः बोधजन्य

ठहरिन्छन् । जसले जागरणको उज्यालो दिन सक्छ । यसो भन्दैमा अमूर्त मूर्ति परम्परालाई वेवस्ता नगरी तिनलाई विवेकको आँखाले हेर्न सकेमा मूर्तिभित्र पनि मानवजीवनको ढुकढुकी भेट्टाउन सकिने धारणा निबन्धकारको रहेको छ । कलाका दृष्टिले हरेक सिर्जना सान्दर्भिक हुन्छन्, हरेक सृष्टिमा प्राण हुन्छ । त्यसलाई चिन्न नसक्नु मानवको भूल हो । वस्तु स्वयम् अमूर्त र मूर्त भनेर वर्गीकृत हुने पदार्थ होइनन् । बरू अमूर्त मान्छे हो र मान्छेको हेर्ने दृष्टिकोण हो । मानिसभित्र चेतनाकोद्वार खुलेमा वस्तुहरू स्वतः अर्थिन थाल्दछन् । जसका लागि मानिसमा सामूहिक स्वार्थको भावना पलाउनु पर्ने खाँचो उनले देखेका छन् । अमूर्तता मूर्तिको गर्भशाय हो भने त्यहाँ कलाकारका प्रतिभा, चेतना सृजनाले अमूर्तताभित्र पनि अनेक तथ्यहरूलाई मूर्तरूप दिएको कुरा निबन्धकारले उल्लेख गरेका छन् । अमूर्तता एक शैली पनि हो । अमूर्तताभित्रका मूर्तिहरू शिल्पीको हातबाट मूर्त भईदिंदा समाजमा एउटा जागरण विउँझन्छ । जागरणको बिउँझाइसित नव उन्मेषणहरूका पाइला अगि सर्न थाल्दछन् । नव उन्मेषले पाइला सार्नु अमूर्तताभित्रबाट मूर्तताको आलोक फैलदै जानुको पर्याय हुन्छ । जिशासाले अमूर्तताभित्रको मूर्तिको पूर्वरूप अवतरण गरिदिन्छ । मूर्तता र अमूर्तता युगबोधको परिप्रेक्ष्यमा अमूर्तताबाट मूर्त र मूर्तताबाट अमूर्त बन्छ । प्राचीन अर्धनारीश्वर लक्ष्मीनारायण र हरिशङ्करका अर्धाङ्गी मूर्किकलाहरू मूर्तताभित्रका अमूर्तता र अमूर्तताभित्रका मूर्तता दुवै हुन् । यी लक्ष्मीनारायण र हरिशङ्करका अर्धाङ्गी मूर्तिकलाहरू मूर्तताभित्रका अमूर्तता हुन् । व्याख्याले कल्पनाभित्र अन्तरनिहित अमूर्ततालाई मुर्त्याइदिन्छ । पुरुष र नारीको महिमा गाउन सफल कलाकारको अर्धानारीश्वरको रहस्यमय मूर्तिकुँदी यसद्वारा नारी र पुरुषको प्रकृति शक्तिको अमूर्तता मूर्त हुन सक्छ । अर्धनारीश्वर मूर्तिहरूबाट अमूर्तताभित्रका मूर्तिहरू खुल्दछन् । मूर्तिभित्रका अमूर्तताहरू पनि व्याख्यायिता हुन्छन् ।

**निष्कर्षः**

तेजेश्वरबाबु ग्वंगः को कलाविषयक निबन्धहरू पनि संस्कृतिसँग सम्बद्ध देखिन्छन् । उनले प्राचनीकलामा जीवनको अभिव्यक्ति, मूर्तिहरूमा पाइने अमूर्तता र नेपाली कलाकारले ढोकामा कुँदेका आँखाहरूका सन्दर्भबाट कलाकृतिमाथि आफ्नो विश्लेषक दृष्टिहरू पुऱ्याएका छन् । यसै सन्दर्भमा ग्वंगःले चित्रमूर्ति, काष्ठ आदि कलालाई साहित्यिक रूप दिएर आफ्ना कलाविषयक निबन्ध प्रस्तुत गरेका छन् । विभिन्न कुला र संस्कृतिको दोहोरो सम्बन्ध देखाएर निबन्धकारले कलाको महत्त्वलाई उजागर गरेका छन् । समग्रमा हेर्दा उनका निबन्धहरूमा कला र संस्कृतिको साहित्यिक स्वरूप पाइन्छन् ।

### ५.२.४ धार्मिक स्थल र पर्यावरणविषयक

मानिसलाई अनुशासनको दायरामा राख्न धर्म संस्कृतिको भूमिका अहम् हुन्छ । हामीलाई चोर्नु हुँदैन, झुटो बोल्नु हुँदैन, ठूलालाई सत्कार र सानालाई प्रेरित गर्न सक्नुपर्छ, भन्ने जस्ता नैतिक आदर्शलाई अबलम्न गर्न धर्मले सिकाएको हुन्छ । विभिन्न क्षेत्रमा छरिएका धार्मिक स्थलहरूमा यस्तै धार्मिक आस्था लुकेको हुन्छ । मान्छेले परत्र सुधारेर स्वर्गीय आनन्द प्राप्त गर्न धार्मिक स्थलमा गएर आफूलाई धर्म कर्ममा तल्लीन बनाउँछ । विभिन्न देवदेवीका नाममा स्थापित धार्मिक स्थलहरूले व्यक्तिमा विश्वास र संयमको विकास गरेका हुन्छन् । समाजलाई आदर्शको मार्गतर्फ डोऱ्याएर प्राचीन, धार्मिक, संस्कृतिको सम्बर्द्धन तथा संरक्षण गर्न धार्मिक स्थलहरूको महत्त्वपूर्ण भूमिका हुन्छ ।

पर्यावरण भनेको हाम्रो वरिपरिपरिको वातावरण हो । देशकाल सुहाउँदो वातावरणले मात्रै मानिसलाई गतिशील बनाउन सक्दछ । स्वच्छ पर्यावरणमा हुर्किएको मानिसको विचार तथा उद्देश्य स्वच्छ हुने गर्दछ । मानिसका कतिपय क्रियाकलापहरू पर्यावरणमै निर्भर रहेका हुन्छन् । पर्यावरणभित्र संस्कृति लुकेको हुन्छ । हामी कतिपय वनस्पति तथा पशुपक्षीहरूका सम्झनामा उनीहरूको पूजाआराधना गर्ने गर्दछौं । वनस्पति र पशुपक्षीहरूले पर्यावरणलाई सन्तुलित बनाइरहेका हुन्छन् ।

निबन्धकार तेजेश्वरबाबु ग्वंगःले आफ्ना निबन्धहरूमा संस्कृतिलाई जीवन्त राख्न धार्मिक स्थल र पर्यावरणलाई महत्त्व दिएका छन् । आस्तिकतामा बढी विश्वास गर्ने मानव समुदालयलाई यस्ता वातावरणसुहाउँदो जीवन व्यतित गर्न पर्यावरणविषयका निबन्ध सहयोगी बनेका छन् । उनका यससम्बन्धी निबन्धहरू निम्नानुसार छन् :

‘प्रकृतिपूजा र पर्यावरणपालन’ निबन्ध

‘धार्मिक सामञ्जस्यको प्रतीकः मुक्तिक्षेत्र निबन्ध’

#### ५.२.४.१ ‘प्रकृतिपूजा र पर्यावरणपालन’ निबन्ध

प्रस्तुत ‘प्रकृतिपूजा र पर्यावरणपालन’ निबन्ध पहिलोपटक **समकालीन साहित्य** वर्ष ३, अङ्क ४, पूर्णाङ्क १२, कार्तिक, मङ्सिर, पुष २०५० मा छापिएको हो र यसलाई २०५२ सालमा **संस्कृतिका आयाम** सङ्ग्रहभित्र समेटेर पुनः प्रकाशित गरिएको छ । यसको विस्तार पृष्ठ १६ देखि २१ सम्म फैलिएको छ । यसको संरचनालाई २० ओटा अनुच्छेदमा

पूरा गरिएको छ । मझौला आकार र पदावलीगत शीर्षकमा रहेको यो निबन्धलाई पनि वस्तुपरक वर्णनकै पद्धति अँगालिएको तृतीयपुरुष दृष्टिबिन्दुमा अभिव्यक्ति गरिएको छ ।

तेजेश्वरबाबु ग्वंगः को 'प्रकृतिपूजा र पर्यावरणपालन' शीर्षकको प्रस्तुत निबन्धमा प्रकृतिमा रहेका र त्यससँग जोडिएका विविध सांस्कृतिक पक्षलाई समेटिएको छ । प्रस्तुत निबन्धमा निबन्धकारले भक्तपुरका किसानले ऋषि-तर्पनीका दिन भ्यागुतालाई भात खुवाउने चलनको उल्लेख गरेका छन् । यस किसिमको चलन चल्नुमा निबन्धकार स्वाभाविक र प्रकृतिप्रेमका नमुना मान्दछन् । निबन्धकारले भ्यागुताले किसानहरूका बाली संरक्षण गर्न मद्दत् पुऱ्याउने हुनाले तिनीहरू प्रकृतिका वरदान भएको बताउँछन् । भ्यागुताले धानबाली नष्ट गर्ने कीरा फट्याङ्ग्रालाई खाएर प्राकृतिक सन्तुलन ल्याउने हुनाले ती प्रकृतिका वरदान सावित भएका र तिनलाई मानिसले पूजा गर्नुपर्ने तर्क राख्दछन् । यसै सन्दर्भमा निबन्धकार भ्यागुता, सर्प र बिच्छीको त्रिकोणात्मक सम्बन्ध देखाई प्राकृतिक सन्तुलनको उल्लेख गर्दछन् । नाग पञ्चमीमा नागको पूजा गर्नु पनि संस्कृतिको एक पक्ष भएको कुरा निबन्धकार बताउँछन् । यस्ता संस्कारको लोप हुँदै जान थालेकोमा निबन्धकार चिन्तित देखिएका छन् ।

निबन्धकारले यी प्रचलनसँग हाम्रा संस्कारहरू प्रत्यक्ष जोडिएका हुनाले यस्ता संस्कृतिको संरक्षण गर्नुपर्ने तर्फ निबन्धकारको जोड देखिन्छ । यसैगरी निबन्धकार तिहारमा गरिने काग पूजा, कुकुर पूजा, गाई पूजा, गोवर्द्धन पूजा आदिका चर्चा गर्दछन् । यी चाडहरूले हाम्रो संस्कारलाई प्रत्यक्ष प्रभाव पार्ने र यी प्रकृतिसँग जोडिने भएकाले निबन्धकार उक्त प्रचलन संरक्षण गरिनुपर्ने कुरामा जोड दिन्छन् । यसैगरी वरपिपल लगाउने प्राकृतिक सन्तुलन हुने र मानिसका लागि पर्याप्त अक्सिजन दिने हुनाले ती मानिसका लागि लाभादायक हुने कुरा प्रस्तुत निबन्धमा निबन्धकार बताउँछन् । नदीहरूको संरक्षण गरी तिनबाट स्वच्छ पानी पिउन सकिने तथा मानिसका लागि आवश्यक बिजुली उत्पादन गर्न सकिने हुनाले नदी पनि प्रकृतिको एक वरदान भएको र त्यसको पूजा हुनुपर्ने तर्फ निबन्धकारको जोड रहेको देखिन्छ ।

निबन्धकार ग्वंगः प्रकृतिमै सबैथोक रहेको र ती वस्तुसँग हाम्रा विभिन्न संस्कार जोडिएका हुनाले प्रकृतिको पूजा गर्नुपर्ने कुरा प्रस्तुत निबन्धमार्फत व्यक्त गर्दछन् ।

### ५.२.४.२ 'धार्मिक सामञ्जस्यको प्रतीकः मुक्तिक्षेत्र' निबन्ध

प्रस्तुत 'धार्मिक सामञ्जस्यको प्रतीकः मुक्तिक्षेत्र' निबन्ध पहिलोपटक २०४३ साल मङ्सिरको **मधुपर्क** वर्ष १९, अङ्क ७, पूर्णाङ्क २१० मा प्रकाशित भई २०५२ सालमा

**संस्कृतिका आयाम** सङ्ग्रहभित्र समावेश गरी पुनः प्रकाशनमा आएको हो । यसको विस्तार पृष्ठ ४४ देखि ४७ सम्म भएको छ र यसको संरचनालाई पूर्णता दिन यसभित्र १६ ओटा अनुच्छेदहरु रहेका छन् । यो मझौला आकारको वस्तु वर्णनमा केन्द्रित रही तृतीयपुरुष दृष्टिबिन्दुमा प्रस्तुत भएको निबन्ध हो ।

तेजेश्वरबाबु ग्वंगः को 'धार्मिक सामञ्जस्यको प्रतीक मुक्तिक्षेत्र' शीर्षकको निबन्धमा सांस्कृतिक पक्षको व्यापक चर्चा गरिएको छ । प्रस्तुत निबन्धमा निबन्धकारले मुक्तिक्षेत्र बौद्ध, हिन्दू, क्रिश्चियन, यहुदी, मुसलमान तथा शैव सबै धर्मको शान्त तपोभूमि रहेको उल्लेखगरेका छन् । निबन्धकार मुक्तिक्षेत्र केवल धर्मका लागि मुक्तिक्षेत्र नभएर मानसिक सन्तोष र शान्तिको क्षेत्र भएको बताउँछन् ।

मुक्तिक्षेत्र मुस्ताङ जिल्लाको १२.२०० फिट अग्लो ठाउँमा रहेको एक पवित्र स्थल रहेको कुरा निबन्धकारले चर्चा गरेका छन् । मानसिक शान्ति र सन्तोषको मुक्तिको स्रोत बनेको मुक्तिक्षेत्र पर्यावरणीय दृष्टिले पनि उल्लेख्य रहेको कुरा निबन्धकार बताउँछन् । मुक्तिनाथको चिसोपनले जीवनभित्रको न्यानोपनलाई प्रतीकात्मक रूपले सङ्केत गर्नेकुरा यस निबन्धमा निबन्धकारले उल्लेख गरेका छन् । मुक्तिनाथको १०८ धाराको पानी गाईको शिर र मुखबाट प्रवाहित भएको कुरा पनि हाम्रो संस्कृतिसँग जोडिएको निबन्धकार बताउँछन् । मुक्तिनाथको मूर्ति, हिन्दू र बौद्ध धर्मको प्रतीकका रूपमा रहेको र यिनीहरूले धर्मबीचको धार्मिक सामञ्जस्य, सहिष्णुता र अस्तित्वको जगेर्ना गरेको कुरा निबन्धकार बताउँछन् । बौद्ध धर्म मान्ने लामा तथा हिन्दू धर्म मान्ने ब्राम्हणले संयुक्त रूपमा पूजा गर्ने चलनलाई उनले धार्मिक सामञ्जस्यका रूपमा लिएका छन् । बौद्ध धर्ममा माहिला छोरा लामा र कुमारी झुमा बस्ने प्रचलन रहेको कुरालाई समेत निबन्धकारले सङ्केत गरेका छन् । मुक्तिनाथको मुद्रालाई निबन्धकारले फक्रेको कमलको फूलसँग तुलना गरेका छन् र फूलबाट बीज बन्नु विकासको प्रतीक भएको बताएका छन् ।

यसरी निबन्धकारले मुक्तिक्षेत्र हाम्रो धार्मिक तथा अन्य संस्कारसँग प्रत्यक्ष सम्बन्ध भएको र धार्मिक सामञ्जस्यको प्रतीक भएको बताएका छन् ।

## निष्कर्ष

धर्मले विश्वास बढाउँछ । सद्व्यवहारको आचरणलाई मानवमानसिकतामा पुऱ्याउने आधार धर्म नै हो । विभिन्न धार्मिक स्थलहरूमा मानिसहरूको आध्यात्मिक निष्ठाका साथ

उपस्थिति हुने गर्दछ । यस्तै पर्यावरणले वातावरणलाई सुसूचित गर्दछ । पर्यावरणभित्र मानवजीवनका आरोहअवरोहहरू लुकेका हुन्छन् ।

निबन्धकार तेजेश्वर बाबु ग्वंगः का धार्मिक तथा पर्यावरणविषयक निबन्धहरूले धर्म र पर्यावरणका अनेकानेक प्रकृतिमाथि प्रकाशपार्ने कार्य गरेका छन् । धार्मिक स्वभावको विकास गराई मानिस-मानिसबीचको भावानात्मक एकता कायम राख्न उनका निबन्ध सफल बनेका छन् । यसैगरी पर्यावरणका विभिन्न सन्दर्भहरूले यसका सकारात्मक पक्षहरूको प्रस्तुतिसहित संरक्षण र संवर्द्धनको आवश्यकता औंल्याएका छन् । यसैले ग्वंगःका धार्मिक तथा पर्यावरणसँग सम्बन्धित निबन्धहरू उपयोगी र महत्त्वपूर्ण सावित भएका छन् ।

## ५.२.५ पहिरनविषयक

पहिरनले सामान्य रूपमा व्यक्तिको शारीरिक बनावटलाई झल्काउन मद्दत गरेको हुन्छ, तर पहिरनको स्वरूप यतिमात्र होइन । पहिरनबाट राष्ट्रिय तथा क्षेत्रीय अनि सामाजिक तथा जातीय पहिचान कायम भएको हुन्छ । कतिपय पहिरनले राष्ट्रलाई अन्तर्राष्ट्रिय क्षेत्रसम्म चिनाइरहेका हुन्छन् । राष्ट्रिय पोसाक यसैको उदाहरण हो । भौगोलिक वातावरणअनुकूलका पहिरनले देशको भूवनावटलाई चिनाएका हुन्छन् भने जातीय पहिरनले विभिन्न जातजातिका परम्परित सांस्कृतिक मूल्य मान्यतालाई जीवन्त राखेका हुन्छन् ।

नेपाल भौगोलिक तथा जातीय विविधतामा अडेको देश हो । हिमाली समुदाय तथा मधेशी समुदायका विभिन्न जातिहरूका आ-आफ्नै सांस्कृतिक विशेषताहरू छन् । यिनीहरूका लुवाइ-खुवाइमा पृथक्ता पाइन्छ । यिनीहरूका आचरणहरू भिन्नाभिन्नै हुन्छन् । चार वर्ण छत्तीस जातको साझा चौतारीका रूपमा परिचित नेपालका बासिन्दाको पहिचानमा पहिरन सहयोगी हुन्छ । हिमालका भोटे हुन् या तराईका मधेशीहरू हुन् वा उपत्यकाका नेवार हुन् या पूर्वका किराँतीहरू हुन् सबैले आफ्नो जातीय पहिरनले आफ्नो संस्कृतिलाई बचाएका हुन्छन् । थरीथरीका वेशभूषामा सजिएका व्यक्तिहरूबाट परम्परा बचेको हुन्छ । यस्तै विभिन्न धर्मका धार्मिक पहिरनले धर्म संस्कृतिको जगेर्ना गरेका हुन्छन् । आफ्ना धार्मिक सम्प्रदायलाई बचाउँदै धार्मिक सहिष्णुतालाई अक्षूण्णा राख्न यस्ता पहिरनहरू सहयोगी बनेका हुन्छन् । ग्वंगः का कतिपय निबन्धले पहिरन संस्कृतिभित्र अडिएका यिनै विभिन्न मूल्यलाई बचाएका देखिन्छन् । उनका पहिरनसम्बन्धी निबन्धहरू यस प्रकार छन् :

'दौरा-सुरूवाल' निबन्ध

'शिरपोश' निबन्ध

### ५.२.५.१ 'दौरा-सुरूवाल' निबन्ध

प्रस्तुत 'दौरा-सुरूवाल' निबन्ध वि.सं. २०१९ पुस, माघ, फागुनको **हिमानी** पत्रिका वर्ष १, अङ्क २, मा प्रकाशित भएको थियो । यसलाई **संस्कतिका आयाम** निबन्धसङ्ग्रहभित्र समेटेर २०५२ सालमा प्रकाशित गरिएको हो । यो पृष्ठ १६१ देखि १६६ सम्म विस्तारित भएको छ भने यो १५ ओटा अनुच्छेदहरू मिलेर पूर्ण भएको मझौला आकारको निबन्ध हो । निबन्धकारले आत्मपरक ढाँचामा प्रस्तुत गरेको यसको कथनढाँचा प्रथमपुरुषात्मक बन्न पुगेको छ ।

प्रस्तुत 'दौरा-सुरूवाल' निबन्धभित्र निबन्धकार तेजेश्वर बाबु ग्वंगःले राष्ट्रियता देखाएका छन् । सम्पूर्ण देश अटाएका छन् । नेपाली जनजीवनको प्रतीकका रूपमा रहेको दौरा-सुरूवाल आज शरीरबाट फुकालिएर किलामा झुन्डाउँदै प्राणहीन बनाएकोमा असहमति प्रकट गर्दै ग्वंगःले हाम्रो संस्कृति र वर्तमान जीवनबीच नङग र मासुको सम्बन्ध रहेको उल्लेख गरेर पूर्खाको रीति, संस्कृति र परम्परालाई स्वीकार्न आग्रह गरेका छन् ।

दौरा-सुरूवालभित्र नेपालको सिङ्गो भौगोलिक स्थिति र सांस्कृतिकता र स्वाभिमान अटाएको छ । ग्वंगः ले अन्तर्राष्ट्रिय पहिरनले बजार ओगटेको वर्तमान सन्दर्भमा यस्ता कुराहरूप्रति कटाक्ष गर्दै नेपाली माटोको बासना आउने कपाडा नै पहिरन सम्पूर्ण नेपालीलाई सल्लाह दिएका छन् । महिलाविशेषले लगाउने कपडा गुन्यू चोली र पछ्यौरीबाट संस्कृतिको जगेर्ना र पुर्नउत्थानको अपेक्षा गरेका छन् ।

नेपाली पुर्खा र वीरहरूको आर्जन दौरा-सुरूवाल र पछ्यौरीसँग पश्चिमी कोट पाइन्टको तुलना असम्भव छ भन्दै ग्वंगःले दौरा-सुरूवाललाई नेपाली पुरुषको उत्तरदायित्वको प्रतीक र पुरुष समानताका चर्का प्रश्न उठिरहेको यो समयमा उनले पुरुष सरह हुन् महिलालाई दुई वित्ते छोटो परिहन नलगाएर दौरा सुरूवालकै समकक्षी पहिरन पहिरन आग्रह गरेका छन् । नेपाली समाजमा दौरा सुरूवाललाई औपचारिकता र उर्दिका रूपमा हेर्ने डरलाग्दो मानसिक भूत सवार भएको छ भन्दै उनले दौरा सुरूवाललाई प्रतिष्ठा र मानसम्मानको विषय नमानी राष्ट्रिय पहिचान स्वाभिमान र उत्तरदायित्वका रूपमा हेर्न आग्रह गरेका छन् ।

यसरी दौरा-सुरूवालले सर्वोपरी महत्त्व र उच्च स्थान रहँदा-रहँदै पनि दौरा सुरूवालको विकल्पमा किसिम-किसिमका फेसनबाट वाक्क भएका निबन्धकार ग्वंगः धनको धाक देखाउने र अस्वस्थ प्रतिस्पर्धा बढाउने साधनका रूपमा नहेरी राष्ट्रिय पोसाकका

रूपमा दौरा सुरूवालको प्रयोग गर्न जोड दिन्छन् । यसबाट धार्मिक, आर्थिक, राजनीतिक, सांस्कृतिक र जातीय विभेदहरू अन्त्य भई राष्ट्रिय मेलमिलाप शान्ति सुव्यवस्था र अमनचयनको स्थिति आउन सक्छ भन्दै उनले दौरासुरूवालका पक्षमा निबन्धभरी नै सार्थक नारा घन्काएका छन् ।

निबन्धकार ग्वंगःको 'दौरा-सुरूवाल' निबन्धलाई समग्रमा हेर्दा निबन्धभित्र सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनीलाई दौरा सुरूवाल र गून्युचोली पछ्यौरीको प्रयोग गरी पुर्खाको परम्परा रीतिरिवाज र संस्कृति जोगाई विश्वसामु चिनाउन उनले जोडदार आग्रह गरेका छन् ।

### ५.२.५.२ 'शिरपोश' निबन्ध

प्रस्तुत 'शिरपोश' निबन्ध वि.सं. २०५१ फागुन १३ मा **गोरखापत्र** दैनिक पत्रिकामा प्रकाशित भएको थियो । यसलाई शिरपोश माहात्म्य नाम दिएको थियो पछि २०५२ सालमा प्रकाशित **संस्कृतिका आयाम** निबन्धसङ्ग्रहमा शीर्षक छोट्याई 'शिरपोश' नामबाट पाठकमाझमा प्रस्तुत गरियो । यस निबन्धको विस्तार पृष्ठ १२० देखि १२४ सम्म भएको र लामा-छोटा गरी १७ ओटा अनुच्छेदले पूर्णता पाएको मझौला आकारमा प्रस्तुत भएको प्रथमपुरुषात्मक दृष्टिकोणद्वारा अभिव्यक्त गद्य रचना हो ।

प्रस्तुत 'शिरपोश' राष्ट्रिय संस्कृतिप्रति आस्थाप्रकट गरिएको निबन्ध हो । इन्डोनेसियाका भूतपूर्व राष्ट्रपति सुकार्ने र उनका राष्ट्रको पहिचान टोपी बन्यो र उनका विचारको पर्याय बनेर विश्वप्रसिद्ध हुन पुग्यो तर भादगाउँले टोपी विविध महिमा र लाभले युक्त हुदाँहुदै पनि अझै पछिल्ला पुस्ताले यसलाई स्वीकार्न नसक्नु विडम्बना नै हो । भादगाउँले टोपी वा शिरपोश नेपाली राष्ट्र र राष्ट्रियता दुवैको प्रतीक बनेको छ । यो पहाड र हिमालको आलाङ्कारिक स्वरूप पनि हो । यो आत्माको न्यानोपन थाती राख्न सहायक छ । त्यसैले जीवन्त छ । यसले राष्ट्रिय पर्यावरणलाई जोगाएकाले यसको गरिमा उच्च छ निबन्धकारले राष्ट्रिय पोसाकको माध्यमबाट आफूमा रहेको देशभक्तिको उच्चतम् विचार र भाव अभिव्यक्त गरेका छन् । राष्ट्रिय पोसाकको गरिमा प्रस्तुति गर्ने क्रममा उनले आफ्ना विदेशयात्राको रमाइलो अनुभवलाई रोचक पारामा प्रकट गरेका छन् । मातृभूमिप्रतिको आदर्शप्रेम भाव व्यक्त गर्ने, हिमाली र पहाडी संस्कृतिको प्रतीक भादगाउँले टोपीका माध्यमबाट स्वराष्ट्र एवम् संस्कृतिप्रति अटल आस्था र विश्वास गर्ने यस निबन्धको उद्देश्य रहेको छ । राष्ट्रराग र जातिप्रेमको उच्च अभिव्यक्ति निबन्धमा भएको छ ।

निबन्धकार ग्वंगः हाम्रो पूर्खाले स्विकार्दै, पहिँरदै आएको शिरपोशप्रति अति श्रद्धा प्रकट गर्दै यसलाई एक वस्तु वा प्रतीक भन्दा पनि नेपाल राष्ट्रकै संस्कृतिका रूपमा जोगाइराख्न इच्छुक देखिन्छन् ।

## निष्कर्ष

पहिरनले व्यक्तित्वलाई चिनाउँछ । विभिन्न जातजातिसँग सम्बन्धित तथा क्षेत्रीय भौगोलिकतामा आधारित पहिरनले तत्सम्बन्धी जानकारी प्रदान गर्दछ । तेजेश्वरबाबु ग्वंगःका पहिरनसम्बन्धी निबन्धले भौगोलिक वातावरणमा अवस्थित तथा विभिन्न जातिका परम्परित सांस्कृतिक मूल्यलाई साकार रूप दिएका छन् । पहिरन संस्कृतिको परिचयसहित यसको उपयोग र प्रयोग अनि संरक्षण र संबर्द्धनमा उनका निबन्धहरू सफल बनेका छन् ।

## ५.२.६ चाडपर्वविषयक

चाडपर्व भन्नाले धार्मिक र अन्य कुनै प्रकारको उत्सव विशेष बुझिन्छ । [71] यस्ता चाडपर्वहरू थुप्रै किसिमका हुन्छन् । कुनै चाडपर्वले धार्मिक भावना व्यक्त गरेका हुन्छन् भने कुनै चाडपर्वहरू सामाजिक तथा सांस्कृतिक जीवनसँग सम्बन्धित हुन्छन्, यसर्थ चाडपर्वले सामाजिक जीवनको विविध पक्षका साथै धार्मिक, साथै सांस्कृतिक गरिमाको बोध गराउँछ ।

मानवमनमस्तिष्कको सभ्यताका लागि मनोरञ्जन क्रिया आवश्यक पर्दछ, तसर्थ मानिस प्राचीन कालदेखि नै सिकार खेलेर, पासा खेलेर र अन्य विविध प्रकारबाट मनोरञ्जन गर्थे । पछि धार्मिक  भावनामा बढी प्रभावकारी हुँदैगएपछि पूजापाठहरूमा समेत लौकिक मनोरञ्जनका पक्ष समाविष्ट हुँदै आए । हरेक चाडपर्वहरूमा पूजापाठ, धार्मिक भजन कीर्तनका अतिरिक्त हुने नाचगान, भेटघाट, भोजभतेर आदि सबै यसै द्योतक हुन्, यसर्थ चाडपर्वले धार्मिक भावनाका अतिरिक्त मनोरञ्जन परम्परागत रीतिस्थितिको झलक, राष्ट्रिय महत्त्वका विभिन्न पुरूषहरूका प्राचीन संस्कृति तथा सांस्कृतिक सम्पदाको, गरिमा बोध गराउँछ । चाडपर्वले हाम्रो धार्मिक तथा सांस्कृतिक युगपुरूषहरूका सङ्घर्ष, तपस्या, बलिदान, आदर्श सत्कार्यका साथै उनीहरूको खोज, विचार, चिन्तन, विश्वास श्रद्धा आदिको जानकारी दिन सक्छ । [72] चाडपर्वको वर्गीकरण राष्ट्रिय, क्षेत्रीय, जातीय, पारिवारिक आदि रूपमा गर्न सकिन्छ । पितृको सम्झनामा सम्पन्न हुने दूषित प्रेतात्मा तथा रोग व्याधिलाई हटाउन सम्पन्न हुने वा विभिन्न सामाजिक क्रियाकलापलाई इङ्गित गर्ने अनि धार्मिक

---

[71] सत्यमोहन जोशी, **नेपाली चाडपर्व**, (काठमाण्डौः ने.रा.प्र.प्र. कमलादी, २०३९), पृ. १ ।
[72] पेशल दाहाल, **नेपालको इतिहास र संस्कृति**, पूर्ववत्, पृ. १४९ ।

भावना व्यक्त गर्न आदि सबै प्रकारका चाडपर्वहरूको आ-आफ्नै महत्त्व हुन्छ । निबन्धकारले चाडपर्वका यिनै विविध पक्षहरूलाई मनोरञ्जनका साधनमात्र नभएर संस्कृतिको जगेर्ना गर्ने हतियारका रूपमा उठाएका छन् ।

निबन्धकार तेजेश्वरबाबु ग्वंग: ले आफ्ना निबन्धका विषयमा नेपाली सामाजिक र राष्ट्रिय स्तरमा रहेका विभिन्न चाडपर्वहरूलाई चयन गरेको पाइन्छ । नेपाली चाडपर्वहरूलाई आधार बनाएर निबन्ध लेख्ने क्रममा यस सङ्ग्रहमा सङ्ग्रहित निबन्धहरू निम्नानुसार छन् :

- 'सगुनको सुभाषमा म्हपूजा' निबन्ध
- 'जाग्रम शिवरात्री' निबन्ध
- 'पर्यावरणको पृष्ठभूमिमा चाडपर्व : गठेमङ्गलविशेष' निबन्ध
- 'नारी स्वतन्त्रता र शुद्धीकरण संस्कार तीज' निबन्ध
- 'हालिमाली पूर्णिमा' निबन्ध
- 'धनधान्यपूर्ण योमरी पूर्णे' निबन्ध

### ५.२.६.१ 'सगुनको सुभाषमा म्हपूजा' निबन्ध

प्रस्तुत 'सगुनको सुभाषमा म्हपूजा' निबन्ध वि.स.. २०४९ कार्तिक ८ गते शनिबारको **गोरखापत्र** दैनिक पत्रिकामा प्रकाशित भएको हो । यसलाई पुनः **संस्कृतिका आयाम** सङ्ग्रहभित्र समावेश गरी प्रकाशन गरिएको दखिन्छ । यसको विस्तार पृष्ठ ७० देखि ७३ सम्म भएको र १५ ओटा लामा-छोटा अनुच्छेदबाट पूर्ण गरिएको मझौला आकारको निबन्ध हो । निबन्धकारले म्हपूजाकै बारेमा सोझो वर्णन गरिएबाट यसको कथनढाँचा तृतीयपुरुषात्मक रहेको छ ।

तेजेश्वरबाबु ग्वंग:को 'सगुनको सुभाषमा म्हपूजा' मा नेवारी संस्कृतिभित्रको जातीय पहिचान भेटिन्छ, आध्यात्मिक आस्था भेटिन्छ, अनि दार्शनिक स्वरूप भेटिन्छ । यस निबन्धमा नेवारी जातिको पहिचान तथा उनीहरूको धार्मिक निष्ठालाई देखाइएको छ । म्हपूजाका लागि उपलब्ध हरेक सामग्रीभित्रका गहनतम अर्थको अन्वेषण गरी त्यसभित्र जीवनलाई खोज्ने काम यहाँ भएको छ ।

म्हपूजा आत्मप्रतिष्ठाका लागि गरिन्छ । त्यस आत्मप्रतिष्ठाको प्रतीक बनेर सगुन उपस्थित भएको हुन्छ । सद्विवेक, सदाचारमै आत्मप्रतिष्ठा हुर्किएको हुन्छ । प्रतिष्ठाको कुनै

सीमा हुँदैन । यो आत्मसँग जोडिएको विषय हो । यही कारणले आत्माको स्वरूप अजरमर भएझैं प्रतिष्ठा पनि सदा बत्तीझैं झलझलाकार बनेर रहेको हुन्छ । निबन्धमा ग्वंगःले म्हपूजाको सन्दर्भलाई उठाएर आत्मप्रतिष्ठाका यस्तै प्रसङ्ग उभ्याएका छन् ।

म्हपूजामा मण्डपलाई पानीले अभिषेक गरी तोरीको तेलले पुरश्चरण गरिन्छ । यसपछि फूल, लावा, अविर, पोताय्ले मन्दिरलाई सिँगारिन्छ । मण्डपको आकृतिमा धान, चामल एक-एक मुट्ठी राखिन्छ । चारैतिर तोरीको तेलयुक्त बत्तीबाट ज्योति निस्किएको हुन्छ । दही सगुनका लागि तयार पारिन्छ । माछा, मासु, फूल जसलाई 'खैँ-सगं' भनिन्छ अर्पण गरिन्छ । जजंका (जनै?) लाई पहिऱ्याइन्छ । ओखर, विमिरो, मखमली फूलको माला शुभाषिश बनी उपस्थित हुन्छ । यी सबैलाई अगाडि राखेपछि आमा अथवा घरकी जेठी मैजुले अभिषेक गरिदिन्छे यसरी म्हपूजाको प्रक्रिया पूर्ण हुन्छ ।

म्हपूजामा प्रयोग हुने हरेक वस्तुहरूभित्रका आध्यात्मिक नैतिक र लोकविश्वासमा अडेको लोकसंस्कृतिलाई सटीक ढङ्गबाट देखाइएको छ । निबन्धकारले मण्डपलाई सटीक ढङ्गबाट देखाइएका छन् । निबन्धकारले मण्डपलाई तोरीको तेलले पुरश्चरण गर्नुलाई प्रगाढीकरण क्रियाको अग्रगामी प्रविधि मानेका छन् । फूल, लावा, अबिर र पोटाय्ले सिँगारिएको मण्डपलाई प्राकृतिक स्वरूपलाई पुनरावृत्त गर्ने प्रतीकात्मक साधन मानेका छन्, । अनि यी वस्तुलाई जीवनसँग तादाम्य गराई प्रकृति र जीवनको अटुट सम्बन्धलाई जोडेका छन् । मण्डवमा मुठी-मुठी राखिने धान चामल धनधान्यको प्रतीक मानेर उपस्थित भएको हुन्छ । बत्तीले जीवन अनन्तसम्म झलमल्ल बन्न सकोस् भन्ने शुभेच्छाको प्रतीकात्मक अभिव्यक्ति दिन्छ । 'खे सगं भित्र दर्शन लुकेको छ । यससँग जोडिएका फुलले नभचर, माछाले जलचर र मासुले थलचरलाई जनाएका हुन्छन् । जजंका् संयोग/समागमको प्रतीकात्मक स्वरूप हो । यसको प्रयोग गर्दा आत्मा सदैव शुद्ध रही सुरक्षित हुन्छ भन्ने विश्वास छ । ओखर आदि फलफूलहरूले जीवनको परिपूर्णतालाई अभिव्यक्ति दिएका छन् । तेलको बत्ती (इता) ले जीवन सदा ज्योतिमय भई उज्वलित हुनुपर्छ भन्ने सङ्केत गर्दछ ।

यसरी संस्कृतिका एउटा नमुना म्हपूजाबाट जीवनका रहस्यलाई खोतल्ने प्रयास गरिएको निबन्धले आत्मा ब्रम्हाण्ड, सद्गुण, सद्विवेक, प्रकृति र मानवका सम्बन्ध जातीय रहनसहन आध्यात्मिक तथा दार्शनिक चिन्तनलाई उठाएको छ । यिनै विविध स्वरूपहरूबाट संस्कृतिको ज्वलन्त उदाहरण म्हपूजाको ख्याति र लोकविश्वासलाई देखाइएको छ ।

### ५.२.६.२ 'जाग्रम शिवरात्री' निबन्ध

प्रस्तुत 'जाग्रम शिवरात्री' निबन्ध सर्वप्रथम **संस्कृतिका आयाम** निबन्धसङ्ग्रहभित्र समावेश गरी २०५२ सालमा प्रकाशित गरिएको हो । यो जम्मा १८४ देखि १८६ मा विस्तारपाएको निबन्ध हो र यसको संरचना १३ ओटा छोटा-छोटा अनुच्छेदमा पूर्ण भएको छ । शिवरात्रीको वर्णनमा केन्द्रित भएकाले यसको कथनढाँचा तृतीयपुरुष दृष्टिबिन्दुमा आधारित बन्न पुगेको छ ।

प्रस्तुत 'जाग्रम शिवरात्री' हिन्दू धर्मसँग सम्बन्धित शिवरात्री पर्वको महिगान गर्ने निबन्ध हो । यस निबन्धभित्र निबन्धकारले ब्रह्मा, विष्णु, महेश्वरको, रूपको प्रसङ्ग उल्लेख गर्दै शिवरात्रीमा रात-रातभर धुनी बालेर धुनीसित रातको अँध्यारो र कालोलाई भष्म पारी नयाँ विहानको अध्याय सुरू गर्ने परम्परागत संस्कृतिको उल्लेख गरेका छन् ।

फागुन कृष्ण चतुर्दशीको मध्यरातमा मनाइन यस पर्वमा रातभरि जाग्रम बसी सुनौलो भविष्य र वसन्तको आगमनको प्रतीक्षा गरिन्छ । मध्यरातमा बालेको धुनीबाट आउने दिनमा विध्न बाधा नपर्ने र आउँने नयाँ वर्ष सुख शान्तिसँग बित्ने अपेक्षाका साथै धर्म, अर्थ, काम, मोक्षसित शिवरात्री पर्वको जाग्रम संस्कार गासिएको छ । शिवलाई कल्याणका प्रतीक मानेर लेखिएको यस निबन्धमा निबन्धकारले शिवरात्री एउटा धारणा, संस्कार र संस्कृतिका रूपमा बसेको चर्चा गरेका छन् । मध्यरातमा जगाइएको धुनीलाई चेतनाको जागृतीकृत विम्बका रूपमा स्विकार्दै ग्वंगः ले 'शव' जीवनको अन्त्यबाट सुन्दर र शान्त समयको शुभारम्भको साइतका रूपमा शिवरात्रीलाई मानेका छन् ।

वसन्त श्रावणपछि लगतै आउने यो शिवरात्रीको धार्मिक र सांस्कृतिक महत्त्व रहेको छ । वसन्त ऋतु नव पल्लव प्रष्फुटित हुने समय हो । यस समयमा नयाँ जोश जाँगर र कामनाको झङ्कार अलङ्कृत हुन्छ । त्यसैमाथि मध्यरातको सुनसान समय नयाँ काम र जोश जाँगरको शुभारम्भ साइत गर्ने अवसर हो भन्दै निबन्धकारले शिवरात्रीका अवसरमा रातभर जाग्रम बसी यसलाई सांस्कृतिक चाँडकै रूपमा मनाउनुपर्ने तर्क पेश गरेका छन् ।

निराकार सर्वव्यापी अजन्मा र निर्वाणजस्ता विभिन्न स्वरूपमा देखेका निबन्धकारले शिवलाई खासमा पशुपति महादेवका पाँचमुखसँग तुलना गरेका छन् । शिवको महिमा र अपार शक्तिको गुणगान गाइने यो पर्व धार्मिक सांस्कृतिक रूपले मात्र नभएर व्यावहारिक रूपमा पनि उत्तिकै महत्त्वपूर्ण छ भन्दै निबन्धकारले शिवलाई कामवासानाको लक्ष्य पारिको साधना मोक्षको स्रोत मानेका छन् । शिवलिङ्ग पूजागर्नुको औचित्य पनि स्पष्ट पारेका छन् ।

महादेवले चञ्चल मृगस्वरूप धारण गरेको आख्यान प्रस्तुत गर्दै ग्वंग:ले शिवलाई कामदेव र भौगोलिक कार्यको प्रणेता मानेर सृजनशीलताको श्रोता ठानेका छन् । यसरी हेर्दा माङ्गलिक भावनाको भरोसा र पूर्णताका लागि नै शिवरात्री पर्व मानेर जागग्रम बस्ने प्रचलन फैलिएको देखिन्छ । धर्म भनेको धारणा हो र धर्मको धारणाले मूर्त व्यवहार लिन थालेपछि संस्कृतिको जन्म हुन्छ भन्दै उनले धर्म पालनाको रीतिरिवाजभित्र प्रकियागत संस्कृतिको मूल रहेको स्वीकारेका छन् । यस दृष्टिले हेर्दा शिवरात्री पर्व हिन्दू धर्म विशेषसँगमात्र नगाँसिएर असल कामको शुभारम्भ गर्ने मुहूर्त  समेत मानिएकाले यसलाई  सम्पूर्ण नेपालीले चाडकै रूपमा मनाउनु पर्ने धारणा निबन्धकारको रहेको छ ।

यसरी मानिसभित्रका कालो, मैलो र कल्मषलाई शिरात्रीको धुनीसँग बालेर मेलमिलाप शान्ति र एकतामा सूत्रबद्ध हुन आहवन् गरिएको यो निबन्ध उनले शिवरात्री पछाडि वसन्तरूपी नयाँ वर्ष सुरू हुने र यसले मानिसमा सकरात्मक सोच जीवनवृत्ति ल्याउन सकोस् भन्ने शुभकामना व्यक्त गरेका छन् भने अर्कातिर धर्म, संस्कृति परम्परा चाडपर्व कुनै जात कूल घरान र वर्गसित सम्बन्धित नभई सम्पूर्ण नेपालीका गर्व भएकाले आपसमा एकताबद्ध भई संस्कृतिलाई विकृतिका रूपमा नमानी मानव आदर्श र मूल्यका रूपमा स्वीकारी अगाडि बढाउनु पर्ने धारणा निबन्धभित्र पोखिएको छ ।

### ५.२.६.३ 'पर्यावरणको पृष्ठभूमिमा चाडपर्व: गठेमङ्गलविशेष'

प्रस्तुत 'पर्यावरणको पृष्ठभूमिमा चाडपर्व' गठेमङ्गलविशेष निबन्ध पहिलो पटक वि.सं. २०४५ को **मधुपर्क** पत्रिकाको वर्ष २१, अङ्क ८, पूर्णाङ्क २३५ मा प्रकाशित भएको र यसलाई २०५२ सालमा **संस्कृतिका आयाम** निबन्धसङ्ग्रहभित्र सङ्कलन गरी पुन: प्रकाशन गरिएको छ । यो स-साना थुप्रै उपशीर्षकहरूमा विभाजित गरी लेखिएको छ र ती उपशीर्षकहरू हुन् । 'रमाइलो पक्ष', 'पर्यावरणीय प्रभाव', 'विश्वास-अन्धविश्वास ', 'समग्र पर्यावरण', 'समस्त चाडपर्व', 'मौसमी चाडपर्व', 'गठेमङ्गल चाड', 'आसुरी प्रवृत्ति' 'दैत्य-आकृति', 'अश्लील यौन नारा', 'शुद्धि सुरक्षा'। यस निबन्धको विस्तार पृष्ठ ४८ देखि ५३ सम्म भएको छ र यसको संरचना ३१ ओटा अनुच्छेदमा पूर्ण भएको छ । यो निबन्ध पनि विषयको वस्तुपरक वर्णनमै प्रस्तुत भएकाले तृतीयपुरुष दृष्टिबिन्दुमा व्यक्त भएको छ ।

निबन्धकारले चाडपर्वलाई जीवनका रमाइलो पक्ष मात्र नभएर चाडपर्वले आफ्नै महत्त्व बोकेको हुन्छ र संस्कृतिको जगेर्ना गरेको हुन्छ जसमा पर्यावरणीय प्रभावको मुख्य भूमिका रहेको कुरामा जोड दिएका छन् । हामीले मान्ने गरेका चाडपर्वहरूमा भौतिक

पर्यावरणका अतिरिक्त सामाजिक, धार्मिक, सांसकृतिक, राजनीतिक, आर्थिक, मनोवैज्ञानिक र वैज्ञानिक पर्यावरणले प्रभाव पारेको हुन्छ । हामीले मनाइने प्रत्येक चाडपर्वहरूमा मौसमको प्रभाव परेको हुन्छ । बसन्त ऋतुको होली, बैसाख जेठको देवाली, अषाढ श्रावणको रोपाईपछि मनाइने गठमङ्गले चाडहरू पनि मौसमअनुकूल पारेर अघि बढाइएको चर्चा पाइन्छ ।

गठेमङगल चाड काठमाडौँ उपत्यकालगायत भक्तपुरमा मनाइने चाड हो । यसलाई राक्षसका प्रतीक मानी ढाल्ने, जलाउने फाल्ने प्रचलन छ । छवाली, नाङ्लो, नर्कट, हाँडी, मकैको घोगाँ, भोगटे पुतली आदिको प्रयोग गरी राक्षसको स्वरूपमा निर्माण गरिने गठेमङ्गललाई दैत्य आकृति र आसुरी प्रवृत्तिको प्रतीकका रूपमा लिइन्छ । साँझको समयमा यसलाई जलाउने क्रममा अश्लील यौन नाराका साथ चिच्याइन्छ । यसमा पनि पर्यावरणीय प्रभावको ठूलो भूमिका देखिन्छ । यी नारा कृषकहरू जब थकित भएर रोपाइ सक्दछन् अनि फुर्सदलाई सदुपयोग गर्दै रमाइलोका साथ यौन नारा चर्काउँछन ।

गठेमङ्गल चाडलाई शुद्धि सुरक्षाको चाड भनिन्छ । यस चाडमा फोहर मैला भएर बसेका कृषकहरू आफ्ना शरीरका साथै घरवरिपरि कीरा फट्याङ्ग्रा, साङ्ला आदि हटाउँदै आफू सुरक्षित भइयोस् भनेर घरका कुनाकाप्चामा आगाको राँको बनाएर सफल गरी आत्मरक्षाका निम्ति पञ्चधातुको औँठी लगाउने प्रचलन छ, जुन संस्कार र संस्कृतिले हामीलाई प्रत्यक्ष र अप्रत्यक्षरूपमा फाइदा पुऱ्याइरहेको हुन्छ । मुख्य पेसाका रूपमा कृषि पेसालाई अँगाली कृषकहरूले खेतमा लगाएको बालीलाई सुरक्षित राख्न छ्वालीको विशाल रासी बाली गठेमङ्गललाई जलाउँदा असङ्ख्य कीराहरू ज्वालासित रमाएर होमिन्छन् र सखाप हुन्छन् । यसरी कृषकहरूले बोटविरूवामा लागेका कीरालाई गठेमङ्गल जलाउँदा सम्पूर्ण कीराहरू मर्ने भएकाले यो चाड कृषकहरूका लागि किट्नाशक औषधीको अभावमा बोटविरूवा सुरक्षित रहने चाडका रूपमा पनि छ ।

यसरी गठेमङ्गल किट्नाशक, गृहसुरक्षा, शरीर शुद्धि, आत्मा सुरक्षा, बाह्य आसुरी, हानीकारक जीवन तथा आन्तरिक रक्त शुद्धि स्वस्थताको अभिवृद्धि गर्ने महत्त्वपूर्ण उत्सव हो । त्यसैले सांस्कृतिक चाडपर्वका लहरमा गठेमङ्गलको महत्त्व छ । मुख्यत यो चाड नेवारहरूको महान् चाड हो जुन चाड फुर्सदका समयमा मनाइन्छ । यस चाडले प्रत्यक्ष र अप्रत्यक्षरूपमा लाभान्वितका साथै प्रफुल्लित तुल्याउने काम गरेको छ, त्यसैले यस्ता चाडवर्प मनाइनु भनेको हाम्रो संस्कार र संस्कृति बचाउनु हो, तसर्थ संस्कृतिको जगेर्ना गर्न यस्ता पर्वहरू मनाइनु पर्छ भन्दै संस्कृतिका पक्षमा निबन्ध लेख्न निबन्धकार ग्वंगः सफल देखिन्छन् ।

### ५.२.६.४ 'नारी स्वतन्त्रता र शुद्धीकरण संस्कारः तीज' निबन्ध

प्रस्तुत 'नारी स्वतन्त्रता र शुद्धीकरण संस्कारः तीज' निबन्ध वि.सं. २०५१ भदौको '**कान्तिपुर**' दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित भएको हो र यसलाई 'संकृतिका आयाम' सङ्ग्रहमा समावेश गरी प्रकाशनमा ल्याइएको छ । यो पृष्ठ १४६ देखि १५० सम्म विस्तारित भएको र लामा-छोटा गरी १४ अनुच्छेद मिलेर बनेको मझौला आकारको निबन्ध हो । यस निबन्धले नेपाली समाजमा प्रचलित प्रसिद्ध नारी पर्व तीजका बारेमा वस्तुपरक ढङ्गले वर्णन गरेको हुनाले यसको कथन ढाँचा तृतीयपुरुष बन्न पुगेको छ ।

तीज पर्व हिन्दू नारीहरूको महान् धार्मिक सांस्कृतिक चाड हो । यस पर्वमा महिलाहरूद्धारा उपासन गरिने चर्या भएकाले यसमा नारी आचार संहितालाई चाडपर्वमा ढालेर पूर्वजहरूद्वारा संस्कार र संस्कृतिको संरचना तयार गरिएको अवस्था उल्लेख छ तीज धर्मब्रत नारी जीवनशुद्धिको संस्कारकासाथै ब्रतचार्य पालना गर्ने महिलाहरू आत्मा शुद्धिका लागि देश शुद्धि गर्ने चाड हो । यसमा देशका हरेक अङ्ग शुद्धि गर्न कार्य ३६० पटक पुनारावृत गर्छन् जो बार्षिक क्रियाको एकीकृत विम्ब देखापर्छ र त्यसैले यस विम्बलाई बुझेर त्यस्ता शुद्धि दिन दिनको जीवन क्रियासित समाहित गर्नु ठूलो धर्म कर्म हुने कुरा निबन्धकारले बताएका छन् । तीज पर्व नेपाली हिन्दू नारीहरूको स्वतन्त्रातासूचक चाड हो भन्ने कुरा त्यस दिन देवमन्दिर तीर्थस्थल, खुलाचौर वरपर नाचगान गरेर आफूलाई उनीहरूले उन्मुक्त तुल्याएका परम्पराले बुझाउँछ । यसैगरी तीजपर्वसँग गाँसेर दर खाने, उपवास बस्ने तीर्थाटन गर्ने, देवस्थल विचरण गर्ने, नागचान गर्ने आदि पक्ष नारीजीवनको स्वच्छन्द भूमिका निर्वाह लीलाका गहना हुन् ।

यसरी सम्पूर्ण हिन्दू नारीहरूले रमाइलोका साथ देवमन्दिर तीर्थस्थल, खुल्ला चौर वरपर नाचगान गर्ने र दर खाने उपवास बस्ने आफ्ना माइत गएर रमाइलो गर्ने साथै शृङ्गारिक बस्त्र गहनाले आकर्षक भएर शङ्करदेवको उपासन गर्दैछन् र शिव र पार्वतीको धर्मकथालाई साकार तुल्याउँदछन् । यस्ता चाडपर्व आज लोप हुनु भनेको हाम्रो धर्म र संस्कृति लोप हुनु हो तसर्थ हामीले हाम्रो धर्म, संस्कृति, परम्परा र संस्कारको जगेर्ना गर्नका लागि विभिन्न चाडपर्वको संरक्षण गर्नुपर्छ भन्ने सन्देश निबन्धकारले यस निबन्ध मार्फत प्रस्तुत गरेका छन् ।

यस निबन्धमा सरल, सहज, प्रवाहमय, विश्लेषणात्मक र चिन्तनपरक भाषाशैली प्रस्तुत गर्दै हिन्दू नारीहरूको महान् पर्व तीजको वर्णनका साथै यसको संरक्षण र

संबर्द्धनका निम्ति उत्साहित नभएमा संस्कृतिको लोप हुने कुरा निबन्धकार ग्वंग: ले प्रस्तुत गरेका छन् ।

### ५.२.६.५ 'हालिमाली पूर्णिमा' निबन्ध

प्रस्तुत 'हालिमाली पूर्णिमा' निबन्ध पहिलो पटक वि.सं. २०५२ कै बैशाखमा निस्केको **गरिमा** पत्रिकाको वर्ष १३, अङ्क ५, पूर्णाङ्क १४९ मा प्रकाशित भएको हो र यसलाई २०५२ मै प्रकाशित **संस्कृतिका आयाम** सङ्ग्रहभित्र समेटिएको छ । निबन्धको विस्तार पृष्ठ ९३ देखि ९७ सम्म भएको छ र यसको संरचना १४ ओटा अनुच्छेदहरूबाट पूर्ण भएको छ । नेवारी समाजमा प्रचलित एक सानो चाडपर्वका रूपमा हालिमाली पूर्णिमा रहेको कुराको वर्णन नै यस निबन्धको विषय भएकाले यो वस्तुपरक निबन्धकै ढाँचाको तृतीयपुरुष कथनढाँचामा प्रस्तुत भएको देखिन्छ ।

यस निबन्धमा निबन्धकार ग्वंग: ले नेवारी संस्कृतिमा प्रचलित एक चाडपर्व विशेष 'हालिमाली' पूर्णिमाको परिचय दिएका छन् । 'हालीमाली' नेवारी भाषाबाट आएको शब्द हो । जसको शाब्दिक अर्थ हुन्छ - जरा बोट उखल्नु । जरा बोट उखल्नुको अर्थ हो जमिनमुनि फल्ने कन्दमूल उखल्नु । कन्दमूल भनेको आलु, तरूल, पिँडालु, सखरखण्ड आदि खाद्यन्न हुन् । यस्ता कन्दमूल रोपेपछि उखल्नका लागि विशेष दिन छुट्याउनु र त्यस दिनलाई चाडपर्वका रूपमा मान्नु नै हालिमालीको अर्थ हो, हालिमाली पूर्णिमा भनेको हरिबोधिनी एकादशीपछिको पूर्णिमा हो । त्यसैले यसको सम्बन्ध हरि वा विष्णुको उदार चरित्रसँग रहेको छ । नेवारी समाजका मानिसहरू हरिबोधिनी एकादशीपछिको पूर्णिमालाई यही कन्दमूल चाडपर्वका रूपमा मान्ने गर्दछन्, त्यसैले यो नेवार जातिबीच 'हालीमाली पूर्णिमा' नामको चाडपर्वको रूपमा प्रसिद्ध बनेको छ । यो चाड वन्यजीवन वा कृषिजीवनकै एक संस्कारगत अवेशष वा परम्पराका रूपमा विकसित भएको हुनुपर्छ ।

निबन्धकाले बताएअनुसार हालिमाली पूर्णिमाकै दिन कन्दमूल उखल्नुपर्छ, तर आजभोलि एक दिन मात्र कन्दूल उखलेर साध्य छैन, तापनि परम्परा त्यस्तो थियो । यो चाडपर्व एउटा संस्कार र संस्कृतिका रूपमा प्रसिद्ध वा लोकप्रिय भयो । नेवारी समाजमा यसलाई पर्वका रूपमा बर्षेनी मान्न थाले । यस चाडमा मानिसहरू सखरखण्ड, पिँडालु, उसिनेर, अनेक गेडागुडी भुटेर गहुँको पिठोको स्वारी मालपुवा आदि पकाएर खाई रमाइलो गर्दछन् ।

निबन्धकारका दृष्टिमा प्रागैतिहासिक कालमा वन्यजीवन बिताउँदाका आहाराहरू मध्ये कन्दमूल पनि पर्थ्यो र कृषिकाल र कृषियुगमा आइपुग्दा मान्छेले त्यो प्रभाव ग्रहण गर्दै हालिमाली पूर्णिमा पर्वका रूपमा त्यसलाई अँगाल्यो, तर समयक्रमसँगै यस कन्दमूलका साथ गेडागुडी र अन्न-गहुँ पनि तिलको प्रयोग गर्ने कृषि संस्कारको समेत प्रभाव पऱ्यो, त्यसैले आजभोलि हालिमाली पूर्णिमा कन्दमूलीय मात्र रहेन । यसमा लावा, गहुँ, भटमास, तिलका लड्डु, स्वारी, पुरी मालपुवा आदिको मिश्रण हुन पुग्यो । यसरी पुर्खाले सूचना गरेको कन्दमूलीय चाड अब अन्नप्रकरणमुखी संस्कार पनि बन्यो । यस प्रकार विकसित भएको हालिमाली पूर्णिमा चाडलाई अहिले प्रत्येक पीठ, मन्दिर र बौद्ध विहारमा भव्यताका साथ सम्पन्न गरिन्छ । यो चाड अहिले सबैका लागि मनमोहक र आनन्ददायक बनेको छ र संस्कारको विकास र संस्कृतिको जगेर्नामा सहयोग मिलेको छ । यस निबन्धमा सरल, प्रवाहमय विवेचनापरक अभिव्यक्तिकला देख्न सकिन्छ ।

## ५.२.६.६ 'धनधान्यपूर्ण योमरी पूर्णे' निबन्ध

प्रस्तुत 'धनधान्यपूर्ण योमरी पूर्णे' निबन्ध सर्वप्रथम वि.सं. २०५२ मा **संस्कृतिका आयाम** सङ्ग्रहभित्र समावेश गरी प्रकाशित गरिएको हो । विभिन्न उपशीर्षकहरूमा बाँडेर लेखिएको यस निबन्धको विस्तार पृष्ठ ६९ देखि ७८ सम्म भएको छ । यसको रचना गर्दा यी उपशीर्षकहरू राखिएका छन् : 'वातावरणीय पृष्ठभूमि', 'शब्दार्थ', 'सामग्री साधन', 'कृषिमूलक परिकार', 'मौसमी जीवनछाया', 'सतह र गहिरो अर्थ', 'प्रतिबिम्बका विम्ब', 'अर्थ र प्रयोजना', 'विवेचना र विश्लेषण साझा समझदारीका स्रोत', 'संस्कृति कलाकृति' । यस निबन्धको संरचना जम्मा ३६ ओटा अनुच्छेदहरूबाट पूर्ण गरिएको छ भने यसमा ठाउँ-ठाउँमा गीतका टुक्राहरू पनि प्रयोग गरेर पद्यात्मक मिश्रणको शैली पनि अङ्गालिएको छ । यो निबन्ध योमरी पूर्णे चाडकै वणर्नमा केन्द्रित भएकाले यसको कथनढाँचा तृतीयपुरूष दृष्टिबिन्दुको बनेको छ ।

निबन्धकार ग्वंगः ले यस निबन्धमा नेवारी समाजमा प्रचलित योमरी पूर्णे चाडको परिचय दिँदै यसको सांस्कृतिक र दार्शनिक महत्त्वमाथि प्रकाश पारेका छन् । पूर्णिमाको साँझमा मनाइने यो चाड चारैतिर खुसियाली बोकेर उत्पत्यकाका नेवार जातिका घर-घरमा आउने गर्दछ र यो योमरी माग्दै घरघर गीत गाउने केटाकेटीहरूको स्वरलहरीले गुञ्जन्छ । 'योमरी' नेवारी शब्दको अर्थ 'मन परेको रोटी' भन्ने हो, त्यसैले यो अत्यन्तै मीठो मानिन्छ । योमरी नयाँ धानको परिकार भएकाले यो न्वागीका रूपमा पनि प्रसिद्ध छ । यो चामलको

पीठो पाचुँबाट तयार पारिन्छ । चामल पिँधेर बनाइएको पीठो मुछेर घिउसमेतले मोलेको रोटीमा भित्रपट्टि तिल, चाकु, मास मुगीको पिँधेको लेदो पेलिएको फलमासु, मसला, कुराउनी, खुवा राखेर मोरेपछि त्यसलाई तातो पानीको वाफमा बफाएर योमरी बनाइन्छ । त्यसैले यो कृषिमूलक परिकार हो, र यसलाई चाडका रूपमा मानेर कृषिजन्य संस्कृतिको विकास गरेको देखिन्छ । ठन्डीमा खाइने योमरी परिकारले निम्त्याउने चाडमाथि मौसमी जीवनछायाँ देख्न पाइन्छ । जाडामा तातो, मीठो रसिलो, स्वादिलो योमरीले जीवनलाई चिसोबाट बचाई न्यानोपन बढाइदिने गर्छ । यस्तै गरी योमरीको पूजाले धानभण्डार गर्दा लक्ष्मी सन्तुष्टि हुने, सामाजिक धारणा र विश्वासले धनधान्यपूर्ण बन्ने मानव आकाङ्क्षाको प्रतीक वा विम्ब प्रस्तुत गर्छ । धान्य पदार्थलाई धनवस्तुको संबर्द्धन गर्ने तत्त्वका रूपमा अङ्गीकार गर्न सक्नु सामाजिक प्रयोजनमा आधारित संस्कृतिको विशेषता नै हो । अर्कातिर कृषि उत्पादनका खुसीयालीलाई प्रकट गर्ने चाडका रूपमा यसको महत्त्व रहेको छ भने योमरीलाई प्रतीकात्मक अभिव्यञ्जना शैलीका परिकारका रूपमा नेवारी संस्कृतिमा धान्यपूर्णेका दिन यसलाई ग्रहण गरिएकै छ । साथै नेवारी संस्कृतिमा बाह्र वर्षसम्मको जन्मदिनमा योमरी माला गाँसेर फूलमालासित लगाउने चलनले पनि योमरीलाई शुभेच्छा प्रतीक बनाइएको स्पष्ट हुन्छ । फेरि मुटुको आकारमा बनाइने योमरी हार्दिक शुभेच्छाको प्रतीक हुनु स्वाभाविक छ । योमरी माग्दै रमाइलो चाड मनाउने केटाकेटीहरूको जमातले र प्राप्त योमरीलाई मेलमिलापका साथ बराबार बाँडचुँड गरेर खाने प्रवृत्तिले सामूहिक र साझा समझदारमि बाँच्ने नेपाली जातिका उदार एवम् सहयोगात्मक सु-सस्कृतिको सुन्दरपक्षलाई देखाइएको छ ।

यो निबन्ध कृषिमूलक संस्कृतिबाट विकासित योमरी पूर्णको महŒव देखाउन सफल छ । यसको अभिव्यक्तिमा निबन्धकार सरल, स्पष्ट, विशलेषणात्मक, सहज, प्रवाहमय भाषा एवं वर्णनात्मक शैलीमा प्रस्तुत भएका छन् ।

**निष्कर्ष:** चाडपर्वले धार्मिक भावनालाई माथि उठाएका हुन्छन् । परिम्परित संस्कारबाट हुर्कदै आएका चाडपर्वहरू सत्कार, सम्मान भेटघाट, तथा सहिष्णुतामा अडेका हुन्छन् । मनोरञ्जनका साथै सहीमार्गमा मार्ग निर्देशन गर्न चाडपर्वहरू मनाइन्छन् । हाम्रो समाजमा विद्यमान विविध संस्कृतिहरूमध्यको एक चाडपर्वले सांस्कृतिक सम्पदाको गरिमा बढाएका हुन्छन् । ग्वंगः का चाडपर्वसम्बन्धी उपर्युक्त निबन्धको विश्लेषणबाट यिनै कुराहरू प्राप्त गर्न सकिन्छ ।

**५.२..७ जात्रा तथा प्रथाविषयक**

नेपाल बहुभाषिक तथा बहुजातीय मुलुक हो । विभिन्न जातजातिका विभिन्न भाषाहरूमा अनेकता लुकेको छ, अनि अनेकतामा एकताको सूत्र फेला पर्दछ । विभिन्न जातिहरूले आफ्नो संस्कृतिको जगेर्ना गर्ने हेतुले विभिन्न जात्राहरू मनाउने गर्दछन् । यस्ता संस्कृतिमूलक जात्राहरूको अध्ययन अवलोकनबाट एक जाति र अर्को जातिबीच जातीय प्रवृत्तिहरू हस्तान्तरित भइरहेका हुन्छन् । जात्रा प्राचीन संस्कृतिको उपज हो । कतिपय जात्राहरू मानिसलाई दानवीय प्रवृत्तिबाट मानवीय प्रवृत्तितर्फ रूपान्तरित गर्न सहयोगी हुन्छन् भने कतिपय जात्राहरू मानवीय संवेदनाहरूको पहिचानका मार्गदर्शक बन्दछन् । मान्छे विभिन्न संवेदनाको पुञ्ज हो । समयसँगै आफूलाई अगाडि बढाउँदै लैजाँदा ऊ कहिले हर्षित बनिरहेको हुन्छ भने कहिले शोकमग्न अवस्थामा पुगेको हुन्छ । कहिले उसको क्रोधी स्वभावको प्रादुर्भाव भएको हुन्छ भने कहिले भयक्रान्त अवस्थामा पुगेको हुन्छ । यस्ता संवेदनाले भिजेको मानिसलाई 'दु:खमा नआत्तिते र सुखमा नमात्तिने' भन्ने भनाइलाई अवलम्बन गर्न जात्रा प्रेरणाप्रद बन्दछ । गाईजात्राले हामीलाई यस्तै पाठ सिकाएको छ । व्यक्ति भाववेगको उच्च बिन्दुमा पुग्यो भने उसले साफल्य जीवनको मार्ग पकड्न सक्दैन, यसैले संयमित भई दवावरहित जीवन निर्वाह गर्न जात्राहरू उपयोगी हुने गर्दछन् ।

प्रथा भनेको परम्पराको निरन्तरता हो । यस्ता प्रथाहरू जाति, भाषा, धर्म, वर्ण आदि विभिन्न सन्दर्भसँग जोडिएका हुन्छन् । नेपालको सन्दर्भबाट कुरा गर्ने हो भने कतिपय प्रथा सकारात्मक प्रवृत्तिका देखिन्छन् भने कतिपय प्रथामा नकारात्मक गुण भेटिन्छन् । सकारात्मक प्रथाले हाम्रा जाति, भाषा, धर्मलाई सम्मुनत बनाउन टेवा दिइरहेका हुन्छन् भने नकारात्मक प्रथाहरूले समाजलाई नै असंयमित र अमर्यादित बनाइरहेका हुन्छन् । शैक्षिक जागरणको माध्यमबाट खराब प्रथाहरूको उन्मूलन गर्नु परमकर्तव्य बनेको देखिन्छ । सती प्रथाको उन्मूलनले हरेक नारीको बाँच्न पाउने अधिकार संरक्षण गरेको छ । नेपालमा अझै दुष्प्रवृत्तिमूलक प्रथाहरू विद्यमान छन् । पश्चिम नेपालको छोउपडी प्रथा यसको उदाहरण हो । आधुनिकतामा विश्वास गर्दै वैज्ञानिक संसारमा घुमिसकेका विश्वसँग प्रतिष्पर्धात्मक बनी देशलाई चिनाउन यस्ता अवैज्ञानिक प्रथाहरूको अन्त्य हुन नितान्त आवश्यक छ । बोक्सी धामीसँग विश्वास गर्ने बहुसङ्ख्यक नेपालीहरूको चेतनास्तरलाई उठाई यस्ता प्रथा विरुद्ध लाग्न प्रोत्साहित गर्नु पर्दछ ।

तेजेश्वरबाबु ग्वंगः विशेषतः नेवारी संस्कृतिभित्रको जात्रा तथा प्रथालाई चिनाउन अग्रसर बनेका देखिन्छन् । उनका निबन्धहरूले नेवारी जातिभित्रका उपत्यकाली जात्राहरूको उत्पत्ति तथा विकासको कथालाई सटीक ढङ्गले विश्लेषण गरेका छन् । जात्राभित्रका उपयोगी प्रवृत्तिहरूको अनुसरण र अनुकरण गर्नुपर्छ र अनुपयोगी प्रवृत्तिहरूलाई परित्याग गर्नुपर्छ भन्ने सन्देश उनका निबन्धमा भेटिन्छन् । जातीय प्रथाहरूको चिनारी दिन पनि उनका निबन्ध सफल भएका छन् । प्रथाभित्रका खराब परम्परा त्याज्य छ भन्दै असल र समाजोपयोगी प्रथाहरूको संरक्षणले मात्र सही पहिचान कायम राख्दछ भन्ने दृष्टिकोण उनका निबन्धमा पाइन्छ । ग्वंगः का जात्रा तथा प्रथाविषयक निबन्धहरू यस प्रकार छन् :

- 'हिन्दू आदर्शभित्र बैवाहिक रिवाज'
- 'प्रथा वेल विवाहको' निबन्ध
- 'वासनाका विम्बयात्रा विस्केट' निबन्ध
- गाईजात्राभित्रका रहस्य निबन्ध

### ५.२.७.१ 'हिन्दू आदर्शभित्र वैवाहिक रिवाज' निबन्ध

प्रस्तुत 'हिन्दू आदर्शभित्र वैवाहिक रिवाज' निबन्ध प्रथम पटक वि.सं. २०२८ मा **शिलान्यास** पत्रिकाको वर्ष २, अङ्क २, अङ्क ४, मा प्रकशित भएको छ र यो पुनः **संस्कृतिका आयाम** निबन्धसङ्ग्रहभित्र समावेश गरी २०५२ सालमा प्रकाशित छ । यस निबन्धले जम्मा ३९ देखि ४३ सम्म विस्तार पाएको छ भने यसको संरचना जम्मा १७ ओटा अनुच्छेदहरूबाट पूर्ण गरिएको छ । यो पनि मझौला आकारकै निबन्ध हो र यसको प्रस्तुतीकरणको ढाँचा वस्तुपरक भएकाले यसमा तृतीयपुरुष दृष्टिबिन्दु अँगालिएको छ । यसको शीर्षक चारशब्दे पदावलीबाट चयन गरिएको छ ।

हिन्दू धर्मभित्रका संस्कृति र रीतिरिवाज आत्मा शुद्धितर्फ उन्मुख देखिन्छन् । यस धर्मले अरू धर्मले जस्तै मान्छेलाई विवेकशील आचरण परिशीलन गर्न प्रेरित गर्छ । धर्म एउटा आदर्श हो । यस आदर्शलाई संकीर्ण रूपमा अर्थ्याउँदा हिन्दू धर्म र संस्कृतिले विकृति रूप लिन थालेको छ । मानव जीवनका हरेक क्रियाकलापमाथि धर्मको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभाव परेको हुन्छ । मान्छेहरू जिउने क्रममा भौगोलिक आस्था र जीवन भोगाइअनुकूल रीतिरिवाजहरूले सांस्कारिक पुट पाएर संस्कृतिको जन्म हुन्छ ।

हिन्दू धर्मभित्र संस्कृतिलाई जोगाउने परिमार्जित गर्ने क्रममा वैवाहिक सम्बन्धका आदर्शका सूत्रहरू कसिएका छन् । विवाह यौन वासनाको तृप्तिको माध्यम नभएर पुरुष र

नारीबीचको सुसंस्कुत सम्बन्ध हो । हिन्दू धर्मले भेद र दुर्भेद दुवै विषयलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरेको छ । विवाहलाई पनि निकै प्रतीकात्मक तवरले प्रस्तुत गरिएको पाइन्छ । आगो, सृष्टि, स्थिति र संहारको प्रतीक हो । यही आगोलाई साक्षी राखी वैदिक प्रणालीद्वारा हिन्दू धर्ममा विवाह सम्पन्न गरिन्छ । यस किसिमको वैवाहिक पद्धतिले जीवनको सुरू सम्भार र अन्तलाई एउटै उद्देश्यद्वारा प्रेरित मानिएको छ । आगो ताप हो । यही स्नेह र ममता टुसाउँछ, जीवन ज्योति बन्छ र जीवन संहारको साधना बन्छ ।

हिन्दू धर्म र संस्कृतिअर्न्गतका प्रतीकात्मक विषयवस्तुहरू अविनाशी खालका छन् । विनाशको अवस्था रहे आत्माको अस्तित्वबोध हुँदैन । त्यसैले हिन्दूहरू अविनाशी आत्मवादी भए । वातावरण र परिस्थितिअनुरूप धर्म, संस्कृति र रीतिरिवाजले विविध रूप लिन्छ । त्यसैले हिन्दूहरूको वैवाहिक पद्धतिहरू फरक-फरक देखिएका छन् । हिन्दूहरूमा स्वयम्बर विवाहको प्रचलन परापूर्वकालदेखि चल्दै आएको भए पनि पछि आएर यसमा परिवर्तन भएको देखिन्छ । स्वयम्बर विवाहले प्रेमविवाहलाई प्रश्रय दिन्छ । उदात्त सोच भएकाहरू बीच प्रणय-मिलनले प्रश्रय पाउँछ । हिन्दूहरूले विवाहमासाइपाटोको सरजाममा राखिने मखमली फूल, फलफूल,रातो पहिरन र सिङ्गा सुपारीको प्रतीकात्मक अर्थ रहेको छ ।

मखमली फूलमा वर्षौंसम्म नसुक्ने नओइलाउने विशेषता हुन्छ । विवाह यौवनावस्थामा सम्पन्न हुन्छ, जहाँ लालीमा सौन्दर्यको चहक हुन्छ । यस्तो जीवन मखमली फूलजस्तै वषैभरि नओइलाउने होओस् भनेर साइपाटोमा मखमली फूलको प्रयोग गरिन्छ । फलफूल जीवनको सारको प्रतीक हो । हिन्दू धर्मअनुसार मोक्ष प्राप्तिका लागि सन्तान जन्माउनुपर्छ । रातो रङ्ग हिन्दू नारीका लागि सौभाग्यको प्रतीक हो । हिन्दूहरूका लागि वैधव्य जीवन अभिशाप हो । त्यसैले शुभ हुनका लागि वरतर्फबाट वधूलाई एक जोडी रातो पहिरन साइपाटोमा समावेश गरिन्छ । सिङ्गो सुपारी प्रेमको प्रतीक हो । सिङ्गो सुपारी जति पुरानो हुँदै जान्छ उति शुद्ध र परिपक्व भइदिन्छ । यसमा माया, ममता र स्नेहको अजस्र स्रोत रहेको छ । त्यसैले दाम्पत्य जीवन पुरानो हुँदै जाँदा अझ शुद्ध परिपक्व र परिमार्जित हुँदै जाओस् भनी साइपाटोमा सिङ्गो सुपारी प्रयोग गरिन्छ ।

दुलहा-दुलहीबीच आदानप्रदान गरिने माहुरले विशेष अर्थबोध गराउँछ । माहुर प्रेम जस्तो रसिलो हुन्छ । दाम्पत्य जीवन मघु जस्तै मीठो र रसिलो हुने अग्रिम सूचना महुर पद्धतिमा पाइन्छ । यस पद्धतिले एउटै थालमा संयुक्तरूपले खाने परम्परा बसालेको पाइन्छ । यस प्रकारको संस्कार भए पनि हिन्दू दाम्पत्य जीवनमा यस माथि पर्दा लागेको छ । हिन्दू संस्कारअनुसार बरबधूबीच फूलमाला र अलङ्कार मिलनको उपहार स्वरूप साटासाट

गरिन्छ । दुलहीका नयाँ आकाङ्क्षाहरू फूलको मालामा समाहित भई दुलाहका काँधमाथि पहिराइन्छ । हिन्दू विवाहमा लगनगाँठोको विछोडको वातावरण कम हुन्छ । पारपाचुके यिनीहरूका लागि कुसंस्कार ठहरिन्छ । यसरी हिन्दू वैवाहिक पद्धति वा संस्कारभित्र प्रतीकात्मकरूपले अभिव्यक्त गर्ने अर्थहरू लुकेका कुरालाई निबन्धकारले प्रस्तुत गरेका छन् ।

यस निबन्धमा पनि निब्नधकारको अभिव्यक्ति सरल, सहज, प्रवाहमय, कवितात्मक विश्लेषणात्मक तथा वर्णनात्मक भाषाशैलीमा प्रस्तुत हुन पुगेको छ ।

### ५.२.७.२ 'प्रथा-बेल विवाहको' निबन्ध

प्रस्तुत 'प्रथा-वेल विवाहको' निबन्ध पहिलो पटक वि.सं. २०४४ वैशाखको **गरिमा** वर्ष ५, अङ्क ५, पूर्णाङ्क ५३ मा प्रकाशित भएको हो र पछि यसलाई **संस्कृतिका आयाम** निबन्धसङ्ग्रहभित्र समावेश गरी २०५२ साल पुनः प्रकाशनमा ल्याइएको छ । यो जम्मा पृष्ठ १३७ देखि १४० सम्ममा विस्तार पाएको अनि १६ ओटा अनुच्छेदहरूबाट संरचना पूर्ण गरिएको मझौला आकारको निबन्ध रचना हो । यसमा वेल-विवाह प्रथाकै चर्चा वस्तुपरक ढङ्गले गरिएको हुँदा यो तृतीयपुरुष दृष्टिबिन्दुद्वारा अभिव्यक्त बनेको छ भने यसको शीर्षक समासात्मक भई दुईशब्दे बन्न पुगेको छ ।

निबन्धकार तेजेश्वरबाबु ग्वंगः यस निबनधमा नेवारी समाजमा प्रचलित वेल विवाह प्रथाको परिचय र त्यस प्रथाभित्र लुकेको विविध सांस्कारिक अर्थको अभिव्यक्तिमा केन्द्रित रहेका छन् । बेललाई वर मानेर विवाह गर्ने नेवार जातिको प्रथा नै वेल-विवाह प्रथा हो । बेल एउटा प्रतीक हो । यो वरको प्रतीक हो । यसका साथै यो एक उष्ण प्रदेशीय रसपूर्ण फल पनि हो । यसको रस, आकृति रङ्गको विशेष अर्थ छ । यसको रस शीतल हुन्छ जसले उष्णतामा शीतलता र उत्तेजनाको मधुर सङ्गमलाई बुझाउँछ । यसको आकार कमण्डलु जस्तो हुन्छ भने यो अत्यन्तै कडा आवरणले ढाकिएको हुन्छ । बेलको रङ्ग पहेलो हुन्छ । पहेलो रङ्ग शान्तिको प्रतीक हो र जीवनलाई संयमपूर्ण र सुरम्य बनाउन शान्तिको निरन्तरता चाहिन्छ बेलसितको विवाहले वैवाहिक जीवनलाई शान्ति र स्थायित्वको शुभकामना यसको पहेंलो रङ्गको संयोजनबाट गरेको हुन्छ ।

निबन्धकारका अनुसार वेल-विवाह प्रथा नारी समुदायवाचक संस्कार हो । यसलाई धार्मिक परिवेशमा ढालिएको छ । बालिकाहरूलाई रजस्वाला हुनु अगावै पूर्ण मान्यता साथ दिइने वैवाहिक स्वतन्त्रताको विधिविधान वेल विवाह प्रथा हो । वेल विवाह सृष्टि, स्थिति र संहार क्रियामध्येका क्रमलाई निरन्तरता दिइने प्रथा विवाह संस्कार हो र विवाह संस्कारलाई

स्वेच्छामूलक बनाउने प्रक्रियाको पूर्वधार वेल विवाह प्रथा हो । वेल विवाह प्रथा स्वतन्त्र र स्वेच्छिक वरवधू सङ्ग्रहमूलक संस्कारको प्रतीक हो । यसको प्रतीकात्मकताभित्र स्वेच्छा र स्वतन्त्रताको परिपोषण भेटिन्छ । यसले स्वच्छ र स्वस्थ छनौटको प्रक्रियालाई सङ्केत गर्छ । बेल विवाहमा स्वर्ण कुमारलाई वरको प्रतीक बनाइन्छ । अनि स्वर्णकुमारसित बालकुमारीहरूलाई विवाह गराउने प्रतीकात्मक प्रचलन छ । यसबाट शुभ, सुन्दर र सुशीलताको आह्वान् गरिन्छ । बेल विवाहले कुमारीहरूलाई वैवाहिक स्वतन्त्रता प्रदान गर्छ । यस प्रथाले समाजमा स्वेच्छिक वर चयन र सङ्गमको संस्कारलाई आह्वान् गर्छ ।

यो निबन्ध पनि सरल, सहज, प्रवाहमय, तार्किक विश्लेषणात्मक एवम् कवितात्मक वर्णनले भरिएको भाषाशैलीमा प्रस्तुत भएकाले रोचक बनेको छ ।

### ५.२.७.३ 'वासनाका विम्बयात्रा-विस्केट'

प्रस्तुत 'वासानाका विम्बयात्रा विस्केट' निबन्ध प्रथम पटक वि.सं. २०५१ बैशाख १ गतेको **कान्तिपुर** दैनिक पत्रिकामा प्रकाशित भएको हो र पछि २०५२ सालमा यसलाई **संस्कृतिका आयाम** निबन्धसङ्ग्रहभित्र समावेश गरी प्रस्तुत गरिएको छ । यसको विस्तार जम्मा पृष्ठ १५१ देखि १५४ सम्म भएको छ भने यसको संरचनाले १२ ओटा अनुच्छेदहरूमा पूर्णता पाएको छ । यो चारशब्दे निर्देशनात्मक पदावलीको शीर्षक भएको मझौला आकारको निबन्ध हो । यसले भक्तपुरमा प्रचलित विस्केट जात्राको वस्तुपरक वर्णन गरेकाले यसको प्रस्तुति तृतीयपुरुष दृष्टिबिन्दुमा हुन पुगेको छ ।

निबन्धकार तेजेश्वरबाबु ग्वंगः ले यस निबन्धमा भक्तपुरको गौरवपूर्ण चाड विस्केट जात्राको प्रतिविम्बलाई शब्दमा उतार्ने प्रयास गरेका छन् । यसमा विस्केट जात्रासित जोडिएका वासनाका विम्बहरूलाई अर्थ्याउने उद्देश्य राखिएको छ । वसन्तकालीन वहारसँगै पूरा गरिने यो यात्रा संस्कारले वसन्त ऋतुले मानवभित्र हरिदिने अनन्त वासनाको भण्डारलाई उद्घाटन गर्ने अवसर दिन्छ । वसन्तऋतु वासनाप्रधान मौसम हो र यस मौसममा पाइने विस्केट जात्रामा अनेक विम्बहरूको प्रयोग गरिन्छ । पहिलो विम्ब भैरव भद्रकालीका साथै अष्टमात्रिका गण, गणेश र वेतालका मूर्तिहरू हुन् । दोस्रो विम्ब भैरव-भद्रकालीका चारपाङ्ग्रे अष्टमात्रिमा गणका काष्ठरथ हुन् । तेस्रो विम्ब भीमकाय सल्लाको रूख छाँटी बनाइएका ६५ हात लामो लिङ्ग उत्थान गर्ने धरतीमा निर्मित प्याकल हुन् । चौथो विम्ब एक जोडी विश्व ध्वाजा हुन् । त्यसैले विम्बै विम्बको उक्त संरचनाले विस्केट जात्रालाई विम्बजात्रा मान्नु सार्थक ठानिन्छ । हिन्दू दर्शनमा आकाशलाई भैरव (पुरुष) र

धरतीलाई भद्रकाली (प्रकृति) मानिन्छ । यस जात्रामा आकाश भैरवलाई वासनाको विम्ब बनाएर लिङ्गमा प्रतिविम्ब गरेको सादृश्य हुन्छ अनि प्रकृति मानिएकी धरतीलाई लिङ्ग गाडिने भद्रकालिक साङ्केतिक विम्बमा प्रस्तुत गरिएको हुन्छ । त्यसैले जात्राको प्रक्रियामा प्रतीकात्मक वासनाका स्वरूप झल्किन्छ । वासनाप्रधान ऋतुको मध्य बैंसमा मनाइने यस विस्केट जात्राका सम्पूर्ण विम्ब, प्रतिविम्ब र प्रतीकहरू वासनापरक छन् । जनसङ्ख्याको अनुपात अन्त्यन्त पातलो भएको बेलामा यस्तो उत्तेजनात्मक वासनाका विम्ब सन्देशबाहक संस्कारको संरचना हुनु स्वाभाविक हो । चाहे विश्वध्वज जोडिएको कुरा होस्, चाहे रानीको नाकबाट निस्कने साना कीराहरू नै विषालु सर्पहरू बनेर राजालाई डस्ने जोडी सर्पको कुरा होस् सबैमा वासनात्मकताकै प्रभाव छ । यसरी विस्केट जात्राभित्र मानवजीवनको वासनात्मक प्रवृत्ति नै विम्बमय स्वरूपमा आएको हुन्छ भन्ने निबन्धकारको अर्थ्याइ महत्त्वपूर्ण विश्लेषण बन्न पुगेको छ ।

यो निबन्ध पनि सरल, सहज, प्रवाहमय, विश्लेषणात्मक चिन्तनपरक तथा कवितात्मक र वर्णनात्मक भाषाशैलीमा प्रस्तुत भएको भेटिन्छ ।

### ५.२.७.४ 'गाईजात्राभित्रका रहस्य'

प्रस्तुत 'गाईजात्राभित्रका रहस्य' निबन्धको पहिलो सार्वजनिक प्रकाशन **कान्तिपुर** दैनिक पत्रिकामा भएको थियो र **संस्कृतिका आयाम** निबन्धसङ्ग्रहमा यसलाई २०५२ सालमा समेटिएको पाइन्छ । यसको विस्तार पृष्ठ १५७ देखि १६० सम्म भएको र यसको संरचनाले १३ अनुच्छेदमा पूर्णता पाएको देखिन्छ । मझौला आकारमा दुईशब्दे शीर्षकमा रहेको यस निबन्धले विषयको प्रस्तुतीकरण वस्तुपरक ढङ्गमा गरी तृतीयपुरुष दृष्टिबिन्दुलाई अवलम्बन गरेर निबन्धकारले विचार प्रस्तुत गरेका छन् ।

गाईजात्रा मृत्यु गणना गर्ने संस्कारमूलक सांस्कृतिक परम्परा हो । गाईजात्रामा रसिलो क्वाँटी खाने प्रचलन छ । यो परम्परा मल्लकालीन संस्कृतिका रूपमा आज पनि सजीव छ । गाईजात्रा वर्षा ऋतुको अवसरमा मनाइन्छ । यतिबेला नेपालीहरूको मुख्य बाली धान रोपेर सकिसकेको हुन्छ । हिलो वर्षासँगै खेल्दै धान खेतीपश्चात् यो पर्वलाई रोचक आकर्षक ढङ्गले मनाइन्छ । यसरी नै यो परम्परा अझै हुर्कदै छ ।

गाईजात्रा मरेका मानिसहरूको स्मृतिमा मनाइने पर्व हो । जनै पूर्णिमाका दिनसम्म मृत्यु भएका मृतक आत्माको संस्मरणमा नेवारी संस्कारमुखी नेपालीहरू गाईजात्रा चलाउँछन् । गाईजात्रामा प्रदर्शन गरिने झाँकीहरूले मृतक व्यक्तिको उमेर, सामाजिक स्तर

पेसागत हैसियत प्रदर्शन गरेको पाइन्छ । भक्तपुर यस जात्राका लागि विशिष्ट नगर हो । गाईजात्रा डोकाबाहिर कपडा बेरेर गाईको हस्तलिखित चित्र डोकोको माथिल्लो भागमा टाँसेर परालले बाटेको सिङ्हरू, त्यसमा फूलमाला लगाएर एउटा केटाले डोको ओढेर नगर परिक्रमा  गर्छ । केटा मरेको भए पहिरनसूचक कपडा र केटी मेरेकी भए केटीकै पहिरनसूचक कपडा डोकोमा लगाइन्छ । डोकोमा बेरिने कपडाले मृतकको उमेर, लिङ्ग, परिवारको आर्थिक स्थिति विम्बित गर्छ ।

गाईजात्रा घुमाएपछि ताहासा ल्याइन्छ । नेपाल भाषामा 'ताहा' को अर्थ लामो हुन्छ 'सा' को अर्थ 'गाई' हुन्छ । ताहासाको अर्थ ठूली गाई हुन्छ । ताहासामा चारवटा बाँस चौकुना पारी बीच-बीचमा बोक्न सजिलो पार्ने गरी नोल कसेर बनाइन्छ । ताहासाको अगाडि-अगाडि हाँसी ठट्यौली नाँच्दै नगर परिक्रमा गर्छन् । गाईजात्रा चलाउने मार्ग मल्लकालीन राज्यको सीमाअनुसार कायम छ । प्रजागण सबैले देख्न पाऊन भनेर गाईजात्राको मार्ग सुनिश्चित पारिएको थियो । मल्लकालीन राज्य सानो भएकाले गाईजात्राको प्रदर्शन नगर-नगरमा चलाइने गरिन्थ्यो ।

गाईजात्रामा कालीमाटीले बनाएको बसाह यात्रा गराइन्छ । बसेको मुद्रामा निर्मित बसाहालाई खटमा राखेर बाजागाजाका साथ परिक्रमामा गराइन्छ । यसका साथै विभिन्न झाँकीहरू र साँझपख अनेक नाँच, स्मृतिगाथाका, विरह गीत, रामायणहरू परिक्रमा गराइन्छ । गाईजात्राका प्रत्येक झाँकीलाई गन्ती गर्ने प्रथालाई तत्कालीन राज्य व्यवस्थाले सुसंस्कृत ढङ्गले प्रबन्ध गरेको हुँदा अझै यस प्रथाले गति पाएको अवलोकन गर्न सकिन्छ । यसको अवशेषका रूपमा अध्यावधि रहेको छ ।

यो निबन्ध पनि सरल, सहज, प्रवाहमय, विश्लेषणात्मक वर्णनात्मक आदि भाषाशैलीगत विशेषतालाई अँगालेर रचना गरेको पाइन्छ ।

**निष्कर्ष:**

तेजेश्वरबाबु ग्वंग: का जात्रा तथा प्रथाविषयक निबन्धहरूमा नेपालमा मनाइने विभिन्न जात्रा तथा प्रथाहरूलाई निबन्धीकरण गरिएको देखिन्छ । जात्रा तथा प्रथालाई साहित्यिक स्वरूप प्रदान गरी संस्कृतिको सम्बर्द्धन गर्नु निबन्धकारको निबन्धगत उद्देश्यसमेत रहेको देखिन्छ । उनले खासगरी वैवाहिक, रीतिरिवाज, बेल विवाह, विस्केट जात्रा, गाईजात्रा आदिलाई विषय बनाएर निबन्ध रचना गरेका छन् । विशेषगरी नेवारी समुदायसँग सम्बन्धित विभिन्न जात्रा तथा प्रथाहरूलाई साहित्यिक रूप दिएका छन् । यसरी ती जात्रा तथा

प्रथाहरूलाई साहित्यिक रूप दिँदा निबन्धकारले तिनीसँग सम्बन्धित मौलिक संस्कृतिलाई प्रष्ट रूपमा देखाएका छन् ।

### ५.२.८ अन्यविषयक

निबन्धकार तेजेश्वरबाबु ग्वंग: ले विभिन्न विषयहरूलाई आफ्ना निबन्धका विषयवस्तु बनाएका छन् । उनका **संस्कृतिका आयाम** निबन्धसङ्गहभित्र संस्कार, चाडपर्व, पहिरन, जात्रा तथा प्रथा, कथा, देवदेवी, धार्मिक स्थल र पर्यावरण आदि विषयमा आबद्ध निबन्धहरूका अतिरिक्त अन्य प्रकारका विविध पक्षहरू समावेश गरिएका छन् । ती निबन्धहरू निम्नालिखित छन् :

- 'बाबु म सिन्दुरयात्राको तयारीमा छु !' निबन्ध
- 'पापी होइन पासित डर' निबन्ध
- 'प्रतीक: जीवन सटीक' निबन्ध

#### ५.२.८.१ 'बाबु म सिन्दुरयात्राको तयारीमा छु' निबन्ध

प्रस्तुत 'बाबु म सिन्दुयात्राको तयारीमा छु' निबन्ध २०४५ साल बैशाखको **गरिमा** पत्रिकाको वर्ष ६, अङ्क ५, पूर्णाङ्क ६५ मा प्रकाशित भएको र यसलाई पुन: २०५२ सालमा प्रकाशित **संस्कृतिका आयाम** निबन्धसङ्ग्रहभित्र समावेश गरी प्रस्तुत गरिएको छ । यो निबन्धको बिस्तार पृष्ठ १३१ देखि १३६ सम्म भएको र संरचना छोटा-छोटा ५५ ओटा अनुच्छेदमा रहेको मझौला आकारको आत्मपरक शैलीमा लेखिएको छ ।

निबन्धकार ग्वंग:ले जीवन र मृत्युका बारेमा आफ्ना विचारहरू निबन्धमार्फत राखेका छन् । पिताको सिन्दुरयात्रा गर्ने घोषणामा मृत्युबोध भएको कुरालाई खुलाएर मृत्युको चिन्तन गरिएको छ । सिन्दुरयात्रा शुभयात्रा वा शुभमुहर्तको यात्रा हो । यो यात्रा जीवनमा मात्र नभएर मृत्युपछि पनि हुन्छ । मृत्यु निश्चित भएकाले सिन्दुर यात्रा ध्रुवसत्य यात्रा हो । निबन्धकारले श्री ३ महाराज मोहनशमशेर, राष्ट्रपति श्री ५ त्रिभुवन, राष्ट्रनायक श्री ५ महेन्द्रको सिन्दुरयात्रा भोगिसकेका थिए । र आफ्नै पिताको सिन्दुरयात्रा जीवित अवस्थामा नभएर मृत्युपछि गर्न पाए । नेपाली संस्कारमा जन्म र मृत्यु दुवैमा सिन्दुरयात्रा गर्ने प्रचलन छ । यसरी बाबुको मृत्युअघिको बचन मृत्युपछि पूरा गर्दै निबन्धकार मृत्युपछिको सिन्दुरयात्रा भब्य हुने बताएका छन् । नेपालीहरूकोसिन्दुरयात्राको वर्णन गरिएको छ । हाम्रो समाजमा मृत्युपछिको शवयात्रा अन्तिम सिन्दुरयात्रा बन्दछ अनि जीवनका कुनै पनि सिन्दुरयात्राले

अन्तिम विश्राम लिने चाहिँ शवयात्राले पाउने सिन्दुर यात्रा नै हुनेछ । मृत्यु निश्चित छ त्यही नै निश्चिछ छ सिन्दुर यात्रा । यसरी निबन्धकारले जन्म र मृत्युका बारेमा आफ्ना अवधारणाहरू निबन्ध मार्फत व्यक्त गरेका छन् ।

यो सरल भाषामा प्रस्तु गरिएको आत्मपरक शैलिको रोचक तथा चिन्तनपरक निबन्ध हो ।

### ५.२.८.२ 'पापी होइन पासित डर' निबन्ध

प्रस्तुत 'पापी होइन पापसित डर' निबन्ध सर्वप्रथम वि.सं. २०५० भदौ-असोजको **मिमिरे** वर्ष २२, अङ्क ३, पूर्णाङ्क १०२ मा प्रकाशित भएको हो र यसलाई २०५२ मा **संस्कृतिका आयाम** निबन्धसङ्ग्रहभित्र समेटेर पुनः प्रकाशन गरिएको छ । यसको विस्तार पृष्ठ २८ देखि ३३ सम्म भएको र यसको संरचना १४ ओटा अनुच्छेदहरूले पूरा भएको छ । चारशब्दे शीर्षक र मझौला आकारमा प्रस्तुत यस निबन्धमा निबन्धकार स्वयं उपस्थित भएर विषयको वर्णन गरेकाले यसको अभिव्यक्ति प्रथमपुरुष दृष्टिबिन्दुबाट भएको छ ।

निबन्धकार व्यांग:ले आफू अमेरिकाको मोसिगन स्टेट विश्वविद्यालयमा पढ्दाको एउट रमाइलो अनुभवलाई प्रस्तुत गर्दै व्यक्ति सुधार्न सकिने तर प्रवृत्तिलाई मास्न ज्यादै गाह्रो हुने विचार व्यक्त गरेका छन् । उनले अमेरिकालीहरूले भन्ने गरेको करेकसन सेन्टर वा जेलको प्रसङ्ग ल्याएर शिक्षाको दृष्टिकोण प्रस्तुत गरेका छन् । अमेरिकाका आधुनिक जेलमा मानिसलाई बिगार्न होइन सपार्न वा सच्याउनका लागि राखिन्छ । त्यहाँको आधुनिक कारागार सुन्दर, स्वस्थ र आवश्यक पर्ने सामग्रीको सुविधायुक्त देखिन्छ । त्यहाँ विविधतायुक्त नभए पनि स्वयम्लाई शुद्धि गर्न सक्ने वातावरण भएको निरन्तर शिक्षा र प्रौढ शिक्षा दिइने केन्द्र हो । यो आत्मशुद्धिद्वारा प्रदान गरिने शिक्षा-केन्द्र बनेको छ । यहाँ मान्छेलाई मान्छेकै बीच सङ्गत गर्न बाध्य पोरे व्युँझाइन्छ । मानिसलाई मानिसप्रतिको अनास्थाले पापी बनाइदिन्छ अनि आस्थाले सच्चा मानिस बन्न सिकाउँछ । अतः मानिसप्रतिको अनास्था पापचारको कुण्ड हो । यस्तो अनास्थालाई जब आत्मबोधद्वारा आस्थातर्फ लगिन्छ तामाङ जीवन एउटा आत्मशुद्धि बध र पापबाट टाढा रहन्छ । यसरी मानवबाट गल्ती अपराध हुन सक्छ तर पनि ऊ भित्रकै आस्था वा विश्वाले सुध्रन सक्छ र त्यसका लागि राम्रो वातावरणको आवश्यकता पर्दछ । जुन वातावरण अपराध मार्गबाट सुधार्ने उद्देश्यले स्थापना भएको हो । यस सुधार केन्द्रको अवलोकनबाट पापी होइन पापसित डर हुन्छ भन्ने शिक्षा पाइन्छ । पापी सुध्रिन वा सुधारिन सक्छ तर पाप सुध्रन्न र सुधार्न पनि सकिदैन । मान्छेको

अनास्थालाई आस्थमा परिणत गरेर जीवनलाई दुष्प्रवृत्तिबाट सत्प्रवृत्तिमा लैजान सकिन्छ यही दृष्टिकोण निबन्धकारले यस निबन्धमा निजी अनुभूतिका माध्यमबाट व्यक्त गरेका छन् ।

यो निबन्ध आत्मपरकशैलीमा सरल,सहज र रोचक र कतितात्मक भाषामा प्रस्तुत गरिएको छ ।

### ५.२.८.३ 'प्रतीकः जीवन सटीक' निबन्ध

प्रस्तुत 'प्रतीकः जीवन सटीक' निबन्ध पहिलो पटक वि.सं. २०४९ भदौ-असोजको**समकालीन साहित्य** वर्ष २, अङ्क ३, पूर्णाङ्क ७ मा प्रकाशित भएको हो र यसलाई पुनः **संस्कृतिका आयाम** (२०५२) सङ्ग्रहभित्र समावेश गरिएको छ । यसको विस्तार पृष्ठ १०९ देखि ११५ सम्म भएको छ र यसको संरचनलाई जम्मा १६ ओटा अनुच्छेदहरूले पूर्णता दिएका छन् । यसमा जीवन सुहाउँदो प्रतीकहरूबारे वस्तुपरक ढङ्गमा प्रस्तुत गरिएकाले यो तृतीयपुरुष दृष्टिबिन्दुमा अभिव्यक्त निबन्ध बनेको छ । तीनशब्दको शीर्षक रहेको र मझौला आकार प्राप्त गरको यो निबन्ध पनि प्रतीको अर्थ जीवनसापेक्ष रूपमा केलाउनैमा केन्द्रित छ ।

निबन्धकार ग्वंगःले प्रतीक जीवनअनुरूपका हुन्छन् अर्थात हरेक प्रतीकमा जीवन गाँसिएको हुन्छ । प्रतीकले जीवनका अर्थहरू खोल्छ । केटाकेटीका बालखेलको कल्पनामा जीवनको प्रतीकात्मक अभिव्यक्ति भएको हुन्छ भन्ने मङ्गले नामको बालकको नाम पनि प्रतीकात्मक हुन्छ अनि सात घोडामा सवार सूर्यको कथामा सूर्यकिरणका सात रङ्का प्रतीक भेटिन्छन् । प्रतीक जीवन सटिक हुन्छ भन्ने कुरालाई विभिन्न पक्षबाट हेरिन्छ । प्रतीकमा समाजिकताको विम्ब, मानसिक धरातलको विम्ब र रङ्गकर्मीका रङहरूका विम्बहरू पनि हुन सक्छन् । प्रतीक साहित्यकारका रचनाहरूमा, सङ्गीतकारका सङ्गीतहरूमा, कलाकारका कलाकृतिमा, चित्रकारहरूका चित्रहरूमा पनि पाइन्छन् । प्रतीकका संरचनाकर्ता मानिस नै हुन्छन् । ती प्रतीकहरू कृष्णजीका विश्वरूप, नवदुर्गाको अठारहाते स्वरूप, गणेशको लम्बोदार हात्तीसुँडे अवतार भद्रकालीको नरमुण्डधारी स्वरूप आदिमा विम्बात्मक बनेर प्रस्तुत भएको छ। प्रतीक मानव उपयोगिता र उपभोगका लागि निर्माण हुने हुनाले ती युगसापेक्ष बनेका छन् तर प्रतीक जीवन सटिक हुने हुँदा युगबोध गराउने सामर्थ्य तिनमा पायन्छ । लेखकहरू भाषिक प्रतीक, सङ्गतिकार स्वरका प्रतीक, कुचीकारहरू चित्रको विम्ब निर्माण गर्ने स्रष्टा हुन् । स्वस्थ कल्पनाले मात्र सार्थक प्रतीक सृष्टि गर्न सकिन्छ । प्रतीकमा जति बढी जीवनको सटिक स्वरूप झल्केका हुन्छ त्यति नै त्यो

उपयोगी प्रभावशाली हुन्छ । दसटाउके रावण मान्छेको प्रत्युत्पन्न मतिको साक्ष्त् विम्ब हुन भने दसअवतार मानवविकासका क्रममा अवतारीका प्रतीक हुन् । यिनले जीवनविकासको विश्वव्यापी जीवन सत्यलाई प्रस्तुत गरेका छन् । यसरी संसरमा जीवनका जे जति स्वरूप छन् तिनलाई जीवनसटिक मानिने प्रतीकहरूले स्पष्ट पार्ने गर्दछन् भन्ने विचार यस निबन्धमा व्यक्त भएको छ ।

यो निबन्ध प्रौढ तथा काव्यात्मक शैलीमा अभिव्यक्त हुँदा अर्थबोधमा जटिलता थपिएको छ ।

### ५.३ साहित्यिकता

तेजेश्वरबाबु ग्वंगः को **संस्कृतिका आयाम** निबन्धसङ्गहभित्रका निबन्धहरूभित्र प्रशस्त साहित्यिकपन भेट्न सकिन्छ । संस्कृतिका विभिन्न पाटा र पद्धतिलाई केलाउने क्रममा कतै उनी विवरणात्मक शैली अपनाउन पुगेका छन् भने कतै व्याख्यात्मक र वर्णनात्मक ढाँचामा आफ्ना अभिव्यक्तिहरू दिन पुगेका छन् । उनका प्रायजसो सम्पूर्ण निबन्धहरू वस्तुपरकताकेन्द्री तृतीयपुरुष दृष्टिबिन्दुमा सिर्जित भए पनि कतै-कतै निजात्मकताको पुट पनि भेटिने गर्दछ । उनका निबन्धभित्र प्रयोग भएका विम्ब तथा प्रतीकहरुले विषयवस्तुलाई उत्कर्षतर्फ पुऱ्याई सम्बन्धित क्षेत्रका प्रवृत्तिको पहिचान गराउने काम गरेका छन् । मानक भाषाको आयोजनाबाट आफ्ना दृष्टिकोण प्रस्तुत गर्ने ग्वंगःका निबन्धमा सहज, सरल प्रभावपूर्ण शैलीको अन्विति आफ्ना विचारलाई अघि राख्दा सुस्पष्ट पद्धति अँगाल्ने ग्वंगः का निबन्धभित्र तत्सम, तद्भव तथा आगन्तुक शब्दहरूको सालाखाला प्रयोग भेटिन्छ । उनका निबन्धहरू सङ्क्षिप्त प्रकृतिका देखिन्छन् भने निबन्धभित्र प्रयुक्त उपमामूलक कथन अनि उखान तथा टुक्काहरूले सम्बन्धित शीर्षकलाई पुष्टि गर्न सहयोग गरेका छन् । समग्रमा काव्यात्मक भाषाशैलीको उत्कृष्टतालाई छुँदै निबन्ध लेख्ने ग्वंगः संस्कृतिका विभिन्न आयामलाई पहिल्याउने ओजपूर्ण व्यक्तित्वका रूपमा नेपाली निबन्धक्षेत्रमा परिचित बनेर रहेका छन् ।

## ५.४ निष्कर्षः

निबन्धकार तेजेश्वरबाबु ग्वंगः का निबन्धहरूले संस्कृतिका विभिन्न आयामलाई देखाएका छन् । संस्कार, देवदेवी, पहिरन, चाडपर्व, धार्मिक स्थल, पर्यावरण, कला जात्रा, प्रथाजस्ता अनेकन विषयमाथि अवस्थित संस्कृतिका विभिन्न मूल्यहरूलाई विश्लेषित गर्न उनका निबन्धहरू सफल बनेका देखिन्छन् । स्वर स्वादभित्रका संस्कार, उपासना अनि मानमर्यादाभित्रका संस्कार परम्परागत संस्कारमा अडिएको विश्वासलाई उनका निबन्धहरूले जीवन्त राखेका छन् । तेत्तीस कोटी देवता, दशावतार ब्रह्मा, सरस्वतीजस्ता अनेकन

देवदेवीको उपासनामा अन्तर्निहित संस्कृतिलाई देखाउन पनि निबन्धहरू सफल बनेका छन् । शरीरको आवरण पहिरनमा भेटिने जातीय संस्कृति तथा जातीय विविधतामै अडिएका विभिन्न चाडपर्वहरूको चर्चा गर्दै त्यसबाट अस्तित्वमा रहेको संस्कृतिको विश्लेषण गरिएका निबन्धहरू पनि पाइन्छन् । यसैगरी धर्मसँग तथा कलासँग सम्बन्धित शीर्षकभित्रका विषयवस्तु, समेत संस्कृतिकै संरक्षणमा केन्द्रित छन् । यसैले तेजेश्वरबाबु ग्वंगः एक सफल संस्कृतिवेत्ता निबन्धकारका रूपमा परिचित बन्न पुगेका छन् ।

# परिच्छेद छ

## उपसंहार

निबन्ध श्रव्य काव्यअर्न्ततका विभिन्न विधामध्ये एक हो । सिर्जनात्मक र समालोचनात्मकमध्ये निबन्ध सृजनात्मक रचनाअन्तर्गत पर्दछ । 'निबन्ध' संस्कृत शब्द हो । 'नि' उपसर्गमा 'घञ् प्रत्यय लागेर बनेको निबन्ध को शाब्दिक अर्थ 'राम्ररी बाँध्ने काम' भन्ने हुन्छ । स्रष्टाले आफ्ना अनुभूतिलाई सौन्दर्यात्मक शिल्पमा अनौपचारिक ढङ्गबाट बाँध्ने काम निबन्धमा गरेको हुन्छ । निबन्धलाई अङ्ग्रेजीमा 'एस्से' भनिन्छ । फ्रान्सेली एसाइ (Essai) बाट निर्मित निबन्धको अर्थ प्रयास वा प्रयत्न हो ।

पूर्वीय साहित्यमा निबन्धको विधागत स्वरूप भेटिँदैन । विधागत अस्तित्व नभए पनि विभिन्न गद्यात्मक साहित्यिक ग्रन्थहरूमा निबन्धको संरचना भने भेट्न सकिन्छ । दण्डीको 'दशकुमार चरित्र' वाणभट्टको 'कादम्बरी' का साथै पछिल्लो समयमा देखापरेका विभिन्न अर्थटीका, व्याख्या तथा भाष्यहरूमा यसको असचेत प्रयोग अंश लुकेको भेटिन्छ ।

पाश्चात्य साहित्यमा जब फ्रान्सेली साहित्यकार मोन्तैँनको उदय भयो, त्यसपछि भने निबन्धले आफ्नो विधागत कलेवर स्थापित गऱ्यो । १६ औं शताब्दीको अन्त्यतिर मोन्तैँनद्वारा स्थापित निबन्ध विधाले विस्तारै क्षेत्रगत विस्तार हाँसिल गरेको पाइन्छ । उनले निबन्धलाई आत्माप्रतिपादन र अहम्ताको अभिव्यक्ति मानेका छन् । यसबाट निबन्धमा वैयक्तिकता र भावनात्मकताले स्थान पाउँछ भन्न सकिन्छ । उनको 'मेरो निबन्धको विषय मै हुँ' भन्ने अभिव्यक्तिले निबन्ध आत्मपरक शैलीमा अभिव्यक्त हुन्छ भन्न सकिन्छ ।

बेलायतका निबन्धकार बेकनको साहित्यिक उपस्थितिपछि निबन्ध वस्तुपरक ढङ्गको पनि देखिन थाल्यो । उनले निबन्धलाई 'विकीर्ण चिन्तन' मानेका छन् । उनका निबन्धहरू तथ्यपूर्ण र ठोस अभिव्यक्तिमा केन्द्रित देखिन्छन् जसको प्रस्तुति तृतीयपुरुष दृष्टिकेन्द्री देखिन्छ । तृतीयपुरुषमा अभिव्यक्त रचनामा स्रष्टाकोआत्माको उद्गार प्रस्तुत हुन सक्दैन, विषयवस्तुहरू चिन्तनप्रधान हुन्छन्, भावनाले भन्दा विचारले प्रश्रय पाएका हुन्छन् । यसैले यस्तो प्रस्तुतिमा अभिव्यक्त बेकनका रचनालाई पछिल्लो समयमा निबन्धको पूर्ण परिभाषामा भन्दा प्रबन्धमा राखिएको पाइन्छ । यसरी विकसित निबन्धले विभिन्न देशमा विस्तारित हुने क्रममा नेपाली साहित्यमा १९ औं शताब्दीमा आएर प्रवेश पायो ।

विक्रमको ११ औं शताब्दीमा विभिन्न अभिलेखबाट उत्पत्तिको इतिहास बनाएको नेपाली भाषाले विभिन्न वाङ्मयको विकासँगै १९ औं शताब्दीमा आएर साहित्यिक स्वरूप प्राप्त गऱ्यो । सिर्जनात्मक नेपाली साहित्यमा कविता तथा आख्यान विधापछि निबन्ध भित्रिएको पाइन्छ । वि.सं. १८३१ मा पृथ्वीनारायण शाहले **दिव्योपदेश** रचना गरेपछि यसले आफूलाई नेपाली साहित्यमा स्थापित गरायो । यसमा निजात्मक अनुभवका साथै वैचारिक ज्ञानको सम्मिश्रण भेटिन्छ । यसपछि भानुदत्त, शक्तिबल्लभ अर्याल, सुन्दरान्द बाँडा, भवानीदत्त पाण्डे आदिका रचनाहरूले निबन्धात्मक अभिव्यक्ति दिएका छन् । 'जङ्गबहादुरको बेलाइत यात्रा' निबन्धले नियात्रात्मक सिर्जनाको सूत्रपात गऱ्यो । निबन्धको विकासमा यसको स्थान **dxत्त्वपूर्ण /**हेको छ ।

वि.सं. १९५८ मा **गोरखापत्र** को प्रकाशन भएपछि निबन्ध विधाले माध्यमिक कालको सुरूआत गऱ्यो । **गोरखापत्र** का साथै नेपालबाहिरबाट प्रकाशित हुने **सुन्दरी** (१९६३), **माधवी** (१९६५), **चन्द्र** (१९७१), **जन्मभूमि** (१९७९), **गोर्खासंसार** (१९८३), **नेपाली साहित्य सम्मेलन** (१९८९) जस्ता पत्रपत्रिकाले निबन्धको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । यसक कालमा प्रकाशित हरिहर आ. दी. को 'गोर्खाभाषा दुर्दशा', वीरेन्द्रकेशरी अर्ज्यालको 'बेसरी' राममणि आ.दी. को 'कवितारीति' जस्ता लेखले समालोचनात्मक निबन्धलेखनलाई निरन्तरता दिएका छन् । यस्तै 'अघि मूर्ख पछि बुद्धिमान' (१९५९), 'निद्रा' (१९६३), 'दूधको गुणअवगुण' (१९६७), 'सुखदुःख' (१९६९), 'शिशु र शिक्षा' आदि निबन्धले यस कालको विस्तारमा अहम् भूमिका निर्वाह गरको छन् । यस कालमा सूर्यविक्रम ज्ञवाली, पद्मनाभ सापकोटा जस्ता लेखक पनि महत्त्वपूर्ण देखिएका छन् । यतिखेरका निबन्धहरू चरित्रसुधार र नैतिकताका अभिव्यक्तिमा केन्द्रित देखिन्छन् । यस कालसम्मका सिर्जनात्मक निबन्धको स्वरूपगत सचेतता भेटिदैन । यसैले निबन्धको विधागत पूर्ण संरचनाको प्रयोगसहितको निबन्ध भने आधुनिक कालमा आएरमात्र रचिएको/प्रकाशित भएको पाइन्छ ।

वि.सं. १९९३ सालको **शारदा** पत्रिकामा लक्ष्मीप्रसाद देवकोटाको 'आषाढको पन्ध्र' प्रकाशति भएपछि नेपाली निबन्धमा आधुनिक कालको सुरूआत भयो । यसले कला र सौन्दर्यको नवीन मूल्यलाई स्वच्छन्दतावादी ढङ्गबाट प्रस्तुत गरेको छ । चिन्तनभन्दा भावना, बहुआत्मक प्रभावभन्दा अन्तर्मुखी स्वभाव यस निबन्धमा पाइन्छ । आधुनिक कालका प्रथम चरणमा देवकोटाका अतिरिक्त बोधविक्रम अधिकारी, प्रेमराज शर्मा, रूपनारायण सिंह, पारसमणि प्रधान, बदरीनाथ भट्टराई, भीमनिधि तिवारी, यदुनाथ खनाल, रामकृष्ण शर्मा आदि

सक्रिय रहेका    देखिन्छन् । यसैगरी बाबुराम आचार्य, महेशचन्द्र रेग्मी, रूद्रराज पाण्डे, अच्छा राई 'रसिक', बालकृष्ण सम, हृदयचन्द्र सिंह प्रधानको सक्रियता पनि उल्लेखनीय छ । यस चरणमा **शारदा** जस्तै **उद्योग, नेबुला, परिवर्तन, खोजी** जस्ता पत्रिकाले महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् ।

आधुनिक नेपाली निबन्धको दोस्रो चरण २००४ सालबाट **युगवाणी** पत्रिकाको प्रकाशनसँगै हुन्छ । यस पत्रिकामा देवकोटाको 'समाजवादको धुनमा' नारायण प्रसाद भट्टराईको 'हावापाजी', अच्छा राई 'रसिक' को 'नारी समस्याको हल', रूद्रराज पाण्डेको 'गुन्द्रकको पुकार' जस्ता निबन्धहरू प्रकाशित भएका देखिन्छन् । यी निबन्धमा राजतीतिक अवस्थाबाट जन्मिएको विकृति र विसङ्गतिको शल्यक्रिया गरिएको छ । यस्तै हृदयचनद्रसिंह प्रधानद्वारा सम्पादित **साहित्यस्रोत** पत्रिकामा निजात्मक अनुभूतिले प्रश्रय पाएका निबन्धहरू प्रकाशित भएका छन् । यस चरणमा जनसाहित्य (२०११), **दियालो** (२०१३), **नौलो पाइलो** (२०१३) जस्ता पत्रिकाले पनि सहयोग गरेका छन् । हृदयचन्द्रसि.ह प्रधानको 'तीस रूपैयाँको नोट' (२००४), 'जुँघा' (२००९), 'कुरा साँचो हो' (२०११), बदरीनाथ भट्टराईको 'पच्चीस प्रबन्ध', भीमनिधि तिवारकिो 'पन्ध्र प्रबन्ध' (२००८), अच्छा राई रसिकको 'सप्तकोशी' ( २०११), श्यामप्रसाद शर्माको 'तँ, तिमी, तपाइँ, हजुर' (२०१४), केशवराज पिंडालीको 'खै खै' (२०१६) आदि निबन्धात्मक कृतिले यस चरणलाई गतिशीलता प्रदान गरेका छन् । यस चरणमै देखापरेका रामचन्द्र शर्मा, कमलमणि दीक्षित, ताना शर्मा, ईश्वर बल्लभ, वासुदेव शर्माको सक्रियता पनि उल्लेखनीय छ ।

वि.सं. २०२७ सालमा **रुपरेखा** पत्रिकाको प्रकाशनपछि आधुनिक निबन्धको तेस्रो चरण सुरू हुन्छ । यसका साथै देशभित्र र बाहिर पत्रपत्रिका, समाचारमूलक टिप्पणी तथा विभिन्न साहित्यिक सङ्घ संस्थाले यस चरणलाई अगाडि बढाउन सहयोग पुऱ्याएका छन् । यस चरणका शङ्कर लामिछाने प्रयोगशील निबन्धका श्रेष्ठ प्रतिभा मानिन्छन् । उनका **एब्स्ट्रयाक्ट चिन्तन प्याज** (२०२४), **गोधुली संसार** २०२६, **विम्ब प्रतिविम्ब** (२०२८) जस्ता निबन्धसङ्ग्रहका निबन्धले लयात्मक, चित्रात्मक तथा बौद्धिक अभिव्यक्ति दिएका छन् । यस चरणबाट हास्यव्यङ्ग्य निबन्धले पनि ठूलो खुड्किलो पार गरिसकेको पाइन्छ । भैरव अर्याल, श्रीधर खानाल, बालमुकुन्ददेव पाण्डे, रामकुमारमा पाँडेजस्ता निबन्धकार यस क्षेत्रका उल्लेखनीय नाम हुन् । नियात्रात्मक निबन्ध फाँटमा लैनसिंह बाङ्देल, ताना शर्मा, जनकलाल शर्मा तथा संस्मरणात्मक निबन्धमा विश्वेश्वरप्रसाद, पारिजात, श्यामप्रसाद शर्मा

उल्लेखनीय छन् । यस चरणलाई अझै बढी गति दिन रमेश विकल, गोविन्द भट्ट, मदनमणि दीक्षित, बालकृष्ण पोखरले, बल्लभमणि दाहाल, धनु च. गोतामे, कमल दीक्षित, कृष्णप्रसाद पराजुली, बासुदेव त्रिपाठी, मोहनराज शर्मा , रामलाल अधिकारी, कृष्णचन्द्रसिंह प्रधान आदि निबन्धकारको योगदानसमेत उल्लेखनीय छ ।

वि.सं. २०३६ पछिको चौथो चरणले नेपाली निबन्धले समसामायिकता ग्रहण गऱ्यो । यस चरणमा **मधुपर्क, नेपाली, रचना, प्रज्ञा, गरिमा** आदि पत्रिकाले महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । २०३६ को राजनीतिक परिवर्तनले नेपाली निबन्धलाई प्रभाव पारेको देखिन्छ । फलस्वरूप निबन्धमा बहुआयामिक चिन्तनको प्रवेश भएको पाइन्छ । २०४६ सालमा बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछि अराजकतामूलक स्वच्छन्दतावादको विकास हुँदै गएको छ । समाजमा व्याप्त अनेकानेक विकृति-विसङ्गतिमा केन्द्रित हुँदै गएको छ । समाजमा व्याप्त अनेकानेक विकृति-विसङ्गतिमा केन्द्रित निबन्धहरू यस समयमा बढी मात्रामा रचिएका छन् । रमेश विकल, गोविन्द भट्ट, निर्मोही व्यास, राममणि रिसाल, मोहनराज शर्मा, घनश्याम कँडेल, राजेन्द्र सुवेदी, सुधा त्रिपाठी, नरेन्द्रराज प्रसाइँ, युवराज नयाँघरे, कृष्ण धराबासी, सत्यमोहन जोशी, तेजेश्वरबाबु ग्वंग: यस चरणका उल्लेखनीय निबन्धकार हुन् । यस चरणमा आइपुग्दा सांस्कृतिक विविधातामा आबद्ध निबन्धहरू रचना गरिएका छन् । सांस्कृतिक मूल्य मान्यताको संरक्षण तथा सम्बर्द्धन गर्नुपर्छ भन्ने मुख्य उद्देश्यका साथ सांस्कृतिक निबन्ध रचना गर्ने निबन्धकारमा तेजेश्वरबाबु ग्वंग: महत्त्वपूर्ण देखिन्छन् ।

वि.सं. १९९२ मा भक्तपुरको बज्रखाल खौमा टोलमा जन्मिएका तेजेश्वरबाबु ग्वंग: नेपाली निबन्धको पहिलो चरणका सशक्त प्रतिभा हुन । एम्.ए. तहसम्मको औपचारिक शिक्षा आर्जन गरेका ग्वंग: अद्यापि शिक्षण पेशामा आबद्ध भई घरव्यवहार चलाईरहेका छन् । देवकोटाको प्रेरणा पाई २०१० बाटै निबन्धलेखनको आरम्भ गर्ने ग्वंग: विभिन्न सङ्घसंस्थामा आबद्ध रहँदै आएका छन् । शिक्षक-प्रशिक्षक, समाजसेवी, संस्कृतिविद्, साहित्यकारजस्ता व्यक्तित्वका धनी ग्वंग:ले सम्बन्धित क्षेत्रमा पुऱ्याएको योगदानस्वरूप विभिन्न मानसम्मानसमेत प्राप्त गरेका छन् ।

वि.सं. २०३६ पछिको नेपाली निबन्धको समसामयिक चरणमा सांस्कृतिक विश्लेषकका रूपमा ग्वंग:ले आफूलाई सशक्तताका साथ उभ्याएका छन् । उनले आफ्ना निबन्धमा संस्कार, देवदेवी, कला, धार्मिक स्थल, पर्यावरण, पहिरन, चाडपर्व, जात्रा, प्रथा

तथा अन्य संस्कृतिका विविध पक्षको रहस्यलाई विश्लेषण गर्ने प्रयत्न गरेका छन् । संस्कार विषयक निबन्धहरूले विभिन्न संस्कारबाट विकसित मानवीय विशेषतालाई पहिल्याएका छन् । देवदेवी विषयक निबन्धले आस्थाका प्रतीक देवदेवीले हृदयलाई शुद्ध राखी नैतिक जीवन यापन गर्न प्रोत्साहित गर्छन भन्ने विचार अभिव्यक्त गरेका छन् । कलाविषयक निबन्धहरू परम्परादेखि अहिलेको बैज्ञानिक युगसम्मका विभिन्न कलाका स्वरूपलाई खोतल्न सफल बनेका छन् । जात्रा तथा प्रथाविषयक निबन्धहरूले जात्रा तथा प्रथाभित्रका रहस्यलाई विश्लेषण गर्दै त्यसले संस्कृतिमा पु¥याएको प्रत्यक्ष प्रभावलाई उठाएका छन् । पहिरनसम्बन्धी निबन्धरूले जात्रा तथा प्रथाभित्रका रहस्यलाई विश्लेषण गर्दै त्यसले संस्कृतिमा पु¥याएको प्रत्यक्ष प्रभावलाई उठाएका छन् । पहिरनसम्बन्धी निबन्धहरूले विभिन्न जातजातिसँग सम्बन्धित तथा क्षेत्रीय भौगोलिकतासँग आबद्ध पहिरनभित्रको संस्कृतिकको उपादेयता देखाएका छन् । धार्मिक स्थल र पर्यावरणविषयक निबन्धहरूले आध्यात्मिक आस्था र वातावरण सन्तुलनको सजगतालाई उठाएका छन् । चाडपर्व विषयक निबन्धले विभिन्न जाति र धर्मसँग सम्बन्धित चाडपर्वले संस्कृतिको सम्बर्द्धनमा पु¥याएको योगदानलाई देखाएका छन् । यसैगरी अन्य विभिन्न निबन्धहरूले समेत संस्कृतिका विभिन्न पाटाहरूलाई पहिल्याएका छन् । यसरी संस्कृतिभित्रका विविध पक्षमा केन्द्रित रहेर त्यसका सफलता र प्रभावलाई खुट्याउनुमै उनी बढी केन्द्रित भएकाले ग्वंगःलाई आधुनिक नेपाली निबन्धले एक कुशल संस्कृतिवेत्ताका रूपमा चिनाएको छ ।

# परिशिष्ट

**तेजेश्वरबाबु गवंगःका नेपाली निबन्धहरुको कालक्रमिक विवरणः**

नेपाली निबन्धहरूको एउटा सङ्ग्रह “संस्कृतिका आयाम” २०५२ भित्रका र अन्य फुटकर निबन्धहरूको कालक्रमिक विवरण निम्नानुसार छन्:

| क्र.सं. | निबन्ध | प्रकाशनवर्ष | पत्रिका |
|---|---|---|---|
| 1 | प्रेम | 2010 | परोपकार |
| 2 | हाम्रो प्राचनिकलामा जीवनको अभिव्यक्ति | 2017 | शारदा |
| 3 | दौरा-सुरूवाल | 2019 | हिमानी |
| 4 | राष्ट्रिय सांस्कृतिक परम्पराको खाँचो | 2025 | हाम्रो संस्कृति |
| 5 | हिन्दू आदर्शभित्र वैवाहिक रिवाज | 2028 | शिलान्यास |
| 6 | लक्ष्मी सन्तप्न बर्द्धनम् | 2028 | रूपरेखा |
| 7 | लयम्वस उल-स्वेटर | 2031 | रूपरेखा |
| 8 | आवधिक र वार्षिक योजना | 2042 | गोरखापत्र |
| 9 | धार्मिक सामञ्जस्यको प्रतीकः मुक्तिक्षेत्र | 2043 | मधुपर्क |
| 10 | प्रथा बेल-विवाह | 2044 | गरिमा |
| 11 | विकेन्द्रीकरण जिल्ला विकास प्रक्रिया | 2044 | गोरखापत्र |
| 12 | आँखाका ढोकाहरू | 2044 | कलाकृति |
| 13 | सन्दर्भ ढोगभेटको | 2044 | गरिमा |
| 14 | बाबु म सिन्दुरयात्राको तयारीमा छु | 2045 | गरिमा |
| 15 | कौमार्य, सैर्य र बीयृ सञ्चय संस्कार | 2045 | मधुपर्क |
| 16 | रासलीला | 2045 | रचना |
| 17 | भुजंगशयनम् | 2045 | कलाकृति |
| 18 | पर्यावरणको पृष्ठभूमिमा चाडपर्क गठेमङ्गल | 2045 | मधुपर्क |
| 19 | नौ अङ्कभित्रको नवरस | 2046 | मधुपर्क |
| 20 | जटामा अल्फ्रेको वर्षा | 2046 | गरिमा |
| 21 | प्रजातन्त्रमा चाप समूह | 2047 | गोरखापत्र |
| 22 | अमूर्तताभित्रका मूर्तिहरू | 2047 | अभिव्यक्ति |

| | | | |
|---|---|---|---|
| 23 | समय संस्कार | 2048 | सौदामिनी |
| 24 | हिलाको गर्भमा अस्तित्व बोध | 2048 | गरिमा |
| 25 | ब्रह्मरूपा सरस्वती | 2048 | रेडियो नेपाल |
| 26 | मानसिकताभित्रको म कि र्यावरण | 2048 | समकालीन साहित्य |
| 27 | प्रतीकः जीवन सटीक | 2049 | समकालीन साहित्य |
| 28 | सगुनको सुभाषमा म्हपूजा | 2049 | गोरखापत्र |
| 29 | स्वर-संस्कार | 2050 | मधुपर्क |
| 30 | पापी होइन पापसित डर | 2050 | मिर्मिरे |
| 31 | जयन्ती मङ्गलकारी संस्कार | 2050 | गोरखापत्र |
| 32 | प्रकृतिपूजा र पर्यावरणपालन | 2050 | समकालीन साहित्य |
| 33 | राजनीतिक संस्कारको संरचना | 2050 | कान्तिपुर |
| 34 | प्रजातन्त्रमा संसकारको संरचना | 2050 | कान्तिपुर |
| 35 | नवरथा-नवरस-नवदुर्गा | 2050 | मधुपर्क |
| 36 | प्रजातन्त्रको लागि विवेचनामुखी संसकार | 2050 | गोरखापत्र |
| 37 | पर्यटकहरू किन विकर्षित भए ? | 2050 | कान्तिपुर |
| 38 | प्रवर्तनविनाको परिवर्तन | 2051 | कान्तिपुर |
| 39 | नारी स्वतन्त्रता र शुद्धीकरण संस्कारः तीज | 2051 | कान्तिपुर |
| 40 | वासनाका बिम्बयात्रा-विस्केट | 2051 | कान्तिपुर |
| 41 | गाइजात्राभित्रको रहस्य | 2051 | कान्तिपुर |
| 42 | शिरपोस माहात्म्य/शिरपोस | 2051 | गोरखापत्र |
| 43 | नृतत्वको भोक | 2051 | कान्तिपुर |
| 44 | नदी प्रदूषणः ह्रासोन्मुख जीवन | 2051 | गोरखापत्र |
| 45 | कर्मचारीः के सिद्धान्तविहीन सिद्धान्तका परिपालकहरू हुन ? | 2051 | प्रशासन |
| 46 | सङ्गति, विसङ्गति केही अनौपचारिक शिक्षा | 2051 | शिक्षण सिकाइ |
| 47 | ग्रामीण विकासको ऐतिहासिक पृष्ठभूमि | 2051 | कान्तिपुर |
| 48 | अनौपचारिक शिक्षा पद्धति | 2051 | शिक्षण सिकाइ |

| | | | |
|---|---|---|---|
| 49 | निषेधित क्षेत्र निशेधित पदार्थ | 2052 | गोरखापत्र |
| 50 | आउ बुद्ध-ब्रह्म आउ | 2052 | कान्तिपुर |
| 51 | निर्माण संस्कृतिभित्रको चोकशैली | 2052 | नेपाली |
| 52 | शहीदहरूको सपनाको सपना | 2052 | कान्तिपुर |
| 53 | नृसिंह अवतार | 2052 | रचना |
| 54 | हालिमाली पूर्णिमा | 2052 | गरिमा |
| 55 | स्वाद संस्कार ख | 2052 | संस्कृतिका आयाम |
| 56 | धनधान्यपूर्ण योमरी पूर्णे | 2052 | संस्कृतिका आयाम |
| 57 | प्रतीकात्मकताभित्र लक्ष्मीका दुई बहान | 2052 | संस्कृतिका आयाम |
| 58 | उपासनाका त्रिमार्ग | 2052 | संस्कृतिका आयाम |
| 59 | जाग्रम शिवरात्री | 2052 | संस्कृतिका आयाम |
| 60 | चङ्गा महोत्सव | 2053 | कान्तिपुर |
| 61 | मैत्री चङ्गा उडान प्रतियोगिता | 2053 | गोरखापत्र |
| 62 | समय केही लक्ष्मीप्रसाद देवकोटासितका | 2053 | कान्तिपुर |
| 63 | नेपाल संवत् र नेपाल | 2053 | आजको समचारपत्र |
| 64 | विकेन्द्रीकरण अभियानका चुनौतिहरू | 2053 | गोरखापत्र |
| 65 | बालकृष्ण समसितका क्षणहरू | 2053 | हिमालय टाइम्स |
| 66 | सहभागी शिक्षण विधि | 2053 | स्मारिका |
| 67 | रङ्ग रसको बासन्तीचाडः होली | 2053 | हिमालय टाइम्स |
| 68 | युगकवि सिद्धिचरणभित्रका युगीन आत्मचेतना | 2053 | गोरखापत्र |
| 69 | साहित्यिक प्रकृतियात्राः सिद्धिचरणप्रतिकै निष्ठा | 2054 | आजको समचारपत्र |
| 70 | सिद्धिचरण र सिद्धिचरणहरू | 2054 | हिमालय टाइम्स |
| 71 | गाईात्राको रहस्य | 2054 | कान्तिपुर |
| 72 | म्हपूजाको महत्व | 2054 | आजको समचारपत्र |
| 73 | सांस्कृतिक सचेतताको शिलान्यास | 2054 | गरिमा |
| 74 | एक उत्तेजना अनन्त वासनायात्रा | 2054 | आजको समचारपत्र |

| | | | |
|---|---|---|---|
| 75 | कुमार षष्ठी सिठी नखः | 2051 | कान्तिपुर |
| 76 | सम्मान सत्यमोहन तिम्रै यो | 2054 | गोरखापत्र |
| 77 | चिन्तनः रेयुकाइमाथि | 2054 | समुन्नत |
| 78 | प्रजातन्त्र र पारदर्शिता | 2054 | स्मारिका |
| 79 | मन्दिर पीठ परिक्रमा संस्कार | 2055 | ढुकढुकी |
| 80 | गमङ्गल संस्कार | 2055 | कान्तिपुर |
| 81 | महात्मा गान्धीको सम्झनामा | 2055 | आजको समचारपत्र |
| 82 | तिमी जनतालाई बचाउ, जनताआफै देश बनाउने छन् | 2055 | आजको समचारपत्र |
| 83 | विश्वव्याथामा सिद्धिचरण | 2055 | कान्तिपुर |
| 84 | आफूभित्र बाहिरका भानुभक्तः ग | 2055 | गोरखापत्र |
| 85 | सिद्धिचरणहरूमा पुगेर सिद्धिचरण | 2056 | कान्तिपुर |
| 86 | तस्बिरभित्रको तस्बिर | 2056 | गरिमा |
| 87 | सांस्कृतिक सेरोफेरोमा सिङ्गो सुपारी | 2056 | खोपृङ |
| 88 | नेपाली भाषासाहित्यमा कवि व्यथित | 2056 | - |
| 89 | पहिरन संस्कारमा धोती | 2057 | मधुपर्क |
| 90 | रङरसको होली झोलाभरी बेलुन पानी | 2057 | स्पेस टाइम दैनिक |
| 91 | आफ्नै अंश आफ्नै वंशका लागि | 2057 | खोपृङ |
| 92 | पर्यटनः व्यवसाय प्रवर्द्धनमा व्यवसायिक पहुँच | 2058 | उद्योग वाणिज्य समाचार |
| 93 | सेरोफेरो संस्कृतिको | 2058 | जानकारी |
| 94 | संस्कार जुन मुख हेर्ने प्रथाभित्र टल्कन्छ | 2058 | सांस्कृतिक समाज नेपाल |
| 95 | सारंशै सारांशहरू | 2058 | सारांश |
| 96 | माला ताक्ने बोकालाई नछोडिने | 2058 | नेपाल समाचारपत्र |
| 97 | आतङ्कै आतङ्कमात्र | 2058 | गोरखापत्र |
| 98 | प्राणीमात्रका मह | 2058 | अक्रस |
| 99 | सौन्दर्य संवेदनाको सङ्गम-राराकी अप्सरा | 2058 | मिर्मिरे |
| 100 | योमरी चाड | 2061 | सन्देश |

| | | | |
|---|---|---|---|
| 101 | सूर्यको सातघोडे बगीि | 2061 | स्मारिका |
| 102 | जस्तो गजेन्द्रबहादुर शिक्षक उस्तै वैद्य पनि | 2061 | स्मारिका |
| 103 | भकुण्डेभूत | 2062 | मधुपर्क |
| 104 | भक्तपुरको संस्कृतिक सम्पदामा विम्ब | 2062 | गरिमा |
| 105 | हुन पनि होइनन पनि तेजेश्वर तेजेश्वर अनि | 2062 | मधुपर्क |
| 106 | राष्ट्रिय शिक्षा के का लागि | 2062 | स्मारिका |
| 107 | शिक्षण सिकाइमा खेल | 2063 | स्मारिका |
| 108 | रङगविनोदहरू | 2064 | जनमत |
| 109 | रङ्गअवतार | 2064 | रोलम्बा |

# सन्दर्भग्रन्थसूचि


अर्याल, भैरव (सम्पा.), **साझा निबन्ध,** सातौं संस्करण, ललितपुरः साझा प्रकाशन, २०४९ ।

उपाध्याय, केशवप्रसाद, **साहित्यप्रकाश,** पाँचौं सं., ललितपुरः साझा प्रकाशन २०४९ ।

गौतम देवीप्रसाद र खगेन्द्रप्रसाद लुइटेल, **नेपाली निबन्ध,** काठमाडौँः नवीन प्रकाशन, २०५४ ।

ग्वंगः, तेजेश्वरबाबु, **संस्कृतिका आयाम,** डा. विजया श्रेष्ठ, २०५२ ।

थापा, मोहनहिमांशु, **साहित्य परिचय,** दो.सं., ललितपुरः साझा प्रकाशन, २०४२ ।

दाहाल, पेशल, **नेपालको इतिहासि र संस्कृति,** दो.सं., काठमाडौँः एम्. के पब्लिसर्स एन्ड डिस्ट्रिव्यूटर्स, २०४८ ।

प्रधान, कृष्णचन्द्रसिंह र अन्य (सम्पा.), **नेवारी, नेपाली, अङ्ग्रेजी शब्दकोष,** काठमाडौँः नेपाल प्रज्ञा प्रतिष्ठान, २०५४ ।

प्रभात, विष्णु, **एघारौं अवतार,** काठमाडौँः सिस्नुपानी नेपाल, २०५८ ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा.), **नेपाली बृहत् शब्दकोष,** काठमाडौँः नेपाल प्रज्ञा प्रतिष्ठान, २०४० ।

पौड्याल, कृष्णविलास, **नेपाली हास्यव्यङ्ग्य र आख्यानकार विश्वेश्वरप्रसाद कोइराला,** काठमाडौँः नवीन प्रकाशन, २०५४ ।

भट्टराई, घटराज, **नेपाली लेखक कोश,** काठमाडौँः लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान, २०५६ ।

भट्टराई, जयदेव, **साहित्यकार परिचय र अभिव्यक्ति,** काठमाडौँः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५४ ।

शर्मा, गोपीकृष्ण, **नेपाली निबन्ध परिचय,** एघारौं सं., काठमाडौँः रत्न पुस्तक भण्डार, २०५७ ।

शर्मा, तारानाथ, **नेपाली साहित्यको इतिहास,** काठमाडौँः अक्षर प्रकाशन, २०२७ ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** छैटौं सं., ललितपुरः साझा प्रकाशन, २०५९ ।

सुवेदी, राजेन्द्र, **स्रष्टा-सृष्टिः द्रष्टा-दृष्टि,** ललितपुरः साझाप्रकाशन २०४३ ।

-------,**स्नातकोत्तर नेपाली निबन्ध**, ते.सं., काठमाडौँः पाठ्य सामग्री पसल, २०५६ ।

-------, **सिर्जनात्मक लेखनः सिद्धान्त र विश्लेषण,** काठमाडौँः पाठ्यसामग्री पसल, २०५८ ।